राजनीतिमा उमेर होइन विचारले नेतृत्व गर्ने

यतिखेर नेकाको नेतृत्वमा शेरबहादुर देउवा र गगन थापाको छुट्टाछुट्टै दाबी बाहिरिएको छ । यसबारे सर्वोच्च अदालतमा मुद्दा विचाराधीन पनि छ । गत वर्ष भदौ २३ र २४ गतेको उपद्रव र विध्वंसमा देउवा पिटाइमा परेको चार महिनापछि पुस मसान्ततिर भएको नेकाको विशेष महाधिवेशनमा थापा सभापति निर्वाचित भए । लामो समय सिङ्गापुर र हङकङ बसेका देउवा गत महिना नेपाल फर्किए । थापा यही असोज २४ गते नेकाको पन्ध्रौं महाधिवेशनमा ६ हजार ५८४ (९३.६३ प्रतिशत) मतसहित सभापति भए । अर्कोतिर देउवाले पनि जिल्ला-जिल्लामा आफ्ना समर्थक काङ्ग्रेसको भेला गराउँदै छन् । देउवाले पाँच पटक प्रधानमन्त्री चलाए भने थापा स्वास्थ्य मन्त्रीसम्म भए । देउवाले महाकाली सन्धिलगायत एमसीसीजस्ता देशघाती सन्धि-सम्झौता गरेका थिए भने थापाले बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपकुलपति नियुक्तिलगायतमा करोडौं कमिसनको चलखेल गराएको सार्वजनिक भएको थियो ।

स्थापनाकालदेखि नै नेकालाई संरा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको सहयोग भएको विषयमा देउवा र थापा चुइँक्क बोल्दैनन् किन ? त्यसो त २०१५ सालको चुनावमा संरा अमेरिकी गुप्तचर संस्थाले नेकासँगै तत्कालीन राजा महेन्द्रलाई पनि आर्थिक सहयोग गरेको सार्वजनिक भएको थियो । बहुदल पुन:स्थापनाको ३५ वर्षयता पालैपालो सरकारमा गएका नेका, एमाले, तत्कालीन माओवादीको असक्षमताको कारण गत वर्ष भदौ २३ र २४ गते संरा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादबाट प्रशिक्षितहरूले देशभरिझैं आगजनी गरी विध्वंस मच्चाएर सरकार हात पारेको बारे देउवा र थापाको मौनता तोडिएन किन ? के नेपालमा साम्राज्यवादी र विस्तारवादीहरूले थाकेको पुरानो घोडाको ठाउँमा नयाँ घोडालाई सरकारमा पुऱ्याएका हुन् ? के नेकाभित्र उमेरले ज्येष्ठहरूको ठाउँमा कम उमेरका थापालाई ल्याइएको हो ? यसो नभए देउवा र थापाको आर्थिक र विदेश मामिलामा के कति भिन्नता छ, दुवैले किन स्पष्ट गरेनन् ?

बाँकी पृष्ठ १२ मा

साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क ३८ ✪ २७ असोज २०८३, मङ्गलबार ✪ 13 Oct. 2026, Tuesday ✪ मूल्य रू. १०।-

नेमकिपा जनताको भरमा अघि बढ्ने पार्टी

दैलेख । नेपाल मजदुर किसान पार्टी दैलेख जिल्ला समितिको आयोजनामा असोज २० गते जम्मुकाँधमा देशको समसामयिक राजनीति विषयक कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टी जनताको भरमा अगाडि बढ्ने पार्टी हो, यसले प्रतिक्रियावादीहरूको सहयोगमा पार्टी विस्तार हुनेमा विश्वास गर्दैन भन्नुभयो ।

उहाँले पुरानै नीतिमा हिँड्नेहरू सरकारमा पुगेर नयाँ दाबी गर्दैमा हुने केही होइन भन्नुभयो ।

सचिव सुवालले पुँजीवादी सरकार मातहत हुने निर्वाचन स्वच्छ र निष्पक्ष नहुनेतर्फ नेपाली जनता सचेत हुनु जरुरी छ भन्नुभयो ।

"आजसम्मका सरकारहरूले देशको सन्तुलित विकास गर्ने नीति र बजेट बनाएको छैन । यसकारण पनि सङ्घ र प्रदेश राजधानीमा बसाइँसराइ बढ्यो र फोहरमैला र सडकजामलगायत समस्या भयो ।", उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले कामदार जनताको सेवा गर्न जात र क्षेत्रको आधारमा नभई विचार र वर्गको आधारमा सङ्गठनलाई थप मजबुत बनाउनु आवश्यक छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य केशेन्द्रप्रकाश कार्कीले ३५ वर्षसम्म शासक दलहरूले व्यक्तिगत स्वार्थको लागि राज्यस्रोतबाट फाइदा लुटिरहेको हुँदा देश दुर्गतिमा पुगेको बताउनुभयो ।

नेमकिपाका पूर्वकेन्द्रीय सदस्य उदयजङ शाहीले पार्टीको विचारप्रतिको आस्था भनेको दुबोजस्तो हुने चर्चा गर्दै दुबोमाथि ढुङ्गा राखे पनि दुबो मर्दैन बरु चारैतिर दुबो झन् बाक्लो फैलिन्छ भन्नुभयो ।

नेमकिपा कर्णाली प्रदेश समिति सदस्य नीरकबहादुर शाहीले आफ्नै देशमा रोजगारी नपाएका कारण भारतको हिमाञ्चलका गल्ली गल्लीमा नेपालीहरू जोखिमपूर्ण काम गर्न बाध्य रहेको बताउनुभयो ।

नेमकिपा कर्णाली प्रदेश समिति सदस्य लक्ष्मी बिकले कामदारवर्गको न्यायोचित लडाइँमा पार्टी कार्यकर्ताहरू झन् बढी सक्रिय हुनु जरुरी छ भन्नुभयो ।

नेमकिपा दैलेखका जिल्ला अध्यक्ष खगेन्द्रबहादुर शाहीको सभापतित्वमा सम्पन्न प्रशिक्षण कार्यक्रममा उपस्थित कार्यकर्ताहरूले आ-आफ्ना धारणा र जिज्ञासा राख्नुभएको थियो ।

दैलेखको बिन्द्रासैनीमा कार्यकर्ता प्रशिक्षण : विधान र अनुशासनमा जोड

त्यस्तै नेमकिपा दैलेख जिल्ला समितिको आयोजनामा असोज २१ गते बिन्द्रासैनीमा देशको समसामयिक राजनीति विषयक कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले भन्नुभयो, "राजनीति सबै नीतिको मुख्य नीति भएकोले देश र जनताको नि:स्वार्थ सेवा हुने राजनीतिमा शिक्षक, कर्मचारी, प्राध्यापक, विद्यार्थी सबै लाग्नु जरुरी हुन्छ ।"

नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरू पार्टीको विधान र अनुशासनलाई पालना गर्ने अडानमा दृढ भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेमकिपा कर्णालीका संयोजक सरोजराज गोसाईंले आँधीहुरीबिच सतिसाल उभिएझैं प्रतिक्रियावादी शासकहरूको चर्को दमनको प्रतिरोध गर्दै नेमकिपाले सङ्घर्ष गरिरहेको छ भन्नुभयो ।

नेमकिपाको गौरवशाली इतिहास कायम राख्न नयाँ पुस्ता तयार पार्नुपर्नेमा जोड दिँदै संयोजक गोसाईंले छिपछिपे ज्ञानबाट सही बाटो पहिल्याउन सक्दैन भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले नवउदारवादी नीतिले

बाँकी पृष्ठ १२ मा

चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झैं-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नेपालभाषा साहित्य त:मुंज्याको प्रचारार्थ बाँसुरीबाजा तथा नृत्य प्रदर्शनी



भक्तपुर । ४६ औं नेपालभाषा साहित्य त:मुंज्याको प्रचारार्थ आइतबार बाँसुरीबाजा तथा नृत्य प्रदर्शनी भक्तपुर दरबार क्षेत्रमा सम्पन्न भयो । भक्तपुर नगरपालिकाका प्रमुख एवं नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न उक्त प्रदर्शनीमा एक सय पचास जना बाँसुरीवादक र एक सय तीस जना नृत्याङ्गनाले सहभागिता जनाएका थिए ।

उक्त अवसरमा प्रमुख अतिथि प्रजापतिले त:मुंज्या आफैं भक्तपुरको अभिन्न संस्कृति बनिसकेको उल्लेख गर्दै यस बृहत् बाँसुरीबाजा तथा नृत्य प्रदर्शनीले यसको महत्त्व अझ बढाएको बताउनुभयो ।

आजको भव्यताले त:मुंज्या वास्तवमै जनताको मनमुटुमा बसेको स्पष्ट भएको उल्लेख गर्दै उहाँले त:मुंज्या साहित्यिक दबुमात्र नभई राजनीतिक दबु पनि भएकाले यसले कामदार जनताको पक्षमा साहित्य र सांस्कृतिक क्रियाकलापलाई प्राथमिकता दिँदै आएको बताउनुभयो ।

नेपालभाषा साहित्य त:मुंज्याका अध्यक्ष आशाकुमार चिकंबज्रारले बाँसुरीबाजामा प्रस्तुत गीतको मर्मबारे बताउनुभएको थियो ।

कार्यक्रमको सभापतित्व गर्नुभएका आयोजक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले नेपालभाषा साहित्य त:मुंज्या आजभन्दा ४६ वर्षअघि स्थापना भएको इतिहास उल्लेख गर्दै यो जनताको साहित्यिक तथा सांस्कृतिक दबु भएको बताउनुभयो । यस वर्ष बाँसुरीबाजा तथा नृत्य प्रदर्शनीलाई थप आयामका रूपमा प्रस्तुत गरेर वाद्यवादक तथा नृत्यकर्मीहरूको उत्साह बढाउने काम भएको उहाँले बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा

नमुनालायक नगर बनाउन सबै सचेत र सक्रिय हुनुपर्ने

भक्तपुर । वागीश्वरी मावि, वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेज्मेन्ट च्याम्हासिंहको संयुक्त आयोजनामा विद्यालयको सभाकक्षमा बडा दसैं २०८३ को शुभकामना आदानप्रदान कार्यक्रम सोमाबार सम्पन्न भयो । वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भनपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले भक्तपुर नगरलाई हरदृष्टिले नमुनालायक बनाउन सबै उत्तिकै सचेत र सक्रिय हुन आवश्यक भएकोमा जोड दिनुभयो ।

हालै नेपाल सरकारका चार जना वरिष्ठ अधिकृतहरू दिनभर भक्तपुरका विभिन्न शैक्षिक संस्थाहरू अध्ययन अवलोकन गरेर गएको चर्चा गर्दै उहाँले फर्केर जाने बेला आफूहरूले भक्तपुरबाट धेरै सिकेको प्रतिक्रिया दिएको

बाँकी पृष्ठ १२ मा

जनता म्वा:सा, भाषा म्वाइ

थ्वहे वइगु ने.सं. ११४६ कौलाथ्व द्वादशी व त्रयोदशी (कार्तिक ६ व ७ गते) नेन्हुयंकं *सुथाय्सिया ११:00 ता:इलय्* निसिं याता, गोमारी-७, ख्वपय् जुइजु

पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या व सांस्कृतिक ब्वज्या

त:जिक हानेता च्वसु (साहित्य) व सांस्कृतिक विधा दुथ्याक: दियता इनाप याङ: च्वङा । नपां फयांफक्व हापं बियो त:मुंज्या स्वभायता इनाप याङ: च्वङा ।

च्वसु (साहित्य) व सांस्कृतिक दु:थ्याकेगु थाय्

क) पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या, ग्वसाखल: गोमारी-७, ख्वप
Email: 46tamunjya1146@gmail.com

ख) Email: tamunjya1100@gmail.com

ग) 'मजदुर' दैनिक, कमलविनायक, नगांचा, भक्तपुर-१०


स्वापुया निंति :

☎ : ०१-५९२५४६९ : nepalbhasatamunjya : 46tamunjya : tamunjya : 46Tamunjya
: NBSTamunjya : 46tamunjya1146@gmail.com : tamunjya1100@gmail.com : https://tamunjya.com

पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या
ग्वसाखल: गोमारी-७, ख्वप
स्वापु ल्या: ०१-५४२५४६४

सुचं : त:मुंज्यासं दुथ्याकेगु साहित्यया खाँग्व: २००० स्वयो म्ह्वाँ व १० मिनेटया दुनय् ब्वने सिधय्के म: ।

साहित्य व सांस्कृतिक विधा दुथ्याकेगु लिपांगु न्हि ल्या : नेपाल सम्बत ११४६ ञलागा त्रयोदशी (२०८३ असोज २२), बिहीबा: तक



एनवर होक्जा
(अल्वानियाली जननेता)

मानव समाजको विकासको इतिहासले देखाउँछ कि एक सामाजिक व्यवस्थालाई अर्को उच्च व्यवस्थाले विस्थापन गर्नु एकै दिनमा हुन सक्दैन बरु एक सिङ्गो ऐतिहासिक युग लाग्ने हुन्छ ।

सम्पादकीय

के नेपालको थप दुर्दिन आउँदै छ ?

ठीक एक वर्ष अगाडिसम्म देशका माथिल्ला न्यायालयदेखि तल्लो न्यायालयसम्म सिंहदरबारदेखि गाउँपालिकासम्म, शासक दलका माथिल्ला नेतादेखि कार्यकर्तासम्म भ्रष्टाचारमा मुछिएका समाचारहरूको कारण शान्त र सुखी नेपालप्रति गौरव गर्ने नेपाली जनता हाँस्नु न रुनुको अवस्थामा पुगेका छन् भने पश्चिमी देशहरूका गैरसरकारी संस्था (आइएनजीओ) हरूको समानान्तर आर्थिक गतिविधिका कारण देशप्रतिको भक्तिबारे शिक्षित व्यक्तिहरूमा निराशा बढ्दै गएको छ । २०८२ भदौको २३-२४ को विदेशी योजनाबाट गरिएको पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिणसम्मको विध्वंसले केही दिन त सरल र सचेत जनतासमेत 'किंकर्तव्यविमूढ' भएका थिए ।

'नयाँ पुस्ता' नामको सरकारको 'डलर' लाई पोस्ने बजेट ल्याइसकेपछि बढ्दै गएको राष्ट्रिय ऋण खर्ब खर्ब बढ्दै जाँदा जनता दु:खी देखिए, विदेशमा डलरको रकम राखेका व्यापारी, कालाबजारी र भ्रष्टाचारीहरू भने साह्रै खुसी देखिए- किनभने देश र जनता गरिब हुँदै गए पनि 'डलरका नेपाली बहादुरहरू' झन्झन् धनी हुँदै जाने भए । सरल भाषामा भन्ने हो भने हिजो प्रचण्डको माओवादी सरकारको बजेट बनाउँदा गुप्त बैठकमा देशको बजेट बनाउने 'नेपाली डलरको थैली' भएकै उद्योगपति र व्यापारी नै थिए भने आज पनि नेपालको अर्थमन्त्री नै विदेशी बैङ्ककै एक पूर्वकर्मचारी हुन् । डाडु पन्यु नै विदेशीको हातमा पुगेपछि देशको हालत के होला ? जनता आतङ्कित छन् ।

समाचारहरूको शीर्षकबाटै जनतालाई उठ्नु न बस्नु बनाउँदै छ, त्यसको अर्थ हो - देश अलिकति होइन धेरै बिग्रिसकेको छ । उदाहरण हो - 'दीपक भट्ट' भन्नेविरुद्ध २-४ वर्षदेखि नेपालका अखबारहरूमा उसका कर्तुतहरूबारे लेखिँदै थियो, तर उसको पछाडि राज्यको कार्यकारी व्यक्तिहरूदेखि अदालतका उच्च व्यक्तिहरूसमेत संलग्न हुँदा देश अभिभावक वा प्रजातन्त्रप्रति जिम्मेवार संसद् र सरकारसमेत नभएको अनुभव गरिन थालेका छन् । 'फिस्कर' (बिचौलिया) दीपक भट्टविरुद्ध ३ अदालतमा 'मुद्दा' न्यायाधीशदेखि थुनुवासम्म' 'नेक्सस' मिलाउँथे इनम सापकोटा' । (कान्तिपुर, २४ असोज २०८३) ।

केही वर्ष अगाडिसम्म भारत नेपालसँग आफ्नो रिस पोख्न नेपाली जनताको विरोधमा घोषित र 'अघोषित नाकाबन्दी' लगाउँथ्यो । नेपालीहरू भन्थे- नेपालका जलविद्युत्को विकासपछि नेपाल भारतको प्रभावबाट मुक्त हुन्छ । त्यो भनाइ सरल नेपाली जनताको हो । 'भारतीय विस्तारवाद' भनेको भारतीय जनता होइन भारतीय पुँजीपतिवर्गको नीति हो भन्ने ती सरल नेपाली जनता बुझ्दैनथे । पुँजीवादी व्यवस्थामा राज्य, राष्ट्रपति वा प्रधानमन्त्रीले नीति बनाउँदैनन् । बरु, त्यहाँ पुँजीपतिवर्गको संयुक्त स्वार्थको अभिव्यक्ति हुन्छ -जसरी आज राष्ट्रपति ट्रम्पको भनाइ र गराइ उनको नभई अमेरिकी पुँजीको हो ।

त्यस्तै भारतीय सरकारको नेपाल नीति पनि भारतीय पुँजीपतिवर्गको नीति हो । नेपाली बुद्धिजीवी समुदायसमेत नेपालमा विद्युत् निर्माणपछि पेट्रोलियम र ग्यासको 'नियन्त्रण' बाट नेपाल मुक्त हुन्छ भन्ने भ्रममा छ । तर, केही दिनअगाडि नेपाली पत्रपत्रिकाले लेख्यो-भारतले नेपालमा पेट्रोलियम र ग्यासमा भाउ बढाउँदै छ । १५ असोज २०८३ को 'अन्नपूर्ण पोस्ट' ले लेख्यो -नेपाल हिउँदमा भारतकै बिजुलीको भर ।'

किन ? नेपाली कम्युनिस्ट र माओवादी भनिने बाबुराम भट्टराईको सरकारले नेपालको हितविपरीत माथिल्लो कर्णालीजस्ता नेपालको बिजुलीको प्रसारण केन्द्र नै भारतलाई सुम्प्यो । यसकारण, नेपालले बङ्गलादेशसँग जलविद्युत् व्यापार गर्न खोज्दा भारत मानेन । बल्ल भारतबाट सहयोग पाई नेपालको सरकारमा पुगेका शासक दलहरू र नेताहरूले भारतको 'राजनैतिक सहयोगको अर्थ' बुझे ।

नेपालीको दसैँ सुरु भएको तर 'चीनतर्फका तीनवटै व्यापारिक नाका थप्प', 'अर्बौंका गाडी सडक र नाकामै अलपत्र' (नागरिक, १४ असोज २०८३) त्यसमा पनि कोरला नाका मुस्ताङ जिल्ला, तातोपानी नाका (सिन्धुपाल्चोक) र रसुवा नाका मर्मत भएकै छैन । यस्तो परिस्थितिमा भारतबाट मात्र आउने दसैँका सबै प्रकारका सामानको मूल्यवृद्धिबाट नेपाली जनता पीडित हुने निश्चित छ साथै अब भोटेकोसीको बाढी र पहिरोबाट भएको क्षतिको निम्ति कति खर्ब डलर यो सरकारले ऋण लिने हो सो कल्पना गर्दा पनि असजिलो छ ।

शासक दलका नेताहरूले आत्मसमर्पण गर्दा

✍ प्रज्ज्वल

एमालेका अध्यक्ष केपी ओलीले एमाले सम्पर्क विशेष सङ्गठन कमिटीद्वारा असोज २५ गते आयोजित मिसन पार्टी जागरण तथा अगुवा कार्यकर्ता भेलामा भने, "बहादुरी कमाएका नेपालीले घर-सम्पत्ति जलाउनेलाई साथ दिए । नेपाली जाति यति घटिया ढङ्गले प्रस्तुत हुन्छ भनेर मैले कल्पना गर्न सकेको थिइनँ । नेपाली जनतामा कान छाम्ने होइन, कान छैन भनेर कुद्ने चलन रहेछ, देखियो । स्टन्टबाजी पनि बुझ्दैनन्, नेपाली जनता !" आदि ।

बेलायती साम्राज्यवादको दलालजस्तै भएको जहानियाँ राणा शासनविरुद्ध जीवन बलिदान दिने शहीदहरूको प्रतिमामा फूलमाला चढाएर सिंहदरबारको कार्यकक्षमा तीनपटक कार्यभार सम्हालेका ओलीलाई गतवर्ष भदौ २४ गते अपराह्न १:३० बजे सेनालाई राजीनामा बुझाएर १२ दिन बेपत्ता हुनु हुँदैन भन्ने अडान कसरी भएन ? तीन दिनपछि भदौ २६ गते राष्ट्रपति र सेनापतिलाई संविधानविपरीत पूर्वप्रधानन्यायाधीशलाई अन्तरिम सरकारको नेतृत्व दिने गरी सिफारिस दिन हुँदैन भन्ने अडान ओलीमा कसरी भएन ?

ओलीले जनतालाई 'घर सम्पत्ति जलाउनेलाई साथ दिने', 'घटिया', 'कान छैन भनेर कुद्ने', 'स्टन्टबाजी नबुझ्ने' भनी असन्तुष्टि पोख्नु आफ्नो नेतृत्व असक्षमता देखाउनु हो । ओलीको एमालेले धेरै अगाडि नै आठलाख युवा सदस्य भएको दाबी गरेको थियो । प्रतिनिधिसभाको निर्वाचनमा एमालेले २५-२६ लाख मतसमेत पुऱ्याएको थियो । 'मनमोहन मजदुर भवन' निर्माण गर्न एमालेले देशभरि चन्दा उठाएको थियो । गतवर्ष भदौ २३ र २४ गतेको विध्वंस हेर्दा ओलीले एमालेका लाखौँ सङ्ख्यामा भएका कार्यकर्ता र समर्थकहरूलाई 'घटिया नहुनू', 'कान छैन भनी नकुद्नू, 'स्टन्टबाजी बुझ्नू' भनी सिकाएको देखिएन । सरकारी निकाय आफ्नो मातहत राख्न नसकेको कारण घर सम्पत्ति जलाउनेले मौका पाएको पनि के ओलीको असक्षमता होइन ?

गतवर्ष भदौ २४ गते बिहान ओलीले प्रधानमन्त्री पदबाट राजीनामा नदिने अडान राखेका थिए । देशभर आगजनीसँगै आफू बसेको सरकारी निवास बालुवाटार समेतका भवन जलाइएपछि अपराह्न १:३० बजे सेनालाई राजीनामा बुझाएर ओली १२ दिन बेपत्ता किन भए ? भदौ २६ गते ओलीले राष्ट्रपति र सेनापतिलाई सैनिक व्यारेकबाटै नयाँ प्रधानमन्त्री नियुक्ति गर्न सहमति किन दिए ? ओलीका यी सबै गतिविधि 'घटिया', 'कान छैन भनी कुद्ने', 'स्टन्टबाजी नबुझ्ने' नभए के हो ? के ओलीका कार्यकर्ताहरू नै घर सम्पत्ति जलाउन पुगेको होइन ?

वि.सं १९९७ मा जहानियाँ राणा शासनले गंगालाल, धर्मभक्त, शुक्रराज शास्त्री र दशरथ चन्दलगायत अमर शहीदहरूलाई माफी मागे ज्यान सजाय नदिने बताएका थिए । तर, अमर शहीदहरू जहानियाँ राणा शासनसँग झुकेनन्, माफी मागेनन् । एथेन्सका दार्शनिक सोक्रेटिज (सुकरात) लाई आजभन्दा २४२४ वर्षअघि सरकारसँग प्रश्न गर्ने, युवाहरूलाई सङ्गठित गर्ने भनी तत्कालीन एथेन्स सरकारले आरोप लगाउँदै हेमलक विष पिलाएर हत्या गऱ्यो । यसअघि सुकरातलाई भाग्ने सुझाव पनि दिइयो तर उनले आफू नभाग्ने बरु आफूले स्वीकारेको दर्शनप्रति बफादार रहने अडान लिए र हेमलक विष पिउन उनी तयार भए ।

गतवर्ष भदौ २३ गते प्रधानमन्त्री ओली जेनजी भनिएकाहरूको प्रदर्शनमा २-४ सयमात्र आउने भनी ढुक्क बसे । सो दिन ओलीका गृहमन्त्री नेकाका रमेश लेखकसमेत भदौ २३ गते गृहसचिवसहित सिंहदरबारमा राज्य व्यवस्था समितिको बैठकमा पुगे । त्यसबेला सङ्घीय संसद् भवन तोडफोड र गोली चल्न सुरु भइसकेको थियो । ओलीले सेना, प्रहरी, सशस्त्र, गुप्तचर, निजामतिमार्फत ठीक ठीक सूचना कसरी पाएनन् ? के ओलीले ३-३ पटक प्रम पद सम्हालेको अपरिपक्व साबित भयो ? अपरिपक्व भएर ओली ३-३ पटक प्रम किन बने ? ओलीलाई पटक पटक प्रम बन्न पठाउने सिङ्गो एमाले यसको दोषी किन होइन ? गृहमन्त्रीको राजीनामा लगत्तै ओलीले अर्को गृहमन्त्री नियुक्ति गरी स्थिति सम्हाल्न दिनुपर्नेमा किन दिएनन् ?

जेनजी प्रदर्शनमा घुसपैठ भएको तत्कालीन प्रम ओलीलाई कसरी थाहा भएन ? टीओबी, बारबरा, अमेरिकन युथ काउन्सिल, हामी नेपालीलगायतको जेनजी प्रदर्शनमा घुसपैठ कसरी थाहा भएन ?जेनजी प्रदर्शनमा मादक पदार्थ खाएका, गेरु वस्त्रधारी, त्रिशुलमा नेपाली झन्डा बेरेका कसरी घुसे ? यी सबै विषयको सूचना तत्कालीन प्रम ओलीलाई कसरी भएन ? कसको विश्वासमा ओली प्रम बन्न गएका हुन् ? ती विश्वासघातीहरू कहाँ गए ?

कार्की आयोगको प्रतिवेदनमा उल्लेख भएअनुसार भदौ २४ गते बिहान सुधन जङ्गीअड्डा भेटघाटमा गएको तत्कालीन ओलीलाई कसरी थाहा भएन ? भदौ २३ र २४ गतेको उपद्रोलाई सूक्ष्म अध्ययन गर्दा बहुदलीय व्यवस्था पुन:स्थापनायता एमालेले राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमा आफ्ना लाखौँलाख कार्यकर्तालाई जागीर खुवाएको नै गलत साबित भयो । सरकारको समानान्तर विदेशी बजेट खर्च गर्ने आईएनजीओ र एनजीओलाई नियन्त्रण नगर्ने ओली कसरी दोषी होइनन् ?

नेकाका राष्ट्रपति रामचन्द्र पौडेलले तत्कालीन प्रम ओलीको राजीनामा हस्ताक्षर रुजु नै नगरी स्वीकृत गरेको र संविधानविपरीत पूर्वप्रधानन्यायाधीशलाई अन्तरिम सरकारको प्रममा नियुक्ति गरेको संविधानको उलङ्घन नै हो । राष्ट्रपति पौडेलले बडो जुक्तिले संविधान पालना गरेको असत्य साबित भयो । किनभने, संविधानमा पूर्वप्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउन नहुने स्पष्ट प्रावधान छ । के राष्ट्रपति पौडेल सेनासँग रोएर पदमा टाँसिरहेका हुन् ?

भदौ २६ गते राति ११:३० बजे कर्फ्यु को समयमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले अस्कल कलेजअगाडि कोसँग भेटेर अन्तरिम सरकारको प्रधानमन्त्री हुने सुनिश्चित गरे ? यो अझै सार्वजनिक भएको छैन, हुनु आवश्यक छ ।

चीनको अभिन्न अङ्ग तिब्बत विखण्डन गर्न संरा अमेरिकी सहयोगमा भारत आश्रयमा बसेका दलाई लामाले अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीलाई किन बधाई पठाए ? रास्वपाको सरकार गठनलगत्तै काठमाडौँको एउटा विद्यालयमा युरोपका केही राजदूतहरूसमेतको उपस्थितिमा दलाई लामाको ९१ औँ जन्मदिवस मनाउने काम कसरी भयो ? रास्वपा सरकारले तिब्बत टुक्र्याउन चाहने ३९ देशका प्रतिनिधिहरूलाई काठमाडौँमा अन्तर्राष्ट्रिय सम्मेलन गराउने सहमति किन दियो ? यी प्रश्नहरूको जवाफ रास्वपाले किन दिएन ? के चीनले रास्वपा सरकारलाई 'टाढाको नातेदारभन्दा नजिकको छिमेकी असल हुने' बताएपछि मात्र तिब्बत टुक्राउने अन्तर्राष्ट्रिय सम्मेलन स्थगित भएको हो ? के रास्वपा सरकार नेपाललाई युक्रेनको जस्तो स्थितिमा पुऱ्याउन चाहन्छ ? यी प्रश्नहरूको जवाफ पनि नेपाली जनताले खोज्नु जरुरी छ ।

कृषि उपजको उत्पादन लागतमा फाइदा हुने गरी सरकारले मूल्य तोक्नुपर्ने



शुक्र

राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा प्रकाशित कृषि उपज मूल्य सूचकाङ्क प्रतिवेदनअनुसार पछिल्लो आठ वर्षयता किसानको उत्पादनमा न्यून मूल्य वृद्धिदर भएको उल्लेख छ ।

आव २०८२/८३ को अन्तिम त्रैमासिक (वैशाख, जेठ र असार) प्रतिवेदनमा किसानले खेतमै पाउने कृषि उपजको मूल्य २.०४ प्रतिशतमात्रै बढेको उल्लेख छ । आव २०८१/८२ को अन्तिम त्रैमासिकमा खेतमै किसानले पाउने कृषि उपजको मूल्य ३.०६ प्रतिशतले बढेको थियो । अघिल्ला वर्षहरूमा भने कृषि उपजको मूल्यवृद्धिदर औसतमा ५ देखि १० प्रतिशतसम्म पुगेको थियो ।

किसानको कृषि उपज उपभोक्तासम्म पुग्दा भने किसानले पाउने मूल्यभन्दा कैयौँ गुणा बढी बढेको सरकारी प्रतिवेदनले देखाएको छ । कृषि उपजको आपूर्तिका क्रममा सात तहका बिचौलिया (मध्यस्थकर्ता) ले धेरै नाफा लिइरहेको स्पष्ट हुन्छ । प्रतिवेदनमा कृषि उपज सामान्यत: उत्पादक, डिलर, मुख्य वितरक, राष्ट्रिय वितरक, स्थानीय वितरक, थोक बिक्रेता र खुद्रा बिक्रेतासम्म पुगेपछि मात्र उपभोक्ताले खरिद गर्ने गरेको उल्लेख छ ।

प्रतिवेदनअनुसार नेपालमा कृषि उपज किसानबाट उपभोक्तासम्म पुग्दा उपभोक्ताले तिर्ने मूल्य किसानले खेतमै पाउने मूल्यभन्दा सात गुणासम्म बढी भइरहेको छ । मकवानपुरको चित्लाङमा प्रतिकिलो १० रुपैयाँमा बिक्री हुने काउली र बन्दागोभी काठमाडौँ उपत्यकाका उपभोक्ताको भान्सासम्म पुग्दा प्रतिकिलो १०० रुपैयाँ पुग्छ । यसरी उपभोक्ता मूल्य १० गुणाभन्दा बढी बढेको देखाउँछ । खेतमा १० रुपैयाँ मूल्य पर्ने कृषि उपज उपभोक्तासम्म पुग्दा ७० रुपैयाँसम्म पर्छ । यो किसानले पाउने मूल्यभन्दा सात गुणा बढी हो ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अध्ययनमा मकवानपुर र धादिङजस्ता जिल्लाका किसानले प्रतिकिलो २५ देखि ३५ रुपैयाँमा बिक्री गर्ने तरकारी काठमाडौँ उपत्यकाका खुद्रा बिक्रेताकोमा १२५ रुपैयाँसम्म पुगेको उल्लेख छ ।

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले दैनिक करिब ८ सय टन तरकारी बजारमा पठाउँछ । समितिले गत आवको अन्तिम महिनामा स्थानीय साना गोलभेडाको थोक मूल्य प्रतिकिलो ८ रुपैयाँ तोकेको थियो भने अधिकतम मूल्य १२ रुपैयाँ थियो । स्थानीय साना गोलभेडाको औसत थोक मूल्य प्रतिकिलो ९ रुपैयाँ ५० पैसा थियो । त्यही समयमा खुद्रा बजारमा भने गोलभेडाको मूल्य प्रतिकिलो ४० रुपैयाँ पुग्यो ।

ढुवानी खर्चबाहेक प्रत्येक तहका बिचौलियाले १० प्रतिशतका दरले नाफा थप्ने कृषि उपज विभिन्न तह पार गर्दै उपभोक्तासम्म पुगिरहेको छ । मूल्य बढेको अवस्थामा अवसरवादी व्यापारीले कृत्रिम अभाव सिर्जना गर्न उत्पादन लुकाएर राखेको पाइन्छ । विज्ञहरूका अनुसार अत्यन्तै कम नाफाले व्यापारीलाई किसानको उत्पादन खरिद गर्न निरुत्साहित गर्छ र बजारमा कृत्रिम अभावसमेत सिर्जना गर्छ ।

बिचौलिया, ढुवानीकर्ता र व्यापारीहरू स्पष्ट कानुनी सीमाभित्र नआउने भएकाले उनीहरूले मूल्य बढाउने गरेको अधिकारकर्मीहरूको मत छ । उनीहरूमध्ये केहीलाई सरकारी निकायको संरक्षणसमेत रहेको उनीहरूको भनाइ छ । यतिबेला किसानले उत्पादन लागत र घरखर्चसमेत धान्न नसक्ने अवस्था भएकोले कृषिलाई पेसाका रूपमा नयाँ पुस्ताले रोज्न चाहेका छैनन् । कम मूल्य पाएको विरोधमा किसानले पटक-पटक गोलभेडा, बन्दालगायत तरकारी सडकमा फालेर विरोध जनाए पनि हालसम्मका सरकारहरूले सुनेका छैनन् ।

कृषि उपजको उत्पादन लागतमा केही फाइदा हुने गरी सरकारले मूल्य तोक्नुपर्ने किसानको माग हो । किसानको खेतबाटै कृषि उपज स्थानीय तहले बिक्री केन्द्रसम्म सिधै ढुवानी गरे कम मूल्यमा उपभोग्य वस्तु प्राप्त हुनेछ । यसका लागि कृषि सहकारी तथा स्थानीय कृषक समूहलाई जिम्मेवारी दिने कानुन बनाउनेतर्फ सरकारको किन ध्यान जाँदैन ?

उपभोक्ता हितको संरक्षण र सक्रिय अनुगमनको आवश्यकता

✍ विवेक

चाडपर्व नजिकिएसँगै उपभोक्ताहरू ठगिने सम्भावना बढ्दो छ । गुणस्तरहीन सामान बेच्ने, म्याद नाघेका वस्तुहरू बिक्री गर्ने तथा मिसावट भएका सामानहरू बेच्नेहरू अरू बेलाभन्दा यस्ता बेलाहरूमा चलबलाउन सक्छून् । नाफाको निम्ति केही व्यापारी, व्यवसायीहरू जस्तोसुकै अनैतिक र गैरकानुनी काम गर्न पछि पर्दैनन् । त्यसको लागि नियन्त्रण गर्ने भरपर्दो र प्रभावकारी उपाय भनेकै अनुगमन गर्ने संस्थाहरू कडाइका साथ प्रस्तुत हुनु हो ।

नक्कली वस्तु उपभोग गरेकै कारण कति उपभोक्ताहरूले शरीरका अङ्गहरू गुमाउँछन्, कतिले नयाँ नयाँ रोगहरूको सामना गर्छन् त कति बिरामी परेर मृत्युको मुखसम्म पुग्छन् । बारम्बार यस्ता घटनाहरू भइरहन्छन् । नक्कली मदिरा सेवनका कारण मृत्यु भएको, गलत औषधीको कारण मानिस अपाङ्ग भएको र एउटा खुट्टामा अपरेशन गर्नुपर्नेमा डाक्टरको लापरबाहीले अर्को खुट्टामा अपरेशन गरेका जस्ता घटनाहरू नेपालीहरूका लागि नौला होइनन् ।

नेपालीहरूको मृत्युको कारण सर्नेभन्दा नसर्ने रोग प्रमुख भएको चिकित्सकहरूको भनाइ छ । चिकित्सकहरूका अनुसार श्वासप्रश्वास, मुटु, मृगौला, ब्रेन स्ट्रोक, क्यान्सरजस्ता रोगहरूका कारण मृतकमध्ये ७० प्रतिशतभन्दा बढी छन् । त्यसो हुनुमा जलवायु प्रदूषण, विषादीयुक्त खाना, नक्कली औषधी, रसायनयुक्त फलफूल, अखाद्य वस्तुको मिसावट भएका खानाको उपभोग जस्ता मुख्य कारणहरू हुन् ।

उपभोक्ता ऐन २०७५ लागू भएको आधा दशक भइसकेको छ । ऐनमा बजार अनुगमन तीन तहकै सरकारहरूले गर्ने छुट्टाछुट्टै व्यवस्था छ । ऐनअनुसार सङ्घ, प्रदेश र स्थानीय तहले अनुगमन समिति छुट्टाछुट्टै गठन गरे तर त्यो प्रभावकारी हुन सकेन । एउटै काम धेरै क्षेत्रमा विभाजन गरेको कारण पनि त्यसो भएको हुन सक्छ । उपभोक्ता ऐनमा स्वास्थ्यको गम्भीर असर पर्ने कार्य भएमा त्यस्तो अवस्थामा कानुनले क्षतिपूर्ति भराउनेदेखि सम्बन्धित व्यापारी, व्यक्ति वा कम्पनीलाई जेल सजाय गर्नेसम्मको व्यवस्था छ । कानुनमा व्यवस्था हुँदैमा सबै मिल्छ भने होइन । ऐन कानुन आफै कार्यान्वयन हुने होइन । त्यसका लागि उपभोक्ताहरू कानुनबारे सचेत हुनु जरुरी छ ।

पछिल्लो चरणमा उपभोक्ता अदालत पनि गठन भइसकेको छ । पीडित नागरिक आफूलाई परेको अन्याय तथ्य प्रमाणसहित अदालतमा गएमा न्याय पाउन सक्छन् । तर, बिडम्बना उपभोक्ताहरू सकेसम्म अदालतसम्म जानै चाहँदैनन् । त्यसको कारण हो अदालतप्रतिको जनताको विश्वास नहुनु र ढिलासुस्ती । दैनिक जीवनकै कुरा गर्दा पनि एउटै सामानको मूल्य पसलैपिन्छे फरक फरक पाइन्छ । त्यो त सिधै उपभोक्तामाथि अन्याय हो । १२ वटा सीसी भएको एउटा पानीको बाकसको मूल्य ११० रुपैयाँ हुन्छ । तर त्यही पानी उपभोक्ताले १ सीसीको २५ देखि ३० रुपैयाँ तिर्नुपर्छ । के यो सिधै ठगी होइन ? सर्वसाधारणको लागि पनि यो बानी नै बसिसकेको छ ।

ठाउँ ठाउँमा विद्युत्, दूरसञ्चार र केबुल नेटवर्कहरूका तारहरू छरपस्ट छन् । विद्युत् सट भएर वा अन्य विविध कारण ठाउँ ठाउँमा आगजनीका घटनाहरू भइरहेका छन् । त्यसबाट करोडौंको धन सम्पत्ति क्षति भए पनि विद्युत् प्राधिकरण, दूरसञ्चारलाई कानुनले जिम्मेवार बनाएको छैन । आगलागी भयो दमकलले आगो निभायो । त्यतिकैमा घटना सेलाएर गयो बस् । प्राधिकरणको कमजोरीको कारण मानिसको ज्यान जाने घटना भएमा प्राधिकरणलाई जिम्मेवार बनाई ज्यान मुद्दा चलाउने कानुनी व्यवस्था भएमा यति लापरबाही प्राधिकरणबाट हुने थिएन कि ! अहिले त न ऐन बोल्छ न उपभोक्ता नै अदालतसम्म पुग्छन् । गैरजिम्मेवार काम गर्नेहरूका लागि अहिले स्वतन्त्रता छ । पुँजीवादी व्यवस्थाको यो एक विशेषता नै हो ।

धेरैजसो सवारी दुर्घटना सडककै कारण हुने गरेको पाइन्छ । गुणस्तरहीन सडक निर्माण गर्दासमेत ठेकेदारलाई जिम्मेवार नबनाउँदा धेरैले ज्यान गुमाउनुपर्ने अवस्था छ । सडक भत्केर, खाल्डाखुल्डीका कारण कसैको ज्यान गएको वा अङ्गभङ्ग भएको रहेछ भने सडक निर्माण गर्ने ठेकेदारलाई जिम्मेवार बनाउने कानुनी व्यवस्था अपरिहार्य आवश्यकता हो । त्यसले धेरै हदसम्म दुर्घटना न्यूनीकरण गर्न सक्छ । जबसम्म यस्ता दुर्घटनाहरूमा ठेकेदारलाई जिम्मेवार बनाउँदैन तबसम्म यस्ता घटनाहरू बारम्बार दोहोरिरहन्छन् । हिलोमा कालोपत्रे गर्ने, सिमेन्टको भाग कम राखेर कमसल ढलान गर्ने जस्ता कार्यहरू एक प्रकारको मानवता विरोधी अपराध हो । त्यसले देशको अर्बौंको सम्पत्तिको नोक्सान त गर्छ नै त्यो भन्दा पनि नागरिकको ज्यान जानेसम्म अपराध हुन्छ । ठेकेदारहरूलाई पैसा कमाउनेमात्र होइन जिम्मेवार बनाउनेतर्फ पनि विभिन्न तहका सरकारहरूले सोच्न जरुरी छ ।

हरेक दिनको समाचारपत्र वा विद्युतीय सञ्चारमा भ्रष्टाचार, अनियमितताको समाचार नभएको दिन हुँदैन । पुल बनाएको १ वर्ष नबित्दै भत्केको, उद्घाटन नहुँदै भवन भत्केको र कमजोर संरचनाका कारण संरचना प्रयोगमा नआएका जस्ता थुप्रै घटनाहरू सुन्न नेपालीहरू अभ्यस्त भइसके । उनीहरूले त्यस्ता समाचारहरूप्रति ध्यान दिन पनि छाडिसके । हुन पनि त्यस्ता गलत काम गर्ने मानिसहरूमाथि कारबाहीको कहिल्यै समाचार आउँदैन । आइ नै हाले पनि केही दिनभित्र त्यस्ता व्यापारी, कम्पनी मालिक वा ठगी आरोपमा पक्राउ परेका व्यक्ति छुटेको समाचार आउँछ । यसले जनताको मनोबल कमजोर हुने र ठगी गर्नेहरूको मनोबल बढ्नेछ ।

यहाँनेर भक्तपुर नगरपालिकामा भएका केही घटनाहरूको उदाहरण प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ । नगरपालिकाअन्तर्गत सञ्चालित ख्वप कलेजको भवन निर्माणको क्रममा देखियो । निर्माण कम्पनीले बेसमेन्ट ढलानको अन्तिम चरणमा पुग्दा कमसल दण्डी राखेको पाइयो । प्रयोगशालामा पठाएर पटक पटक परीक्षण गर्दा पनि पास नभएपछि ती सबै दण्डीहरू निकाल्न लगाइयो । सबै दण्डी हटाउन लगाई त्यसको लागि ज्यालामात्र पनि १८ लाखभन्दा बढी तिराइयो । अर्को प्रसङ्ग, एक तला ढलान गर्दा निर्माण मापदण्डअनुसार नभएको देखिएपछि प्राविधिक प्रतिवेदनको आधारमा ४५ देखि ५० लाख रुपैयाँ बराबरको रेट्रोफिटिङ गर्न लगाइयो । त्यस्तै वडा कार्यालय भवन निर्माणको क्रममा नक्कली सिमेन्ट भेटिएपछि व्यापारीसँग क्षतिपूर्ति भराइएको थियो । त्यस्ता थुप्रै उदाहरणहरू छन् । विद्यालय, कलेज, अस्पताल, पुलजस्ता सार्वजनिक निर्माणहरूमा हेलचेक्र्याइ वा लापरवाही गर्ने जोसुकै भए पनि कडा दण्ड सजायँ हुनुपर्छ । त्यसले जनताको ज्यूधनको सुरक्षा गर्न मद्दत गर्दछ ।

ऐन कानुनको प्रभावकारी कार्यान्वयन र कानुनमा कडा दण्ड सजायको व्यवस्था भएमा जथाभावी गर्नेहरू सचेत हुन्छन् । त्यसका लागि कानुन बनेर मात्र पुग्दैन उपभोक्ताहरू नै आफ्नो अधिकारप्रति सचेत हुनुपर्छ । फितलो कानुनी व्यवस्था र नाउँ मात्रको अनुगमनलाई नाफाखोर व्यापारी व्यवसायीहरूले तेर्ने छैनन् ।

स्थानीय तहले गरेको निर्माणको अनुगमन गर्ने जिम्मेवारी कानुनले जिल्ला समन्वय समितिलाई दिएको छ । तर त्यो बाध्यकारी नहुँदा त्यसको प्रभावकारिता शून्य छ । स्थानीय तह स्वयम्लाई अनुगमनको अधिकार दिएको हुँदा सबै पालिकाहरूले स्थानीय अनुगमन समितिमार्फत कार्य गर्दै आएका छन् । जिल्ला समन्वय समितिको अनुगमन प्रभावकारी नहुँदा त्यो हुनु र नहुनुको कुनै अर्थ नै रहेन । कानुन निर्माताहरूले एउटै काम धेरै निकायको जिम्मेवारीमा छाड्नाले कार्यान्वयनमा जटिलता आएको हो । कसले के काम गर्ने हो, त्यो कानुनमा स्पस्ट हुनुपर्छ ।

अदालत, कानुन भनेको सचेत नागरिकहरूलाई सहयोग गर्ने निकाय हो । पीडामा परेको नागरिक न्यायका लागि अदालत जानैपर्छ । आफ्नो पीडा अदालतसम्म नपुऱ्याउने, दुःख आफैसँग मात्र सीमित राख्ने, सडकमा रोइकराइ गर्नेहरूलाई अदालत घरसम्म पुगेर न्याय दिने होइन । जसले न्यायको माग गरेर अदालतको ढोका घच्घच्याउँछ उसलाई कानुनबमोजिमको न्याय दिने काम अदालतको हो । विभिन्न राजनीतिक दल, सङ्घ संस्था र समूहहरूले कानुनमा भएका अधिकारहरूबारे जनतालाई बुझाउनु आवश्यक छ । उपभोक्ताहरू ठगिनबाट जोगाउने कार्यमा दलका नेता, कार्यकर्ताहरू र सङ्घ संस्थाहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यो भूमिकाबाट दलका कार्यकर्ताहरू, सङ्घ संस्थाका प्रतिनिधिहरू कतै चुकेका त छैनन् ?

अहिले कानुन अध्यापन गर्ने कलेजहरू बढ्दै छन् । कानुन पढ्नेहरूको सङ्ख्या पनि बढ्दो छ । विद्यार्थीहरू टोल टोल, गाउँ गाउँमा गएर उपभोक्ता ऐन, अदालतको काम र त्यसले दिने क्षतिपूर्तिकोबारे जनतालाई बुझाउन आवश्यक छ । त्यसले व्यापारी, व्यवसायी, निर्माण कम्पनी र सरकारी कार्यालयहरूको मनोमानी धेरै हदसम्म न्यूनीकरण हुनेछ । त्यो एक प्रकारको जनताको सेवा पनि हो ।

उपचार नपाएर धेरै गरिबहरू मरिरहेका छन् । अस्पताल पुगेर पनि पैसा नभएको कारण भर्ना हुन नपाएर सडकमै बच्चा जन्माउनुपरेको घटना पनि ताजै छ । बिरामीको चापअनुसार बेड सङ्ख्या नुहुनु, दरबन्दीअनुसार चिकित्सक नभएको कारण बिरामी अर्को अस्पताल लाँदालाँदै मृत्यु हुनुजस्ता घटनाहरूको जिम्मेवार सरकारलाई नै बनाइनुपर्छ ।

संविधानले प्रदान गरेको स्वास्थ्य सेवाको हक, स्वच्छ खानेपानी तथा सरसफाइको हक, खाद्य सम्प्रभुताको हक आवासको हक, प्रजनन् स्वास्थ्यसम्बन्धी हक र बालबालिकाको हक नेपाली जनताको लागि हो, संविधान विदेशीलाई देखाउने दस्तावेज हुनु हुँदैन । ती हकहरू जनस्तरमा पुग्न त्यससम्बन्धी कानुनहरू संसदले बनाउन ढिलाइ गर्नुहुन्न ।

संविधान आएको १० वर्ष बितिसक्दा पनि ३ वर्षमा बनाउनुपर्ने कतिपय कानुनहरू अहिलेसम्म बन्न सकेका छैनन् । यसले पनि कतिपय संविधान प्रदत्त हकहरू नेपाली जनताले उपभोग गर्न पाएका छैनन् । अहिले रास्वपाको दुईतिहाइको सरकार छ । यसले संविधानअनुसार जनताको हितमा बनाउनुपर्ने कानुनहरू ढिलाइ नगरी बनाउने र उपभोक्ता ऐनअनुसार उपभोक्ता हितमा काम गर्न सबै तहका अनुगमन समितिलाई सक्रिय बनाउने अपेक्षा छ ।

उपभोक्ता हितको संरक्षण र सक्रिय अनुगमनको आवश्यकता

- **चाडपर्वमा उपभोक्ता ठगीको जोखिम :** गुणस्तरहीन, म्याद नाघेका तथा मिसावटयुक्त वस्तुको बिक्री नियन्त्रण गर्न बजार अनुगमन प्रभावकारी बनाउनुपर्छ ।
- **उपभोक्ताको स्वास्थ्य र सुरक्षामा खतरा :** नक्कली औषधि, विषादीयुक्त खाद्यवस्तु र अखाद्य पदार्थको मिसावट रोक्नुपर्छ ।
- **बजार अनुगमनको प्रभावकारिता :** सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी अनुगमन प्रभावकारी बनाउनुपर्छ ।
- **कानुनको कार्यान्वयन :** ठगी गर्ने व्यापारी तथा कम्पनीलाई क्षतिपूर्ति र कानुनी सजायको व्यवस्था लागू गर्नुपर्छ ।
- **उपभोक्ता अदालतको उपयोग :** पीडित उपभोक्ताले न्याय र क्षतिपूर्तिका लागि अदालतमा उजुरी गर्नुपर्छ ।
- **मूल्यमा एकरूपता :** एउटै वस्तुमा मनपरी मूल्य लिने प्रवृत्ति नियन्त्रण गर्नुपर्छ ।
- **विद्युत् तथा सञ्चार सेवामा जिम्मेवारी :** तारको अव्यवस्था र प्राविधिक लापरबाहीबाट हुने क्षतिमा सम्बन्धित निकायलाई जिम्मेवार बनाउनुपर्छ ।
- **गुणस्तरहीन सडक निर्माणमा कारबाही :** कमजोर सडक निर्माण र ठेकेदारको लापरबाही नियन्त्रण गर्नुपर्छ ।
- **भ्रष्टाचार र अनियमितताको नियन्त्रण :** नक्कली निर्माण सामग्री प्रयोग गर्ने तथा कमजोर संरचना बनाउनेलाई कारबाही गर्नुपर्छ ।

सरकारको नेतृत्व फेर्नु नै समाज परिवर्तन होइन

सरकारले दिगो जीविकोपार्जन गर्न, समुदायलाई बलियो बनाउन देशका सबै जनतालाई आफ्नै देशको विकासमा आस्था जगाउन या योगदान गराउनेतर्फ सरकारले पाइला चाल्नुपर्छ । यो नै जनताको माग हो ।

हरेक सरकारले देश र जनताको सेवा गर्ने वाचा गर्छ । तर, त्यो वाचा पूरा गर्दैन; पूरा गर्न लाग्दैन । हो, सरकारको मुख्य काम देशको विकास गर्नु हो, जनताको सेवा गर्नु हो । देश र जनताको सेवा गर्न नै राजनीति गर्ने हो । काम-मामको बन्दोबस्त नै जनताको सेवा हो । योग्यताअनुसार काम र कामअनुसारको ज्याला दिनु पनि जनताको सेवा हो । गरिब वर्गको जीवन सुनिश्चित गर्नु जनताको सेवा हो । त्यो सेवा जनताको छाना, दाना र नानासित सम्बन्धित हुन्छ । जनताको सरकारले यस्तै सेवा गर्छ । यस्तै सेवा गर्नुपर्छ । सेवा कुनै सरकारी नेताको बोलीमा होइन; कुनै दलको घोषणापत्रमा होइन; व्यवहारमा सिद्ध हुनुपर्छ । अनि मात्र राज्यको दायित्व पूरा हुन्छ ।

देशका कुनै पनि नागरिक भोक, रोग र शोकले मर्न नपरोस्; गरिबीको कारण छटपटिएर मर्न नपरोस् । बेरोजगारी भएर मागी मागी जीवन बिताउन नपरोस् । हरेकले श्रमको उचित मूल्य पाओस् । सुगम या दुर्गम जुनसुकै क्षेत्रका नागरिकले सम्मानपूर्वक जीवन यापन गर्नुपर्ने व्यवस्था सरकारले मिलाउनुपर्छ । श्रमजीवी जनताले ढुक्कका साथ जीवन बिताउन नपाएसम्म राज्यले सफलता पाएको मानिँदैन । गरिबी कति प्रतिशतले घट्यो, भूमिहीन जनताले आवास र जग्गा पाए कि पाएनन्, बेरोजगारी दर कति घट्यो ; विदेश पलायनमा कति सुधार भयो ? यसबारे राज्यले मूल्याङ्कन गरिरहेको छ भने कति प्रतिशत सफल भयो ? यसको समीक्षा गर्नु आवश्यक छ ।

कुनै नागरिकलाई एक दुई महिना काम दिएर उसको जीवन सुनिश्चित हुँदैन । यसले बेरोजगारी र गरिबी हराउँदैन । रोजगार पनि लक्षित समुदायले पाउनुपर्छ । भनिन्छ, भूमिहीन, बेरोजगार र अव्यवस्थित बसोबासको समस्या समाधान गर्न दर्जनौँ आयोगहरू गठन गरिएका छन् । ती गठित आयोगहरू कर्मचारी पाल्ने केन्द्र बनाउनु हुँदैन । आयोगले पाएको जिम्मेवारी पूरा गर्नुपर्छ । प्रतिवेदन तयार गर्नु मात्र आयोगको कर्तव्य होइन । बहुमत प्राप्त सरकारले देश र जनताको हितमा धेरै काम गर्न सक्छ; काम गर्ने अधिकार हुन्छ । यसतर्फ सरकारहरूको ध्यान नपुग्दा गरिब जनता कहिल्यै गरिबीको खाडलबाट माथि उठन सकेका छैनन् । गरिब जनताले महँगो जीवन कसरी धान्न सक्छन् ? अत: देशको यो समस्या हल गर्नेतर्फ सरकार लाग्नुपर्छ ।

जहिलेसम्म जनताको हातमा उत्पादनको साधन हुँदैन, खेतीयोग्य जमीन हुँदैन, रोजगारी हुँदैन; आधारभूत आवश्यकता पूरा हुँदैन या जीवनयापन गर्ने सुनिश्चित हुँदैन तबसम्म गरिब जनताको जीवन स्तर माथि उठ्दैन । राज्यका स्रोत साधनमाथिको असमान वितरण र पहुँचले गर्दा देशमा धनी झन् धनी र गरिब झन् गरिब भइरहेको हो । यो समस्या पुँजीपति, सामन्त, जालीफटाहा, प्रतिक्रियावादीहरूको सेवा गर्ने या प्रतिनिधित्व गर्ने दलले समाधान गर्दैन; समाधान गर्न लागिपर्दैन । यसकारण, अझै देशमा दलित, भूमिहीन, सुकुमवासी, कमैया, हरूवाचरुवा, सीमान्तकृत, आदिवासी, मजदुर, मधेसी तथा अन्य विपन्न जनताको समस्या ज्यूँका त्यूँ भइरहेको हो । के यस्ता शोषितपीडित जनताको समस्या पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने वर्तमान सरकारले समाधान गर्ला ? तर, विडम्बना ! सत्तासीन दलका नेता र मन्त्रीहरूलाई गाँस, बास र नानाको होइन सत्ता प्यारो हुन्छ, पद र पैसा प्यारो हुन्छ । दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्नेतर्फ नै उनीहरूको ध्यान पुगेको हुन्छ । विगतका सरकारहरू यस्तै यस्तै भागबन्डा र गठबन्धनमा भुलेरै भ्यागुतो जति उफ्रे पनि कान्लामुनिको कान्लामा भनेझैं भइरहेको हो ।

राजनीतिक विश्लेषकहरू भन्छन्, सरकारको नेतृत्व फेर्नु नै समाज परिवर्तन होइन; आमूल परिवर्तन त हुँदै होइन । कुनै दलको उद्देश्य पुरानो सरकारलाई फालेर नयाँ सरकार गठन गर्नु मात्र होइन । पुरानो सरकारले नगरेको, गर्न नसकेको काम गर्ने हो । विगतको सरकारले गरेको कमजोरी हटाउने हो । बहुमतको अभिमानी गरेर निरङ्कुशता लाद्ने होइन; तर्साउने होइन । सत्तासीन दलका नेता र मन्त्रीले जनतालाई तर्साएर, धाक धम्की देखाएर हातमा लिने होइन । सरकारले आस्थाको आधारमा जनतालाई विभेद र पक्षपात गर्ने होइन । दलको सरकार परिवर्तन भए पनि उनीहरूको आचरण, व्यवहार फेरिँदैन भने जनताले कुन सरकार असल र कमसल भनेर छुट्याउने ? आफ्नो दलको मात्र स्वार्थ पूरा गर्ने र जनतालाई भोट बैङ्क मात्र बनाउने सरकार र ठुलो दलको कामलाई जनताले कसरी सही मान्ने ?

अत: अहिलेको देशको आवश्यकता र जनताको चाहना आत्मनिर्भर देश बनाउनु हो । स्थानीय स्रोत र साधनको उपयोग गरी नेपालले पनि प्रगति गरेको छ भनी विश्वलाई चिनाउने हो । राज्यले देशका सबै नागरिकलाई उच्च शिक्षा र स्वास्थ्य सेवा नि:शुल्क गर्नुपर्छ । माविं तहसम्म अनिवार्य र नि:शुल्क गर्नुपर्छ । यस्तो कामको बन्दोबस्त भए जनताको ठुलो रकम बचत हुन्छ । बचत भएको रकम जीवनमा जोहो गर्न सहज हुन्छ । सरकारले दिगो जीविकोपार्जन गर्न, समुदायलाई बलियो बनाउन देशका सबै जनतालाई आफ्नै देशको विकासमा आस्था जगाउन या योगदान गराउनेतर्फ सरकारले पाइला चाल्नुपर्छ । यो नै जनताको माग हो ।

सर्वोच्चमा चोलेन्द्रपछि विवादित बन्दै प्रधानन्यायाधीश मनोज संवैधानिक इजलास विवादको क्रम, मर्म र बहिष्कारको प्रश्न



रामप्रसाद प्रजापति, अधिवक्ता

संवैधानिक इजलास

नेपालको संविधानको धारा १३७ मा सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहनेछ भन्ने व्यवस्था गरिएको छ ।

नेपालको संविधान निर्माणका क्रममा संवैधानिक विवादका सम्बन्धमा मुद्दा हेर्ने अधिकार एउटा छुट्टै संवैधानिक अदालत गठन गर्ने कि सर्वोच्च अदालतकै न्यायाधीशहरू रहने गरी संवैधानिक इजलास गठन गर्ने भन्ने सम्बन्धमा चर्को विवाद भएको थियो ।

अन्ततः सर्वोच्च अदालतकै न्यायाधीशहरू रहने गरी संवैधानिक इजलास गठन गर्ने व्यवस्थासहित संविधान जारी भयो ।

धारा १३७ ले सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहने र त्यस्तो इजलासमा प्रधानन्यायाधीश र न्यायपरिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहने व्यवस्था गरियो । ती चार जना न्यायाधीशहरू प्रधानन्यायाधीशले न्यायपरिषद्ले सिफारिस गरेका न्यायाधीशहरूको रोस्टरबाट तोक्ने व्यवस्था गरिएको छ ।

संवैधानिक इजलासले सर्वोच्च अदालतमा परेका धारा १३३ को उपधारा (१) बमोजिमको संविधान प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानुन यो संविधानसँग बाझिएको हुँदा त्यस्तो कानुन वा त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानुन सङ्घीय संसद्ले बनाएको कुनै कानुनसँग बाझिएको वा नगर सभा वा गाउँ सभाले बनाएको कुनै कानुन सङ्घीय संसद् वा प्रदेश सभाले बनाएको कुनै कानुनसँग बाझिएको देखिएमा त्यस्तो कानुन वा त्यसको कुनै भाग बदर घोषित गरी पाऊँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सो निवेदन सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रभित्रको संवैधानिक प्रश्न उठेका विवादका सम्बन्धमा संवैधानिक इजलासले मुद्दाको सुरु कारबाही र किनारा गर्ने व्यवस्था गरिएको छ ।

यसका अतिरिक्त संवैधानिक इजलासले सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबिचको अधिकार क्षेत्रको बारेमा भएको विवादसम्बन्धी निवेदनको सुरु कारबाही र किनारा गर्ने अधिकार राख्दछ ।

त्यस्तै सङ्घीय संसद वा प्रदेश सभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र सङ्घीय संसद्का सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यतासम्बन्धी विवादको निरुपण पनि संवैधानिक इजलासले गर्ने गर्दछ ।

संवैधानिक इजलास बहिष्कार !

गत बुधबार असोज २१ गते प्रधानन्यायाधीश मनोजकुमार शर्माले आफू र सर्वोच्चका न्यायाधीशहरू सपना प्रधान मल्ल, हरिप्रसाद फुयाल, नहकुल सुवेदी र अब्दुल अजिज मुसलमान रहने गरी संवैधानिक इजलास गठन गरे ।

संवैधानिक इजलासमा तोकिएका न्यायाधीशहरू प्रधानन्यायाधीशको चेम्बरमा जम्मा हुँदै थिए, अन्तिममा आएका हरिप्रसाद फुयालले आफू संवैधानिक इजलासमा बस्न नसक्ने बताए ।

न्यायाधीश हरिप्रसाद फुयाललाई इजलास गठनमा प्रधानन्यायाधीश शर्माको मनमौजीप्रति असन्तुष्टि थियो । उनले मनोजकुमार शर्मा प्रधानन्यायाधीश भएपछि आफूलाई एक पटक पनि संवैधानिक इजलासमा नराखिएको, यसअघि वरिष्ठताका आधारमा संवैधानिक इजलास गठन गर्ने अभ्यास भएकोमा अहिले "पिक एन्ड चुज" (प्रधानन्यायाधीशले आफ्नो स्वविवेकका आधारमा संवैधानिक इजलासमा न्यायाधीश छान्ने) प्रक्रियाले गर्दा मुद्दाको प्रकृतिअनुसार आफूलाई मनलाग्ने न्यायाधीश छान्दा सेटिङ्गजस्तो देखिएको भन्दै संवैधानिक इजलास गठनमा एकरूपता कायम गर्न पूर्ण बैठक (फुलकोर्ट) मा छलफल गरेर एउटा निश्चित आधार तय गर्नुपर्ने धारणा राखिएको" बताएका छन् ।

जवाफमा प्रधानन्यायाधीश शर्माले फुलकोर्टमा छलफल गर्न आवश्यक नभएको बताए पनि बुधबार तोकिएको ३८ वटा मुद्दाको सुनुवाइ रोकियो, संवैधानिक इजलास बस्न नसक्ने जानकारी गराइयो ।

यसअघि वरिष्ठताको आधारमा संवैधानिक इजलासमा न्यायाधीश चयन गर्ने परम्परा रहेकोमा प्रधानन्यायाधीश शर्माले पिक एन्ड चुज गर्दा के कुन आधारमा छान्ने ? वरिष्ठता वा गोलाप्रथा वा विषय विज्ञता वा अन्य कुनै ? प्रस्ट नभएको बताइन्छ ।

संवैधानिक इजलास गठन विवाद

सर्वोच्च अदालतमा संवैधानिक इजलास गठनको विषयमा यसअघि पनि विवाद हुने गरेको थियो ।

२०७८ सालमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराको कार्यकालमा प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दाको सुनुवाइका क्रममा जबराले आफ्नो नेतृत्वमा हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा र तेजबहादुर केसी रहेको इजलास गठन गरेका थिए । इजलास गठनपछि मुद्दाको सुनुवाइको क्रममा हरिकृष्ण कार्की जो प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्री केपी ओलीका कानुनी सल्लाहकार अर्थात् महान्यायाधिवक्ताको हैसियतले काम गरेको हुँदा संवैधानिक इजलासमा कार्कीको सहभागितामाथि प्रश्न उठेपछि उनी अलग भएका थिए । पछि कार्कीको ठाउँमा सपना प्रधान मल्ललाई समावेश गरेर इजलास गठन गरिएको थियो ।

दोस्रो पटक प्रतिनिधिसभा विघटनका बखत पनि संवैधानिक इजलास गठनमा न्यायाधीशहरू तेजबहादुर केसी र बमकुमार श्रेष्ठको सहभागितामाथि प्रश्न उठेको थियो ।

यसरी न्यायाधीशहरूबिच मतभेद बढ्दै गएपछि सर्वोच्च अदालतका न्यायाधीशहरूले इजलास बहिष्कार गर्ने अवस्था आएको र त्यसैक्रममा मुद्दाको पेशी गोला प्रक्रियाबाट गर्ने सर्वोच्च अदालतको निर्णय भएको थियो ।

अहिले एकथरी न्यायाधीश तथा नेपाल बार एशोसिएशनले संवैधानिक इजलासमा पनि गोला प्रथा प्रणाली आवश्यक भएको प्रधानन्यायाधीशको व्यक्तिगत तजबिजको विषय बनाइराख्ने प्रवृत्ति देखिएको ठहर गरेको उल्लेख छ ।

संवैधानिक इजलास गठन गर्दा न्यायाधीश छनौट प्रधानन्यायाधीशको तजबिजको विषय बनाउँदा सेटिङ्ग, त्यो पनि सरकारको प्रभावमा आफू अनुकूल फैसला गर्ने न्यायाधीशहरूको छनौट हुन सक्ने प्रबल सम्भावनालाई नकार्न सकिन्न ।

तत्कालीन प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतका बखत ५२ पदाधिकारी नियुक्तिसम्बन्धी विवादको मुद्दामा संवैधानिक इजलासले २०८० असार १८ गते फैसला गर्दा पाँच सदस्यीय इजलासमा प्रधानन्यायाधीशसहित दुई जना न्यायाधीशको फरक मत आएको थियो । उक्त फैसलापछि तत्कालीन प्रन्या राउतले संवैधानिक इजलासमा पनि गोला प्रक्रिया लागु गर्ने प्रस्ताव गरेका थिए ।

चोलेन्द्रदेखि शर्मासम्मको विवाद

सर्वोच्च अदालतमा हालका प्रधानन्यायाधीश मनोजकुमार शर्मा प्रधानन्यायाधीश हुनुभन्दा अगाडि सामान्यतया वरिष्ठताको क्रममा सर्वोच्च अदालतमा प्रधानन्यायाधीश नियुक्ति गर्ने प्रचलन रहेको थियो ।

प्रधानन्यायाधीश सिफारिस गर्ने संवैधानिक परिषदलाई अधिकार दिइएको र संवैधानिक परिषद्ले प्रधानन्यायाधीश नियुक्तिका लागि तोकिएको योग्यता पुगेका सर्वोच्च अदालतका न्यायाधीशहरूमध्येबाट प्रधानन्यायाधीश नियुक्त गर्न सिफारिस गर्न सकिने व्यवस्था रहेको पाइन्छ ।

सोही व्यवस्थाको उपयोग गर्दै बालेन सरकारले सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लको रोलक्रमलाई तोडेर चौंथो बरियतामा रहेका डा. मनोजकुमार शर्मा प्रधानन्यायाधीश पदमा नियुक्ति भएको हुँदा परम्परा तोदिएको थियो ।

तर डा. मनोजकुमार शर्मा प्रधानन्यायाधीश बनेको केही समयमै सर्वोच्च अदालतभित्रको विवाद सतहमा आएको छ । यसअघि प्रधानन्यायाधीशको रोलक्रममा रहेको सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लले मनोजकुमार शर्माको नियुक्तिसँगै २० दिन लामो बिदामा बसेकी थिइन् ।

गत हप्ता सर्वोच्च अदालतको फुलकोर्ट (पूर्ण बैठक) मा प्रधानन्यायाधीशमाथि न्याय सम्पादनमा बाह्य प्रभावको आरोप लागेको चर्चा सेलाउन नपाउँदै गत बुधबार संवैधानिक इजलासमा सर्वोच्च अदालतका अर्को न्यायाधीश हरि फुयाल संवैधानिक इजलास गठन प्रक्रियामा असन्तुष्टि व्यक्त गर्दै संवैधानिक इजलास बहिष्कार गरेको घटनाले सर्वोच्च अदालतभित्रभित्रै सुषुप्त रूपमा रहेको विवाद सतहमा ल्याइदिएको हो ।

संवैधानिक इजलास गठन गर्दा परिणामलाई ध्यानमा राखेर उचित न्यायाधीश छान्ने अभ्यास भयो भने संवैधानिक इजलास गठनमा आशङ्का उत्पन्न हुने नै भयो । जसले इजलास गठन गर्ने अधिकार राखेको हुन्छ, उसैले गडबड गर्न थालेपछि विवाद सतहमा आउनु स्वाभाविक छ । त्यसैले संवैधानिक इजलास गठन प्रक्रिया निष्पक्ष, पारदर्शी तथा निश्चित विधि प्रक्रियाबमोजिमको हुनु जरुरी छ ।

२०८३ असोज २५



कोरियाली मजदुर पार्टी जनताको आदर्श साकार पार्न अग्रसर

प्योङयाङ (केसीएनए) । कोरियाली मजदुर पार्टीले आफ्नो ८१ औँ स्थापना दिवस मनाइरहँदा कोरियाजी जनताको आदर्शलाई यथार्थमा रूपान्तरण गर्ने समयसँगै कोरियाली जनताले सम्मानित महासचिव किम जोङ उनको पार्टी नेतृत्वको इतिहासलाई गहिरो भावनाका साथ सम्झिरहेका छन् ।

सम्पूर्ण पार्टीले जनताको हितको लागि निःस्वार्थ सेवा जनताका लागि समर्पित बनाउने प्रयासलाई निरन्तरता दिँदै व्यावहारिक उदाहरण कायम गरेको उहाँले बताउनुभयो ।

उहाँले अस्थायी घाटी रेलवेमार्फत प्रकोप प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुभयो । उहाँले कार र रबर डुङ्गाबाट बाढी प्रभावित क्षेत्रको निरीक्षण समेत गर्नुभएको थियो । उहाँको समर्पित प्रयासहरूको कारण उत्कृष्ट गाउँ सहरहरूको निर्माण भयो ।

उहाँको आशयअनुसार हाम्रो पार्टीले 'जनताका लागि सबै कुरा र उनीहरूकै भरमा



सबै कुरा' भन्ने नारामा आफ्नो कार्यदिशा र नीति बनाएको छ । कोरियाले जनताको हितको लागि निःस्वार्थ सेवा गरेर उनीहरूको सपना र आदर्शलाई पूर्णतामा ल्याउँदै छ ।

नयाँ घरमा बसाइँ सर्ने घटनाहरू राजधानी र ग्रामीण क्षेत्रमा क्रमशः भइरहेका छन् । जनतालाई सुखसुविधा दिन देशभर नयाँ ऊर्जा औद्योगिक कारखाना, अस्पताल र मनोरञ्जन कम्प्लेक्स निर्माण भइरहेका छन् । वोन्सान काल्मा तटीय पर्यटकीय क्षेत्र र सभ्यता र समृद्धिका अन्य बहुमूल्य सम्पदाले हाम्रो पार्टीको नीति जनताका लागि हो भन्ने प्रमाणित गर्छ ।

"हामी संसारमा सबैभन्दा खुसी छौं" भन्ने गीत देशव्यापी रूपमा गुन्जिरहेको मातृ पार्टीप्रति समर्पित गायन हो । यसले यस भूमिमा सबै मानिसहरूको हेरचाह गर्ने जनताको असीम श्रद्धा झल्काउँछ - चाहे तिनीहरू दुर्गम टापु वा टाढाको पहाडी गाउँमा किन नबसून् ।

महासचिव किम जोङ उनको जनताप्रतिको मायालाई स्मरण गर्दै कोरियाली जनता आफ्नो समाजवादी देशको उज्ज्वल भविष्यमा विश्वस्त छन् ।

चे ग्वेभारा : एक क्रान्तिकारी योद्धा–२

✍ समा

क्युवाली क्रान्ति र क्युवामा समाजवादी व्यवस्था निर्माणको अर्को क्रान्तिमा चे ग्वेभाराको भूमिका या योगदान यो युगले पनि स्मरण गर्छ । नेता फिडेल क्यास्ट्रो र चे ग्वेभाराबिचको सुमधुर मित्रताबारे खुलेर चर्चा यो युगले गर्छ ।

क्युवामा जुलाई २६ को आन्दोलन तुइगिएलगत्तै क्रान्तिकारी सेनाले सन् १९५९ मा राजनीतिक शक्ति हातमा लियो र तत्कालै हवानामा क्रान्तिकारी सरकार गठन गर्यो । फिडेल क्यास्ट्रोसँगै बाटिस्टा तानाशाही व्यवस्थाविरुद्ध सङ्घर्ष गरेका नेताहरू क्रान्तिकारी सरकार गठनमा लागे तर गठबन्धनभित्र द्वन्द्व र असमझदारीहरू देखा परे । फिडेल क्यास्ट्रोले त्यसको समाधानका निम्ति देशैभरि राजनैतिक विद्रोह र परिवर्तनको योजना बनाए ।

चे ग्वेभारा नेतृत्वमा कब्जा गरिएको ला कबाना (la cabana) किल्लालाई क्रान्तिकारी शासनअन्तर्गतको महत्त्वपूर्ण आधारको रूपमा घोषणा गरियो । चे ग्वेभारा त्यो शासन व्यवस्थाको सबैभन्दा बढी सक्षम र प्रभावशाली नेताको रूपमा उदाए । नेता चेले ला कबाना किल्लालाई तुरुन्तै युवाका निम्ति एउटा तालिम केन्द्र या स्कुलको रूपमा विस्तार गरे । यस क्षेत्रमा विविध स-साना फ्याक्ट्रीहरू सञ्चालन गरे । उनले त्यतिबेला भनेका थिए- "निरङ्कुश बाटिस्टा शासनको अन्त्य भए पनि साँचो क्रान्ति अब सुरु हुन्छ । सम्पूर्ण क्युवाली जनताको जीवनमा परिवर्तन नै वास्तविक क्रान्ति हो ।"

बाटिस्टा शासनको अन्त्यपछि क्युवामा समाजवादी व्यवस्था निर्माणको क्रान्ति सुरु भयो । ला कबानामा बाटिस्टा शासनका अपराधीहरूलाई दण्ड र जनतालाई न्याय दिने कार्य उनले थाले ।




जनताको आन्दोलन दबाउने अपराधी, शासक, ठग, हत्याराहरू जेलमा कोचिए । त्यस अभियानविरुद्ध संरा अमेरिकाले प्रत्यक्ष हस्तक्षेप या धावा बोल्यो । संरा अमेरिकाले मानवअधिकारको नारा लगाउँदै नेता चेको व्यक्तित्वमाथि हिलो छ्याप्न सुरु गर्यो । संरा अमेरिकाले चेलाई "ला कबानाको कसाई" भन्दै अपमान गरिरहँदा नेता फिडेल क्यास्ट्रोले त्यसको प्रतिकार गरे । फिडेलले संरा अमेरिकी प्रशासनलाई सन् १९५९ जनवरी २१ मा पत्रकार सम्मेलनमार्फत जवाफ दिए । दोस्रो विश्वयुद्धको समयमा जर्मनी नाजी सेनालाई संरा अमेरिकी सेनाले दण्ड दिएको थियो । नाजी सेनाले युरोपमा अपराध र हिंसा भड्काएको भन्दै संरा अमेरिकी सेना नाजी सेनामाथि निर्मम बनेको इतिहास साक्षी छ । नेता फिडेलले भन्नुभएको थियो -"त्यतिबेला युरोपमा नाजी सेनाले गरेको अपराध र क्युवामा बाटिस्टा सेनाले गरेको अपराधमा कुनै भिन्नता छैन । त्यसकारण क्युवामा चेको नेतृत्वमा थालिएको अपराधीलाई दण्ड दिने अभियान न्यायोचित छ; जनपक्षीय छ ।" बाटिस्टा सेनाले क्रान्ति अघि र क्रान्तिको समयमा आम जनतालाई दिएको शासना महिलाहरूमाथिको बलात्कार र हत्या, किसानहरूको नरसंहार र सियरा मायस्ट्रामा क्रान्तिकारी सेनाविरुद्ध निर्मम प्रहार वास्तवमै जघन्य अपराध थिए । त्यो अपराधविरुद्ध दण्डको आह्वान टेलिभिजन, रेडियो, मेगेजिन र पत्रपत्रिकाहरूबाट पनि हुन थाल्यो । करिब ९० प्रतिशत अपराधीलाई नयाँ क्रान्तिकारी सरकारले दण्ड दियो, जेलमा हाल्यो ।

सन् १९५९ जनवरी १८ मा चेका आमाबुबा अर्जेन्टिनाबाट क्युवा पुगे । त्यही बेला चेले अलाइडालाई बुबाआमासँग भेट गराए । आफ्नो ३ बर्षकी छोरी हिल्डितालाई अलाइडासँग भेट गराए । आफ्नो पहिलो श्रीमतीसँग डिभोर्स गरी अलाइडासँग १९५९ जुन २ मा उनले विवाह गरे । नयाँ सरकारले चे ग्वेभारालाई क्युवाको नागरिक घोषणा गरी सम्पूर्ण अधिकार सम्पन्न बनायो ।

सन् १९५९ मे महिनामा क्युवाका प्रधानमन्त्री फिडेल क्यास्ट्रोले क्युवाका लागि नयाँ कृषि सुधार कानुन अघि बढायो । जमिन जोत्नेलाई दिनुपर्ने र व्यक्तिगत स्वामित्वमा रहेको जग्गा जमिन र सम्पत्ति सार्वजनिकीकरणको प्रक्रिया सुरु गरियो । क्युवाका धनीमानी (जो संरा अमेरिका गई लुकेका थिए) र संरा अमेरिकी लगानीकर्ताहरूले आफू जोखिममा परेको भन्दै संरा अमेरिकी सरकार गुहार्न थाले । नभन्दै केही समयमै संरा अमेरिकी लगानीको चिनी कारखाना घाटामा गयो, न्यूयोर्कको स्टक विनिमय निकै तल झर्यो । यो घटनाले क्युवा र संरा अमेरिकाको सम्बन्ध झन चिसियो । क्युवाको कृषि सुधार र संरा अमेरिकी स्वमित्वका कम्पनीहरू कब्जा गर्ने अभियानमा चे ग्वेभाराको महत्त्वपूर्ण भूमिका थियो ।

नयाँ सरकार गठनको छ सात महिनामै चे नेता फिडेलको अत्यन्त निकटको विश्वास पात्र र सल्लाहकार बन्न सफल भए । क्युवाको तर्फबाट दुई महिना लामो अन्तर्राष्ट्रिय भ्रमणमा चेलाई पठाइयो । अलाइडासँगको विवाहपछिको पहिलो भ्रमण कार्यक्रममा आफ्नो स्वकीय सचिव रहे पनि उनलाई भ्रमणमा सँगै लान चे मानेनन् । श्रीमतीलाई भ्रमणमा सँगै लाँदा अन्य कामरेड (जसले परिवार साथमा लान पाउँदैनन्) हरूलाई खल्लो हुन्छ, सही हुन्न भन्दै उनले सम्झाएका थिए ।

उनले सन् १९५९ जुन १२ गतेका दिन क्युवा छोडे (ग्रान्मामा पाइला टेकेको ३ वर्षपछि पहिलो पल्ट) क्युवाको नयाँ सरकार र समाजवादी देश युगोस्लाभिया, मध्यपूर्वका अरब राज्यहरू र एसियाका विभिन्न देशहरूबिच मित्रवत् सम्बन्ध स्थापना गर्नु त्यो भ्रमणको उद्देश्य थियो । क्युवाको नयाँ सरकार या व्यवस्थामाथि संरा अमेरिकाको सैन्य हमलाहरू रोक्न पनि यी देशहरूको साथ र मित्रता जरुरी थियो । संयुक्त राष्ट्र सङ्घमा सार्वभौम क्युवाको पक्षमा, न्याय र शान्तिको पक्षमा उभिने देशहरू क्युवाका निम्ति आवश्यक थियो । उनले भ्रमणका क्रममा युगोस्लाभियाका नेता जोसेफ टितो, इजिप्टका अब्डेल नासर, अल्जेरियाका अहमडबेन बेला, भारतका जवाहरलाल नेहरू, जनगणतन्त्र चीनका नेता माओ त्सेतुङसँग भेट गरे । फिडेल क्यास्ट्रोलाई चेप्रति पूर्ण विश्वास थियो कि भ्रमणको उद्देश्य पक्कै पूरा हुन्छ ।



चेको नेतृत्वमा पठाइएको त्यो मिसनपछि क्युवाको अस्तित्व र क्युवाली क्रान्तिकारी शासनको अन्तर्राष्ट्रिय प्रभावबारे भएको चर्चाले चेको मिसन सफल देखिएको थियो ।

चे ग्वेभारा अगष्ट १९५९ मा क्युवा फर्के र उनलाई राष्ट्रिय कृषि सुधार संस्थाको औद्योगिकीकरण विभागको संयोजकको भूमिका प्रदान गरियो । तत्कालीन क्युवाको प्रमुख लडाइँ नवऔपनिवेशिक अर्थतन्त्रको रूपान्तरण र कृषि सुधार कार्यक्रम थियो । नेता चेलाई उद्योग मन्त्री बनाइयो । चे भन्नुहुन्थ्यो - "क्युवाको अर्थतन्त्रमा रूपान्तरणको निम्ति कृषि समस्या हल हुन जरुरी छ । कृषि उत्पादन वृद्धिले मात्र अर्थतन्त्रको औद्योगिकीकरण सम्भव हुन्छ ।"

क्युवालाई आवश्यक अर्थात् क्युवाली जनजीवनलाई आवश्यक उत्पादन जस्तै साबुन, जुत्ता-बुट कारखाना, खानी सञ्चालनमा जोड दिइयो । त्यतिमात्र होइन पेट्रोलियम, निकेल, चिनी प्रशोधन र सुर्ती उद्योगहरू सञ्चालनमा तिब्रता दिइयो । उत्पादनलाई विदेश निर्यात गर्ने योजनाले वैदेशिक विनिमय र सम्बन्धको विकासमा टेवा पुग्नु स्वाभाविक थियो । चे ग्वेभाराले त्यसकारण देशको उत्पादनलाई जोड दिए । उत्पादन गर्ने किसान र मजदुरको अवस्था, विज्ञान र प्रविधि चेको चासोको विषय बन्यो । अलाइडाले लेखेकी छिन् -"एउटा भावुक घटना छ, चे खानी मजदुरहरूलाई भेट्न गए, ती मजदुरहरूमाथि बाटिस्टा सरकारले गरेको शोषण अमानवीय मात्र थिएन आपराधिक पनि थियो । खाना, पोषण थिएन, कपडा थिएन, बालबच्चा राख्ने र पढाउने बन्दोबस्त थिएन । खानीभित्र जोखिमविरुद्ध लड्ने साधन थिएन । चेले त्यो नव औपनिवेशिक शासन व्यवस्थाको अन्त्य, शोषणको अन्त्यसँगै मजदुरहरूका निम्ति मान्छे भएर बाँच्ने, श्रमको सम्मान गर्ने वातावरण प्रदान गरे । मजदुरहरूलाई पौष्टिक आहार, डाइनिङ हल, राम्रो घर र बच्चाहरूको लागि शिक्षाको अधिकार प्रदान गर्न अगुवाइ गरे ।"

नेता चे सोही वर्षको नोभेम्बरमा क्युवाको केन्द्रीय बैङ्कको अध्यक्ष नियुक्त भए । त्यो पदमा बस्नु भनेको सिँगो क्युवाको आर्थिक मामिला सम्हाल्ने जिम्मेवारी थियो । त्यसपछि नेता चेले देशको निम्ति आर्थिक/मौद्रिक नीतिहरू बनाए । 'क्युवाले आँखा चिम्लेर वैदेशिक सहकार्य गर्नेछैन । वैदेशिक सहयोग लिने छैन । क्युवाले आवश्यकताअनुसार व्यापार र वित्तीय सम्बन्ध समाजवादी देशहरू र तेस्रो विश्वसँग मात्र अघि बढाउनेछ' भन्ने नीति निर्माण गरे । यसले क्युवाको वैदेशिक नीति निर्माणमा पनि सघायो ।

उनको बुझाइ थियो -"ल्याटिन अमेरिकामा संरा अमेरिकी लगानी र आर्थिक सहयोगका कारण ल्याटिन अमेरिका स्वतन्त्र हुन सकेन । त्यसकारण, अर्थतन्त्रमा आत्मनिर्भरता आवश्यक छ । आर्थिक परनिर्भरता कालान्तरमा राजनीतिक परनिर्भरता बन्छ । त्यसकारण क्युवाको अर्थतन्त्र बलियो बनाउन समाजवादी देशहरूसँगको सम्बन्ध राम्रो बनाउनुपर्छ । ल्याटिन अमेरिकी देशहरू, संयुक्त राष्ट्रहरू, अफ्रिकी, एसिया र मध्यपूर्वमा भर्खरै स्वतन्त्र भएका देशहरूसँगको सम्बन्ध राम्रो बनाउनुपर्छ ।" नेता चेले आणविक मिसाइलका लागि सोभियत सङ्घसँग गोप्य सम्बन्ध राखेन क्युवाली सरकारलाई सघाए । उनको त्यो विवेकपूर्ण कुटनीतिले सन १९६२ मा आइपरेको मिसाइल सङ्कटबाट क्युवालाई जोगायो । तर त्यो सूचना प्राप्त हुनासाथ संरा अमेरिकाले सोभियत सङ्घलाई आणविक मिसाइल फिर्ता लान र क्युवालाई फेरि सहयोग नगर्न धम्की दिएको स्मरण यस पुस्तकले गराउँछ ।

नेता चेले क्युवालाई तेस्रो विश्वको गठबन्धनमा सहभागी गराए । पश्चिमी देशको उपनिवेश भोगेका अफ्रिकी, एसियाली, मध्यपूर्वी देशहरू र अन्य स-साना मुलुकहरू जो साम्राज्यवादविरुद्ध लड्दै थिए ती देशहरूसँग हातेमालो गर्न क्युवाले एक्यबद्धता जनायो । उनले संयुक्त राष्ट्र सङ्घमा क्युवाको प्रतिनिधित्व गर्दा आफ्नो भाषणमा तेस्रो विश्वको गठबन्धनप्रति ऐक्यबद्धता जनाएका थिए । उनको मन्तब्य सुनेर नाम चलेका एक अफ्रिकी अमेरिकी राजनीतिक अभियन्ता माल्कोम एक्सले बोलेका थिए -"अहिले यो देशका एक सबैभन्दा क्रान्तिकारी मान्छे हुन् चे ।"



चेको मन्तव्यको शीर्षक थियो - "उपनिवेशवाद परास्त भयो ।" उनले संरा अमेरिकालाई साम्राज्यवादी र युद्धपिपासु विश्व शक्तिको संज्ञा दिए । भियतनाम, कम्बोडिया र लावसमा संरा अमेरिकी सेनाको हस्तक्षेपको विरोध मात्र होइन अफ्रिकामा संरा अमेरिकी सरकारको हमलाविरुद्ध आगो ओकले । कङ्गो र दक्षिण अफ्रिकामा नवउपनिवेशवादी र जातिवादी शासकहरूलाई कठपुतली बनाउन संरा अमेरिका उद्दत्त रहेकोप्रति खेद प्रकट गरे । संरा अमेरिकी साम्राज्यवाद युद्ध चाहन्छ । विश्व शान्ति र विश्वको उन्नयनबारे संरा अमेरिका सोच्दैन । देशहरूलाई फुटाउने र राज गर्ने नीति, साम्राज्यवादी हमला र प्रभुत्वको नीति, युद्धको पूजा गर्ने प्रवृत्तिविरुद्ध चे ग्वेभाराले उँचो स्वरमा आवाज दिए । उनले क्युवाको विषयमा बोलेका थिए -"हामी समाजवादको निर्माण चाहन्छौं । हामी शान्तिको पक्षपाती हौं । हामी असंलग्न तेस्रो विश्वका देशहरूसँग छौं । हामी मार्क्सवादी-लेनिनवादी विचार बोक्छौं र साम्राज्यवादविरुद्ध सङ्घर्ष गर्दै राष्ट्रिय सार्वभौमसत्ताको निम्ति निरन्तर सङ्घर्ष गर्छौं । हामी शान्तिपूर्ण प्रगति चाहन्छौं । हाम्रा जनताको राम्रो जीवन हाम्रो आकाङ्क्षा हो । त्यसकारण हामी ती यान्कीहरूको बहकाउमा लाग्दैनौं, ती शान्तिका लागि उच्च मूल्य चुकाउन हामीलाई भड्काउँदै छन् । नेता चेले क्युवामाथि लागेको आक्षेप अस्विकार गर्दै बोले -"अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप क्युवाले कहिल्यै गर्दैन तर स्वतन्त्रता र मुक्तिका निम्ति लडिरहेका देशहरूलाई सघाउन हामी कहिल्यै पछि हट्दैनौं ।"

नेता चे स्पष्ट वक्ता थिए । विषयवस्तुलाई घुमाउरो र व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गर्नु उनको विशेषता थियो । समयको आवश्यकताअनुसार वस्तुस्थिति बुझेर व्यावहारिक प्रस्तुति दिनु उनको गुण थियो । उनी अडानमा बस्न रुचाउने र स्पष्ट विचार राख्ने व्यक्तित्व हुन् । उनको व्यक्तिगत समर्पण, इमान्दारी, बफादारी, बलिदानीका कारण उनी महान् बने । उनलाई क्युवाली योद्धाहरू सिद्धान्तको मान्छे, व्यक्तिगत जीवनभन्दा क्रान्तिलाई माया गर्ने क्रान्तिकारी भनी सम्बोधन गर्थे । उनी जनसम्पर्कमा बस्न रुचाउँथे । उनको व्यवहार र व्यक्तित्व देखेर उनलाई पत्रिकाहरूले 'कट्टर कम्युनिस्ट' को संज्ञा दिन्थे । उनी भने आफू व्यावहारिक क्रान्तिकारी मात्र हुँ भन्थे । उनी सपना देख्न रुचाउने साहसी युवा थिए । आफ्नो जन्मभूमि अर्जेन्टिनामा क्रान्ति गर्नु, ल्याटिन अमेरिकालाई संरा अमेरिकाको पञ्जाबाट मुक्त गर्नु र तेस्रो विश्वलाई साम्राज्यवादी दासताबाट स्वतन्त्र गर्नु उनको सपना थियो । त्यसकारण उनी क्युवामा मात्रै बसेनन् । अफ्रिका कङ्गोमा गोप्य मिसनमा गए । कङ्गो जानुअघि उनले आफ्ना आमाबुबालाई लेखेको पत्रमा उल्लेख छ -"म असल सिपाही हुँ या डाक्टर ? असल डाक्टरभन्दा पनि असल सिपाही बन्नु मेरो आत्मगौरव र रोजाइ बन्यो । मार्क्सवादी विचारले मेरो मस्तिष्कमा जरा गाड्यो र मार्क्सवाद यति शुद्ध छ भन्ने महसुस भयो । आफ्नो दासता र शोषणको सिक्री चुँडाल्न लडिरहेका जनताको निम्ति सशस्त्र क्रान्तिको विकल्प छैन भन्ने मलाई विश्वास छ ।" उनी आफ्नो विचारमा जीवनपर्यन्त अडिग रहे । चेले कहिल्यै कल्पना र सुनेको कुरालाई विश्वास गरेनन् । तथ्यतथ्याङ्क र काममा विश्वास गरे ।

चे ग्वेभाराले नेतृत्व गरेको औद्योगिकीकरण क्युवाको लागि सजिलो थिएन । औद्योगिकीकरणका लागि सोभियत रुसको सहयोगमा चेले खोट देखेन थाले । सोभियत रुसप्रति चेको

बाँकी पृष्ठ ८ मा

'गाजाका चिहान खन्नेहरू' - १

✍ अल्फ्रेड डि जायास

तथ्य आउँछन् । तर, तिनले परिणाम दिँदैनन् । किताब आउँछ । तर, तिनको सोधखोज हुँदैन । यति धेरै अनुसन्धान र तर्कहरू अघि सारिएको छ । तर, हाम्रो प्रतिरोध खोइ ? सभ्यताको मर्म, राष्ट्रसङ्घका सारा सिद्धान्त र लक्ष्य, मानव अधिकारको विश्वव्यापी घोषणा सबै दाउमा छन् ।

गाजाको जातिसंहार अर्को राक्षसी होलोकस्ट मात्र होइन । सबैका देखादेखी भएको नरसंहार पनि हो । राष्ट्रसङ्घले केही गर्न सकेन । अमेरिका र युरोपका अधिकांश मान्छेले चुपचाप त्यो नरसंहार हेरे । त्यसैले उनीहरू पनि अपराधका भागी हुन् । मौनम् सम्मति लक्षणम् । नरसंहार हेर्ने रमितेहरूलाई पनि नैतिक दोष लाग्छ ।

३० वर्षदेखि नर्मन फिङ्केल्स्टीनले लगातार एकसेएक किताब लेख्दै आएका छन् । 'विधि र पागलपन', 'म आरोप लगाउँछु', 'धेरै बुझ्दा', 'गाजा', 'दुस्साहसभन्दा पर' र 'होलोकस्ट उद्योग' उनका गम्भीर कृति हुन् ।


भर्खरै उनको पुस्तक छापियो - 'गाजाका चिहान खन्नेहरू' । पुस्तकमा ४ सयभन्दा बढी पेज छन् । यो पुस्तक पश्चिमा शासकहरूको सभ्यतागत टाटपल्टाइको दस्ताबेज हो । सारा मानवीय मूल्यमान्यताप्रति विश्वासघातको दस्ताबेज हो । हाकाहाकी अन्तर्राष्ट्रिय ऐन-कानुन र मूल्यहरूलाई अस्वीकार गर्ने इजरायली कर्तुतको दस्ताबेज हो । यी कुकर्ममा अमेरिका, बेलायत, फ्रान्स, जर्मनी र युरोपेली युनियनले इजरायललाई दिएको साथ-समर्थनको दस्ताबेज पनि हो 'गाजाका चिहान खन्नेहरू' ।

यसमा अर्को साथ रह्यो दुईजिब्रे मूलधारे मिडियाको । तिनले झूटा समाचार, झूटो इतिहास र झूटा कानुन भट्याइरहे । खासगरी प्यालेस्टिनी जनताबारे अनर्गल कुरा काटिरहे । तिनलाई 'आतङ्कवादी' को रूपमा चित्रण गरिरहे । जब कि प्यालेस्टिनी जनतालाई उपनिवेशिक कब्जाको प्रतिकार गर्ने अधिकार छ । अन्तर्राष्ट्रिय कानुनले नै उनीहरूलाई यो हक दिएको छ ।

एक समय नेल्सन मन्डेलालाई पनि 'आतङ्कवादी' भनिन्थ्यो । तर, आफ्ना जनताको मुक्ति सङ्घर्षमा उनको अहम भूमिका रह्यो । दक्षिण अफ्रिकामा रङ्गभेदी शासनको अन्त्यमा ढिलाइ भएको आज सबैलाई थाहा छ । इजरायली रङ्गभेदको अन्त्य कहिले हुन्छ ? प्यालेस्टिनी जनताको भूमि कब्जा गर्ने प्रवृत्ति कहिले बन्द हुन्छ ? अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले यही माग राखेका थिए, आफ्नो पुस्तक 'प्यालेस्टिन : रङ्गभेद होइन शान्ति' ।

पश्चिमा राजनीतिज्ञ र मूलधारे मिडियाले बोली फेरेका छन् । पीडितलाई नै दोष दिँदै छन् । वास्तवमा असली आतङ्कवादी इजरायल हो । यो एउटा आतङ्कवादी राज्य हो । उसले सर्वसाधारणले प्रयोग गर्ने पेजरमा धरापा राख्यो । इजरायली प्रम बेन्जामिन नेतन्याहुले राष्ट्रसङ्घको महासभामा घिनलाग्दो गरी त्यो धरापा देखाए । सन् २०२६ सेप्टेम्बर २४ गतेको दिन ।

इजरायलको जन्म नै आतङ्कवादबाट भएको थियो । बेलायती र प्यालेस्टिनीहरूको हत्या गर्दै त्यो देश जन्मेको थियो । सुरुदेखि नै इजरायल आक्रान्ता देश हो । सही अर्थमा इजरायल एक असफल राज्य हो ।



किनभने, छिमेकीसँग कसरी शान्तिपूर्वक बस्नुपर्छ भन्ने कुरा उसलाई थाहा छैन ।

इजरायलले लेबनन, सिरिया, इराक, इरान, इजिप्टमाथि आक्रमण गऱ्यो । उसले अमेरिकाको जलसेनाको गुप्तचरी जहाज 'युएसएस लिबर्टी' माथि पनि आक्रमण गऱ्यो । त्यो सन् १९६७ जूनको घटना थियो । त्यस आक्रमणमा ३४ जना अमेरिकी जहाजीहरू मारिएका थिए । आफूले थालेको युद्धमा अमेरिकालाई तान्न उसले त्यो आक्रमण गरेको थियो ।

सन् १९४८ मा इजरायलको स्थापना भयो । त्यसपछि नै ऊ एक बदमास राज्यको रूपमा रहिआएको छ । अरब र इस्लामी जगतबीच साम्राज्यवादी 'ग्रेटर इजरायल' स्थापना गर्ने आपराधिक सोचसाथ ऊ बसेको छ ।

इजरायल, अमेरिका र युरोपेली युनियनका सरकारहरू नैतिक रूपमा पतित भइसकेका छन् । यसमा दुई मत हुन सक्दैन ।

अफसोस, आज यथार्थभन्दा त्यसको दृष्टिकोण निर्णायक बन्दै छ । हाम्रो काम आज उपलब्ध सूचनाले निर्धारित गर्दै छ । हाम्रो निर्णय क्षमतालाई मूलधारे मिडियाले फैलाउने घिनलाग्दा भाष्यहरूले बोदो पार्दै छन्, भुत्ते पार्दै छन् । प्यालेस्टिनीहरूविरुद्ध लगातार द्वेषपूर्ण भाषणबाजी गरेर हाम्रो धारणालाई बङ्ग्याइँदै छ । घृणा र हिंसा फैलाउनु आफैमा 'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि' को धारा २० उल्लङ्घन गर्नु हो ।

मूलधारे मिडियाले इजरायली भाष्य प्रसार गर्छन् । विरोधी विचारलाई दबाउँछन् । तिनले झूट मात्र बोल्दैनन् । बरु हामीलाई सग्लो दृश्य देखाउन सक्ने महत्त्वपूर्ण सूचनाबाट वञ्चित गर्छन् ।

सर्वसाधारणको दिमाग भाँडिएको छ । धेरै त आफै भेडो बन्छन् । जुलियस सिजरले यो कुरा धेरै पहिला लेखे, 'दि बेलो सिभिला' मा । उनले लेखेका थिए, "हामी त्यही विश्वास गर्छौं, जे विश्वास गर्न चाहन्छौं ।" रोमनहरू पनि त्यसै भन्थे, "संसार भुक्किन चाहन्छ ।"

हामीलाई इजरायलीहरू 'असल' हुन् र प्यालेस्टिनीहरू 'आतङ्कवादी' हुन् भनी हाम्रो दिमाग भुटिएको छ । त्यसैले प्यालेस्टिनी, लेबनानी, सिरियाली, इरानीविरुद्ध ज्यादती भइरहँदा हामीले समयमा केही गर्न सकेनौं । यो आज नेतन्याहुको मात्र कुरा होइन । सन् १९४८ यताका सबै इजरायली सरकारले यस्ता ज्यादती गरे । तर, हामीले केही गरेनौं ।

मूलधारे मिडियाले मान्छेको दिमाग भुटेका मात्र छैनन् । उनीहरूले हाम्रो विचारको कालिगढी गरेका छन् । प्यालेस्टिनीहरूविरुद्ध भइरहेको नरसंहारबारे हाम्रो विचार उनीहरूले तय गरेका छन् ।

फिङ्केल्स्टनीको पछिल्लो पुस्तकले यहीनिर हामीलाई सजग बनाउँछ । विश्वका धेरै नवयुवामा नयाँ चेतना भर्ने आशा लिएका छन् उनले । उनीहरूलाई जातिसंहारविरुद्ध सडकमा ओराल्न चाहन्छन् । दोषीहरू घरेलु र अन्तर्राष्ट्रिय कठघरामा उभिएको हेर्न चाहन्छन् ।

अपराध यामानको छ । हाम्रा नेताहरूको दोष सानो छैन । यिनले जातिसंहार चलाइरहेको देशलाई सैन्य, राजनीतिक, आर्थिक, कूटनीतिक र प्रचारबाजीको सहयोग गरे । यो सहयोग अझै जारी छ ।

लेखकले राष्ट्रसङ्घको विफलता उजागर गरेका छन् । राष्ट्रसङ्घका केही उच्च अधिकारीको भ्रष्ट चरित्र उदङ्ग्याएका छन् । इजरायलको लहैलहैमा लागेर उनीहरूले जघन्य अपराधमा हात मुछेको खुलाएका छन् ।

उनले राष्ट्रसङ्घका महासचिवका 'विशेष सल्लाहकारहरू', 'स्वतन्त्र आयोगहरू' आदिका लापरबाही उजागर गरेका छन् । अन्तर्राष्ट्रिय न्यायालय तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतका पूर्वाग्रही न्यायाधीशहरूको पोल खोलेका छन् ।

पुस्तकको रूपरेखा

कच्चा इतिहासकार, राजनीतिक रूपमा पूर्वाग्रही प्राज्ञ र पत्रकारहरूले प्रायः इतिहास लेखनको सतही बाटो अपनाउँछन् । उनीहरूले चाहे अनुसार निष्कर्ष निकाल्छन् । आफूले लेखेका कुरा पुष्टि गर्ने सामग्री जम्मा गर्छन् ।

फिङ्केल्स्टीनले अप्ठेरो बाटो रोज्छन् । तथ्यबाट सत्य निकाल्छन् । पाठकहरूलाई हातमा समातेर प्यालेस्टिन-इजरायल द्वन्द्वका जराहरूसम्म पुऱ्याउँछन् । जातिवाद र रङ्गभेदी नीतिको द्वन्द्वात्मक चरित्र कहाँबाट आयो भनी देखाउँछन् ।

झूटा ठहऱ्याउन नसकिने तथ्यहरू जम्मा गर्दै र तिनलाई केलाउँदै उनी जोडदार निष्कर्ष निकाल्छन् - इजरायलले जातिसंहार गरेको छ, गर्दै छ; विश्वका धेरै देश उसका अपराधहरूमा भागिदार छन्; मिडियाले सर्वसाधारणको ध्यान मोडेका छन्; संयुक्त राष्ट्रसङ्घले प्यालेस्टिनीहरूलाई मात्र होइन, विश्वलाई नै धोका दिएको छ ।


फिङ्केल्स्टीनको तर्क बुझ्न पाठकलाई गाऱ्हो हुँदैन । किनभने, उनका तर्कहरू बलिया तथ्यतथ्याङ्कले परिपुष्ट छन् ।

उनी एकएक पाइला गर्दै अघि बढ्छन् । पहिला विस्तृत भूमिका बाँध्छन् । त्यसपछि सन् २०२३ अक्टोबर ७ का दिन 'व्यापक बलात्कार भयो' भन्ने इजरायली भाष्यलाई धुजाधुजा पार्छन् । लगत्तै उनी 'युद्धसम्बन्धी कानुन वा जातिसंहारको तर्क' केलाउँछन् । 'स्वतन्त्र एजेन्ट वा विदेशी एजेन्ट ?' भनी विश्लेषण गर्छन् । यसपछि 'वर्तमानको पुनर्लेखन' शीर्षकमा उनले कसरी जनमतलाई मोडिएको छ भनी व्याख्या गर्छन् । अन्त्यमा दिमागै हल्लाउने निष्कर्षसहित पुस्तक टुंगिन्छ । निष्कर्षमा सबथोक समेटिएको छ । निष्कर्ष अकाट्य छ, गहकिलो छ र छ मुटु पोल्ने ।

यसपछि पुस्तकको परिशिष्टाङ्क आउँछ । यसमा उनले अन्तर्राष्ट्रिय फैजदारी अदालतका विफलतालाई मसिनो गरी केलाउँछन् । इजरायलका अपराधहरूको छानबिनमा भएका भूलचुक औंल्याउँछन् । अन्तर्राष्ट्रिय जलक्षेत्रमा लगिएका फ्लोटिला डुङ्गाहरूलाई इजरायलले पटकपटक पक्राउ गर्नु अवैध थियो । यसप्रति अदालतले आँखा चिम्लेको तथ्य लेखकले औंल्याएका छन् । ती डुङ्गाहरूमा गाजाका आहत जनतालाई अत्यावश्यक औषधि, खाना र राहत सामग्री लगिएको थियो ।

म ३० वर्षसम्म अन्तर्राष्ट्रिय कानुनको प्रोफेसर रहें । यो अनुभवका आधारमा म भन्न सक्छु इजरायलका क्रियाकलाप समुद्री लुटेराको जस्तो छ । उसले समुद्री कानुनसम्बन्धी राष्ट्रसङ्घको अभिसन्धिलाई पटकपटक उल्लङ्घन गरेको छ । राष्ट्रसङ्घको बडापत्रको दफा २(४) मिच्दै बलप्रयोग गरेको छ । अन्तर्राष्ट्रिय फौजदारी अदालतका तत्कालीन प्रमुख अभियोजकको व्यवहार पचाउन गाऱ्हो पर्छ । फातौ बेनसोउदाले हत्याकाण्डको छानबिन थाल्न तीनपल्ट अस्वीकार गर्नु स्वाभाविक छैन । फ्लोटिल्लामाथि इजरायलले तीनपल्ट मारकाट मच्चाएको देखिन्छ । यो आक्रमणले रोम विधानको दफा ७ र ८ उल्लङ्घन हुन्छ । के बेनसोउदालाई इजरायलले धम्की दिएको थियो ? उनीलगायत राष्ट्रसङ्घका धेरै अधिकारीहरूले कुरा चपाएका छन् ।

पुस्तकभरि लेखकले तालिकाको भरपूर प्रयोग गरेका छन् । तालिकामा उनले सम्बन्धित कानुन र तिनको व्याख्यामा गरिएको गडबडी देखाएका छन् । आयोगले पत्ता लगाएका तथ्य र तिनको बुझाइमा गरिएको गोलमाल देखाएका छन् । सम्बन्धित प्रतिवेदन र इजरायलले गरेको तिनको दुरूपयोग देखाएका छन् । इजरायली भाष्यहरू र न्यायाधीशहरूले प्रयोग गरेको भाषामा देखिएको समानता केलाएका छन् । मूलत:



अन्तर्राष्ट्रिय न्यायालयकी न्यायाधीश जुलिया सेबुटिन्डे र फौजदारी अदालतकी प्रमुख अभियोजक फातौ बेनसोउदाले यस्तो भाषा प्रयोग गरेका थिए ।


कतिपय तालिकामा तीन कोलम छन् । जस्तो, पेज १०९ मा न्यायाधीश सेबुटिन्डेले अघि सारेका स्रोत, इजरायल र दक्षिण अफ्रिकाले अघि सारेका स्रोतको तुलना गरिएको छ । त्यसैगरी, पेज ११९ मा दक्षिण अफ्रिकाको अनुरोध, इजरायलको प्रतिक्रिया र न्यायाधीश सेबुटिन्डेका टिप्पणीहरूको तुलना छ । पेज १२२ मा इजलासले औंल्याएका तौरतरिका, त्यसमा न्यायाधीश बाराकको प्रतिक्रिया र न्यायाधीश सेबुटिन्डेको विचार दाँजिएको छ ।

पेज १६९ मा लेखकले न्यायाधीशहरूका निष्कर्ष र परामर्शताहरूको विचार संक्षेपमा राखेका छन् । यो विधि गजब छ । यसमार्फत लेखकले अन्तर्राष्ट्रिय न्यायालय (आइसीसी) र फौजदारी अदालत (आइसीजे) को कामकारबाहीमा लापरबाही भएको देखाएका छन् । उनको निष्कर्ष स्वयम्सिद्ध छ ।

लेखकले विभिन्न विशेष आयोगहरूका प्रतिवेदन केलाएका छन् । आइसीसीका सल्लाहकारका रायहरू र इजरायलविरुद्ध दक्षिण अफ्रिकाले चलाएको मुद्दामा उसले सारेका तर्कहरूको विश्लेषण गरेका छन् । अदालतमा के भइरहेको छ थाहा पाउन र इजरायलले नरसंहार गरे/नगरेको निर्क्योल निकाल्न अन्तर्राष्ट्रिय न्यायालयमा ढिलाइ हुनुको कारण बुझ्न यो विश्लेषणले मद्दत गर्छ ।

सन् १९४८ को जातिसंहार अभिसन्धि जातिसंहार रोक्न मस्यौदा गरिएको थियो । तर, यहाँ जातिसंहारका दस्तावेजी प्रमाण र इजरायलका धेरै सैन्य तथा अन्य अधिकारीहरूका सार्वजनिक अभिव्यक्ति हुँदाहुँदै पनि फौजदारी अदालतमा ढिलाइ

बाँकी पृष्ठ ८ मा



९० वर्षपछि पनि चीनमा लङ मार्चको भावना कायमै, सिमानाभन्दा बाहिरसमेत प्रतिध्वनित



यो वर्ष चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) को १०५ औँ स्थापना दिवस र लङ मार्च (लामो हिँडाइ) को विजयको ९० औँ वार्षिकोत्सव हो। सन् १९३४ देखि १९३६ सम्म चलेको कठिन यात्राले चिनियाँ क्रान्तिको अन्तिम विजयको जग बसाल्न मद्दत गऱ्यो।

झण्डै एक शताब्दीपछि पनि लङ मार्च चीनको इतिहास र विकासको एउटा महत्त्वपूर्ण झ्याल बनेको छ। "लङ् मार्च तपाईको शरीरको मेरुदण्डजस्तै हो जुन चीनको आधुनिक इतिहासमा सही रूपमा जान्छ," अष्ट्रेलियाका प्रकाशक र फिल्म निर्माता ह्यारोल्ड वेल्डनले भन्नुभयो।

चीनका पर्यवेक्षकहरूका लागि, चिकपाका संस्थापक आदर्शहरू र स्थायी मिसनका साथै चिनियाँ राष्ट्रको लचिलो भावना बुझ्नको लागि यस महत्त्वपूर्ण अध्यायलाई बुझ्न आवश्यक छ।

महान मोड

लङ मार्चको विजयले चिनियाँ कम्युनिस्ट पार्टी र चिनियाँ क्रान्तिको लागि महान मोडको रूपमा परिचय बनायो र चिनियाँ राष्ट्रको पुनर्जागरणको ऐतिहासिक प्रक्रियामा एउटा अग्लो स्मारकको रूपमा खडा भयो।

महान सैन्य पदयात्राको क्रममा, चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा रहेको रेड आर्मीले कुओमिन्ताङ सेनाको घेरा तोडेको थियो। लालसेनाका सिपाहीहरूले उग्र नदीहरू, हिउँले ढाकिएका पहाडहरू र विश्वासघाती घाँसे मैदानहरू, केही १२,५०० किलोमिटरसम्मको यात्रा गर्ने साहस गरे।

"यो सायद अभिलेख गरिएको इतिहासमा मानव सहनशीलताको सबैभन्दा ठुलो कथा थियो, मलाई लाग्छ, सामना गर्नुपरेको कठिनाइहरूको सन्दर्भमा," वेल्डनले भन्नुभयो।

लङ मार्च चिनियाँ जनताको अत्याधिक बाधालाई बेवास्ता गर्ने क्षमताको उत्कृष्ट उदाहरण हो र आफ्नो लक्ष्य हासिल गर्न धन र रगतमा ठुलो बलिदान दिन तयार छ, शिकागोको इलिनोइस इन्स्टिच्युट अफ टेक्नोलोजीको स्टुअर्ट स्कूल अफ बिजनेशका अर्थशास्त्रका प्राध्यापक खैरी टुर्कले भन्नुभयो।

केन्याको रेडियो अफ्रिका समूहका सम्पादकीय निर्देशक पा 'ल इलाडोले भन्नुभयो कि लङ मार्चले सैन्य प्रत्याक्रमणलाई निर्णायक राजनीतिक र ऐतिहासिक मोडमा परिणत गऱ्यो। लालसेना ठुलो दबाबमा थियो र घेराबन्दी अभियानमा बाँच्नको लागि उनीहरूको क्षमता आन्दोलनको निरन्तरताको लागि महत्त्वपूर्ण थियो, उहाँले उल्लेख गर्नुभयो।

लङ् मार्चको ऐतिहासिक महत्त्व सैन्य अस्तित्वभन्दा बाहिर फैलिएको छ, इलाडोले भन्नुभयो।

उहाँले भन्नुभयो, चिकपाको क्रान्तिकारी विरासतको एक हिस्साको रूपमालङ मार्चले कठिनाइहरू पार गर्नुपरेको थियो, लामो अवधिमा पछ्याइएका उद्देश्यहरू र सङ्गठन र अनुशासनद्वारा चरम दबाबमा बाँच्नु परेको थियो।

लङ मार्चको दौरान, रातो सेनाका अधिकारीहरू र सिपाहीहरूलाई उनीहरूको शारीरिक सीमाको चरम सीमामा धकेलियो, जसले विश्व सैन्य इतिहासको यो नाटकीय घटनालाई "गौरवपूर्ण मानव चमत्कार" मा परिणत गरेको थियो।

लङ मार्चको भावनाले क्रान्तिकारी वर्षहरूमा ठुला चुनौतीहरू पार गर्ने सम्पूर्ण पार्टी र सबै चिनियाँ जनताको दृढ विश्वास, दृढ इच्छाशक्ति र कहिल्यै हार नमान्ने मनोवृत्तिलाई उजागर गर्छ।

चाइना इन्टरनेशनल कम्युनिकेसन्स ग्रुपका ब्राजिलका पत्रकार वाग्नर लासेर्डा डान्टासले आत्मविश्वास, साहस, अनुशासन, ऐक्यबद्धता, बलिदान र विजयमा आत्मविश्वासलाई सँगै ल्याएर परिस्थिति लगभग असम्भव देखिए पनि सामूहिक लक्ष्यका लागि सङ्घर्ष जारी राख्ने दृढ सङ्कल्पको रूपमा वर्णन गर्नुभयो।

"मलाई सबैभन्दा धेरै प्रभावित पार्ने कुराले लालसेनाको सङ्गठनात्मक एकता र विश्वास थियो, यद्यपि अत्यन्तै कठिन परिस्थितिहरूमा," इथियोपियाको नीति अध्ययन संस्थानका वरिष्ठ सल्लाहकार बाल्यू डेमिसीले भन्नुभयो।

हिउँले ढाकिएको पहाड र दलदलजस्ता चरम प्राकृतिक परिवेशको सामना गर्दै शत्रुको भौतिक रूपमा माथिल्लो फौजको लखेट र अवरोधको सामना गर्दा यो सेना कतिपनि विचलित भएन, बरु अचम्मको अनुशासन र आदर्शवाद प्रदर्शन गर्दै अन्ततः सफलता हासिल गरेको उहाँले बताउनुभयो।

मित्रता, शान्ति र विकासका लागि रुसी-चिनियाँ समितिको विशेषज्ञ परिषद्का प्रमुख युरी ताभ्रोव्स्कीले पनि सहनशीलता, बलिदान, देशभक्ति र बुद्धिलाई लङ मार्चको समयमा बनाएका गुणहरूको रूपमा पहिचान गर्नुभयो। उहाँको विचारमा, अनुभवले सङ्कटको सामना गर्न, परिवर्तनशील परिस्थितिको मूल्याङ्कन गर्न र अगाडि बढ्ने बाटो खोज्न सक्षम नेताहरूको पुस्तालाई आकार दिन मद्दत गरेको छ।

समकालीन इको

लङ मार्च एक विशिष्ट ऐतिहासिक अवधिसँग सम्बन्धित छ र आज चीनको परिस्थिति सन् १९३० कोभन्दा धेरै फरक छ, तर विदेशी पर्यवेक्षकहरूले चिनियाँ कम्युनिस्ट पार्टीको बलियो नेतृत्व र चीनको द्रुत विकासमा यसको स्थायी सान्दर्भिकता देखेका छन्।

इलिनोइस इन्स्टिच्युट अफ टेक्नोलोजीका अर्थशास्त्रका प्राध्यापक टुर्कले भन्नुभयो, आजको वातावरणमा, मानिसहरूले उही मूल्यहरूलाई दृढतापूर्वक धारण गर्न आवश्यक छ जसले लङ मार्चलाई आधुनिक चिनियाँ इतिहासमा एक महाकाव्यको विषय बनायो।

"त्याग, देशभक्ति, लगनशीलता र दृढता जस्ता मूल्यहरूबिना जनताले आफ्नो दिशाको भावना गुमाउनेछन्," उहाँले भन्नुभयो।

"मलाई विश्वास छ कि चीनको कम्युनिस्ट पार्टीले यस्तो प्रतिकूल परिस्थितिमा कसरी विकास गर्न सफल भयो भनेर बुझ्नको लागि लङ मार्चलाई बुझ्नु साँच्चिकै सबैभन्दा राम्रो तरिका हो," ब्राजिलका पत्रकार डान्टासले भन्नुभयो, यसले अनुशासन, एकता, सङ्गठनात्मक क्षमता, स्वतन्त्रता र स्वायत्तताजस्ता विशेषताहरू प्रदर्शन गरेको छ, तथ्यहरूबाट सत्य खोज्दै, र सबैभन्दा माथि विश्वास।

"त्यस अवधिमा पार्टीको ठुलो शक्ति हतियारमा मात्र नभई जनतासँग घनिष्ठ सम्बन्ध कायम गर्ने क्षमतामा रहेको थियो," उहाँले भन्नुभयो।

बुरुन्डीका चीनविज्ञ एटिन बान्कुविहाले जीवन र मृत्युको परीक्षाको बिचमा चिनियाँ कम्युनिस्टहरूले अटल आदर्श र विश्वास प्रदर्शन गरेका र चिनियाँ क्रान्तिको भविष्यका लागि रणनीतिक छनोटहरूलाई निर्णायक बनाएको बताउनुभयो। "चीनका लागि आज यो उत्प्रेरणाको शक्तिशाली स्रोत बनेको छ जसले जनतालाई कठिनाइहरू पार गर्न, चिनियाँ आधुनिकीकरणलाई अगाडि बढाउन र चिनियाँ राष्ट्रको महान कायाकल्पलाई महसुस गर्न प्रोत्साहित गर्दछ," उहाँले थप्नुभयो।

चीनको निङ्जिया हुई स्वायत्त क्षेत्रको भ्रमणको क्रममा, केन्याको रेडियो अफ्रिका समूहका सम्पादकीय निर्देशक इलाडो, कुनै समय खेती गर्न गाह्रो भएको भूमिको रूपान्तरणबाट प्रभावित भएका थिए, जसले उहाँलाई लङ मार्चको विरासतको बारेमा सोच्ने ठोस तरिका प्रदान गऱ्यो।

"जब म चीन पुगेँ र निङ्जिया गएँ, त्यहाँ मरुभूमिलाई कसरी उत्पादनशील भूमिमा परिणत गरियो र आज त्यो क्षेत्र कसरी देश र विश्वका लागि रोटीको टोकरी बनेको छ भनेर म छक्क परेँ," उहाँले भन्नुभयो।

जडान, इलाडोले जोड दिनुभयो, गन्तव्यको दृष्टि नगुमाई लामो अवधिमा कठिन यात्रा गर्ने विचार हो।

कठिन जमिन खेती गर्ने किसान, सिँचाइ पूर्वाधार निर्माण गर्ने इन्जिनियर, खाद्यान्न प्रशोधनमा सुधार गर्ने प्राविधिक वा गरिब ग्रामीण समुदायलाई शिक्षाको लागि छाडेर गएका युवा सन् १९३० को लालसेनाबाट टाढा देखिन्छन्, तैपनि गन्तव्य टाढा हुँदा पनि जारी राख्ने दृढ सङ्कल्पबाट सबै कुरा बुझ्न सकिन्छ, इलाडोले भन्नुभयो।

युगान्डाको डेभलपमेन्ट वाच सेन्टरका रिसर्च फेलो जोशुआ किङ्गडमले समकालीन चुनौतीहरूप्रति चीनको प्रतिक्रियामा लङ मार्चको भावना झल्किएको देख्नुहुन्छ। बाह्य दबाबको सामना गर्ने चीनको प्रयासले कठिनाइको सामना गर्नुको साटो विश्वव्यापी दक्षिणी अर्थतन्त्रहरूसँगको सहकार्यलाई अझ गहिरो बनाउने दृढता र लचिलोपन देखाएको उहाँले बताउनुभयो।

चीन बाहिर

लङ मार्चको महत्त्व चीनको इतिहासभन्दा बाहिर फैलिएको छ। अटल विश्वास, लगनशीलता र सामूहिक भावनाको लङ मार्च भावनाले सिमाना र विचारधाराहरू पार गर्दछ, मानवतालाई प्रतिकूलतालाई पार गर्न र उज्ज्वल भविष्यको लागि प्रयास गर्न प्रेरणा दिन्छ।

इथियोपियाको नीति अध्ययन संस्थानका वरिष्ठ सल्लाहकार डेमिसीले लङ मार्चको सफलताले चिनियाँ क्रान्तिको अन्तिम विजयमा प्रत्यक्ष योगदान गरेको बताउनुभयो। उहाँको विचारमा त्यो इतिहासबाट उत्पन्न भएको स्वतन्त्र र आधुनिक राज्य बहुध्रुवीयता, दक्षिण-दक्षिण सहयोग र ग्लोबल साउथको उदयका लागि महत्त्वपूर्ण शक्ति बनेको छ।

लङ मार्च चिनियाँ राष्ट्रको विकासको एउटा अग्लो स्मारक मात्र होइन, बरु स्वाधीनता, स्वतन्त्रता र मुक्तिको खोजीमा सम्पूर्ण मानवजातिको लागि बहुमूल्य आध्यात्मिक सम्पत्ति पनि हो, बुरुन्डियन सिनोलोजिस्ट इटिनले भन्नुभयो।

"ग्लोबल साउथको फराकिलो परिप्रेक्ष्यमा हेर्दा लङ मार्चले एउटा बाध्यकारी बिन्दु साबित गर्छ: वास्तविक मुक्ति र समृद्धि हासिल गर्न देश र यसका जनता आफ्नै परिस्थितिबाट अघि बढ्नुपर्छ, स्वाधीनता र आत्मनिर्भरतालाई कायम राख्नुपर्छ र एकता र सङ्घर्षद्वारा हरेक अवरोधलाई परास्त गर्नुपर्छ," उहाँले भन्नुभयो।

अफ्रिका नीति संस्थानको चाइना-अफ्रिका केन्द्रका कार्यकारी निर्देशक डेनिस मुनेनले लङ मार्चको भावनाले अन्तर्राष्ट्रिय समुदायलाई साझा लक्ष्यमा एकताबद्ध हुन र द्वन्द्व, जलवायु परिवर्तन र गरिबीलाई सम्बोधन गर्न सबै सभ्यताहरूका बिचमा वार्ता गर्न प्रोत्साहित गर्न सक्ने बताउनुभयो।

यी चुनौतीहरू रातारात समाधान गर्न सकिँदैन; उनीहरूलाई निरन्तर प्रतिबद्धता, सहयोग र अवरोधका बाबजुद काम गरिरहने इच्छा चाहिन्छ, उहाँले थप्नुभयो।

युगान्डाको डेभलपमेन्ट वाच सेन्टरका रिसर्च फेलो किङ्गडमले भने कि लङ मार्चको बारेमा एडगर स्नोजस्ता व्यक्तिहरूले लेखेका लेखहरूले विश्वभरका मानिसहरूलाई उत्प्रेरित गरेको छ, "किनभने हरेक व्यक्ति, जहाँ जहाँ भए पनि, उनीहरूलाई जित्ने डर हुन्छ।"

"त्यसोभए, मलाई लाग्छ कि जब तपाईसँग व्यक्तिहरूको उदाहरणहरू छन् जसले विभिन्न चीजहरू जित्नको लागि अतिरिक्त माइल गएका छन् जुन कुनै अर्थमा साँच्चै सम्बन्धित छन्, यसले मानिसहरूलाई उत्प्रेरित गर्छ।" उहाँले भन्नुभयो।

सिन्हुवाको टिप्पणी



गाजाका....

भइरहेको छ । जातिसंहार अभिसन्धिका दफा १-३ का मापदण्ड पूरा भएका छन् । तथापि, फौजदारी अदालतले जातिसंहार हुन दिइरहेको छ ।

लेखकले हामीलाई १५ वर्षअघिको घटना सम्झाउँछन् । दक्षिण अफ्रिकाका न्यायाधीश रिचर्ड गोल्डस्टोनले इजरायलको 'अपरेसन कास्ट लिड' (२००८-९) बारे प्रतिवेदन जारी गरेका थिए । उनी यहुदी मात्र होइन, यहुदीवादी थिए । प्रतिवेदनमा इजरायलका क्रियाकलाप युद्धअपराध र मानवताविरोधी अपराध हुन् भनी निष्कर्ष निकालिएको थियो ।

विगतमा असहज अभिव्यक्ति राख्ने न्यायाधीशहरूले धम्की र दबाब भोग्नुपरेको थियो । इटालीका माफियाविरोधी न्यायाधीशहरू यसका उदाहरण हुन् । उनीहरूमध्ये कतिपयको हत्या भएको थियो ।

गोल्डस्टोनलाई पनि धम्की दिइयो । सन् २०११ अप्रिल १ गते उनले तहल्का मच्चाए । 'वासिङ्टन पोस्ट' मा लेख लेखेर उनले आफ्नो निष्कर्ष फिर्ता लिए । यसका लागि उनले राष्ट्रसङ्घको तथ्य खोज्ने आयोगमा रहेका आफ्ना सहकर्मीसँग सल्लाह गरेनन् । बरु, आयोगको प्रामाणिक निष्कर्षबाट आफूलाई टाढा राख्न एकतर्फी लेख लेख्ने बाटो रोजे । फिङ्केल्स्टीनको टिप्पणी सटिक छ - गोल्डस्टोनले 'आफ्नो र आफ्नो पेशाको बदनाम गरे' । (पेज २९५)

लेखकले आफ्नो मन्तव्य पनि राखेका छन् । शीर्षक छ - गाजाविरुद्धको घोषणा : एक शोकगीत । राष्ट्रसङ्घको सुरक्षा परिषद्ले पारित गरेको प्रस्ताव नं. २८०३ (२०२५) लाई लेखक शोकगीत भन्छन् । यो पढ्दा कुनै पनि पाठकको आङ सिरिङ्ग हुन सक्छ ।

विभिन्न पदमा रहेर मैले राष्ट्रसङ्घमा ५० वर्ष काम गरिसकेको छु । वरिष्ठ अधिवक्ता, मानवअधिकार समितिको सचिव, याचिका विभाग प्रमुख, परामर्शदाता, स्वतन्त्र विज्ञ, प्रतिवेदक, राष्ट्रसङ्घलाई सल्लाह दिने अनेक गैरसरकारी संस्थाका अध्यक्षको रूपमा मैले सेवा गरिसकेको छु । यसर्थ, फिङ्केल्स्टीनको निष्कर्षलाई म राम्ररी बुझ्छु । म हुन्थेँ भने मेरो भाषा उनको जस्तो तिखो हुने थिएन । किनभने, म आशावादी हुने स्वाभाव छ मेरो । राष्ट्रसङ्घलाई सुधार्न सकिन्छ भन्ने मेरो आशा मरेको छैन । एक दिन राष्ट्रसङ्घले आफ्नो बडापत्रमा उल्लेख सिद्धान्त र उद्देश्य पूरा गर्नेछ भन्ने आशा मलाई अझै पनि छ ।

पेज ३०८ मा फिङ्केल्स्टीन लेख्छन्, "प्रस्ताव २८०३ ले चालु जातिसंहारमा सुरक्षा परिषद्को प्रत्यक्ष संलग्नता देखाउँछ । यसले गाजाका नमारिएका तर प्रताडित र यातना भोगिरहेका जनतालाई अनन्त सहादतको अवस्थामा अलपत्र छोड्यो । प्रस्तावको समर्थनमा चुपचाप हात उठाएर यसले तिनको मृत्युको घन्टी बजायो । अब न्यायका लागि हुने सङ्घर्षलाई नयाँ जगमा पुनः उठाउनुपर्नेछ । अब स्थितिको गम्भीरता बुझेर खुट्टा नकमाइकन सत्य बोल्नुपर्छ - सन् २०२५ नोभेम्बर १७ पछि राष्ट्रसङ्घ सडेको लासमा सीमित भएको छ ।" (पेज ३०८)

शब्द कडा छन् । हुन पनि राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजाका लागि 'शान्ति बोर्ड' गठन गर्ने हास्यास्पद प्रस्ताव राख्दा सुरक्षा परिषद्ले स्वागत गऱ्यो । यसरी उसले आफैले पारित गरेका सयौँ प्रस्तावलाई रद्दीको टोकरीमा फाल्यो । १९६७ नोभेम्बरमा पारित गरिएको प्रस्ताव नं. २४२ लाई बेवास्ता गऱ्यो । राष्ट्रसङ्घको महासभा, इकोसक, मानवअधिकार आयोग, मानवअधिकार परिषद् र अन्तर्राष्ट्रिय न्यायालयका अनगिन्ती फैसला र इजरायल-प्यालेस्टिनका मुद्दामा सल्लाहकारहरूले दिएका तीन राय सबैलाई बेवास्ता गरियो ।

यस्तो प्रस्ताव कसरी ल्याइयो र पारित हुन सक्यो भन्ने कुरा अकल्पनीय छ । यो प्रस्तावमा चीन र रुसले किन भिटो प्रयोग गरेनन् । प्रस्ताव राष्ट्रसङ्घको बडापत्रसँग बाझिन्छ । त्यसैले सुरुबाटै यसलाई अस्वीकार गर्नुपर्थ्यो । किनभने, यसले राष्ट्रसङ्घको बडापत्रमा उल्लेख सिद्धान्त र उद्देश्यलाई उल्लङ्घन गर्छ; विषयलाई 'बाहिर लगेको' नाटक गर्छ; शान्ति प्रक्रियालाई राष्ट्रपति ट्रम्पको पोल्टामा सुम्पिन्छ । जब कि, यो नितान्त सुरक्षा परिषद्को क्षेत्राधिकारभित्र पर्ने विषय हो । के राष्ट्रसङ्घले जानाजान आत्महत्या गरिरहेको हो ?

प्रस्ताव नं. २८०३ अवैध छ भनेर सल्लाहकार राय जारी गर्नका लागि राष्ट्रसङ्घको कुनै पनि सदस्यले अन्तर्राष्ट्रिय न्यायालयमा अर्जी हाल्न सक्छ । अपसोस, यो समीक्षा लेख्दासम्म कुनै पनि राज्यले त्यो साहस देखाएको छैन । तथापि, सन् २०२५ नोभेम्बर १९ गते प्यालेस्टिनका लागि मानवअधिकार परिषद्की विशेष प्रतिवेदक प्रोफेसर फ्रान्चेस्का अल्बानेजीले मिडियामा जोडदार वक्तव्य दिइन् । उनले त्यो प्रस्तावलाई अवैध करार गर्दै भनिन्, "अस्तित्वको सवाल छ । अन्तर्राष्ट्रिय समुदायले गाजा वा प्यालेस्टिनी जनताको सहभागिता र सहमतिबेगर तिनको भविष्यको छिनोफानो गर्न दिनुहुँदैन । न्याय, वैधता र आत्मनिर्णयमा आधारित पद्धतिले मात्र साँचो शान्ति बहाल गर्न सक्छ ।"

पुस्तकको निष्कर्षमा फिङ्केल्स्टीन भन्छन्, "यो पुस्तक झूटलाई उदङ्ग्याउन र सत्य स्थापित गर्न लेखिएको थियो । यसले ज्यान जोगाउनेछैन । गाजाको जातिसंहारले सीमा नाघेको छ । त्यसो भए के यो पुस्तक लेख्नु व्यर्थ छ ? मृतकका दृष्टिमा यो काम व्यर्थ नै हो । तर, बाँचेकाहरूका लागि व्यर्थ होइन । पुस्तकको भूमिकामा राखिएको माग सार्थक छ - इजरायलभित्रका अपराधी मात्र होइन, तिनलाई सहयोग गर्ने बाहिरका उच्चपदस्थहरूको हात पनि रगतमा मुछिएको छ, तिनलाई पनि जवाफदेही बनाउनुपर्छ ।" (पेज २९७)

(लेखक अमेरिकी र स्वीस नागरिक हुन् । हाल उनी स्वीजरल्यान्डको जेनिभा सहरमा बस्छन् । उनी जेनिभा स्कुल अफ डिप्लोमेसीमा कानुनका प्रोफेसर हुन् । अघि उनी राष्ट्रसङ्घको मानवअधिकार उच्च आयुक्त कार्यालयमा वरिष्ठ अधिवक्ताको रूपमा कार्यरत थिए । उनी राष्ट्रसङ्घका पूर्वविज्ञ (सन् २०१२-१८) पनि हुन् । उनले एक दर्जन पुस्तक प्रकाशित गरेका छन् । तीमध्ये 'न्यायपूर्ण विश्व व्यवस्थाको निर्माण' को विश्वचर्चित पुस्तक हो ।

स्रोत : कोभर्ट एक्सन म्यागेजिन । सम्यक)

"सम्पदाको मौलिकता जोगाउनु भावी पुस्ताका लागि इतिहास र पहिचान सुरक्षित गर्नु हो"



भक्तपुर । भक्तपुर दरबार क्षेत्रमा नेपाली वास्तुविद् समाजको ३६ औँ वार्षिक महोत्सवको अवसरमा असोज २४ गते सार्वजनिक वास्तुकला प्रदर्शनी कार्यक्रम सम्पन्न भयो । प्रदर्शनीमा नेपालका मौलिक वास्तुकला, ऐतिहासिक सम्पदा, परम्परागत बस्ती, विभिन्न जातजातिको पहिचान झल्काउने भौतिक संरचना तथा स्थान विशेषको महत्त्व बोकेका विभिन्न भवन र संरचनासम्बन्धी सामग्री प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रदर्शनीको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै विश्व सम्पदा सूचिमा सूचीकृत सहर भक्तपुरमा यस्तो प्रदर्शनी आयोजना हुनु आफैँमा महत्त्वपूर्ण पक्ष भएको बताउनुभयो । उहाँले भक्तपुर आफैँमा इतिहास र संस्कृतिको जीवन्त पहिचान बोकेको सहर भएको उल्लेख गर्दै यहाँका ऐतिहासिक सम्पदाको संरक्षणमा नगरपालिकाले विशेष जोड दिँदै आएको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेजमा वास्तुकला (आर्किटेक्चर) विषयको अध्ययन-अध्यापनको व्यवस्था गरी नयाँ पुस्तालाई मौलिक वास्तुकला र सम्पदा संरक्षणसम्बन्धी ज्ञान प्रदान गर्दै आएको बताउनुभयो । उहाँले २०७२ सालको भूकम्पले भक्तपुरका धेरै ऐतिहासिक सम्पदामा क्षति पुऱ्याएको स्मरण गर्दै नगरपालिकाले स्थानीय जनतासँग हातेमालो गरी क्षतिग्रस्त सम्पदाहरूको मौलिक स्वरूप कायम राख्दै पुनर्निर्माण गरेको जानकारी दिनुभयो । नगरपालिकाले हालसम्म १८५ वटा सम्पदाको पुनर्निर्माण गरेको उल्लेख गर्दै उहाँले सम्पदाको मौलिकता जोगाउनु भावी पुस्ताका लागि इतिहास र पहिचान सुरक्षित गर्नु पनि र हेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले वास्तुकलाको विषय देशको इतिहास, संस्कृति र पहिचानसँग प्रत्यक्ष रूपमा जोडिएको बताउनुभयो । उहाँले कलेज तथा विश्वविद्यालयमा सम्पदा र वास्तुकलासम्बन्धी विषयको अध्ययन-अध्यापनको व्यवस्था हुनुले सम्पदा संरक्षणप्रति जनचेतना अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्नुभयो । आधुनिक र परम्परागत वास्तुकलाबिचको सम्बन्धबारे अध्ययन तथा अनुसन्धानले नेपाली सम्पदाको विशेषता र महत्त्व उजागर गर्न सहयोग पुग्ने उहाँको भनाइ थियो । उहाँले भक्तपुर नगरपालिकाले ऐतिहासिक सम्पदाको संरक्षण, संवर्द्धन तथा पुनर्निर्माणको क्षेत्रमा गर्दै आएको कार्यबारे चर्चा गर्नुभयो ।

नेपाली वास्तुविद् समाजका अध्यक्ष इश्वरलाल जोशीले प्रदर्शनीको उद्देश्य, महत्त्व तथा वार्षिक महोत्सवका अवसरमा आयोजना गरिएका कार्यक्रमबारे जानकारी दिनुभयो । कार्यक्रममा भवन विभागका एकराज अधिकारी तथा सीएनईटीका अध्यक्ष कृष्णसिंह बस्नेतले पनि वास्तुकला र सम्पदा संरक्षणका विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

कार्यक्रममा अभिषेक बज्राचार्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

प्रदर्शनीले नेपाली मौलिक वास्तुकलाको विविधता, ऐतिहासिक सम्पदाको महत्त्व तथा परम्परागत बस्ती र भवनहरूको संरक्षण आवश्यकताबारे सर्वसाधारणलाई जानकारी गराउनुका साथै नेपालको सांस्कृतिक पहिचान संरक्षणमा वास्तुकलाको भूमिकालाई उजागर गरेको छ ।

चे...

धारणा बदलिनुको कारण भने निकिता खुस्चेवको नेतृत्वको सोभियत रुसले विस्तारै साम्राज्यवादी आचरण देखाउनु थियो । त्यही समय उनले जनगणतन्त्र चीनको भ्रमण गरे । चीन र नेता माओ त्सेतुङ तत्कालीन सोभियत रुसप्रति फरक धाराणा राख्थे । खुश्चेभ नेतृत्वको सोभियत सङ्घमा संसोधनवाद हावी भएको र विस्तारै सामाजिक साम्राज्यवादमा पतन भएको सङ्केत नेता माओले गर्नुभएको थियो । चे ग्वेभारा नेता माओको विचारसँग सहमत थिए । त्यतिमात्र होइन तेस्रो विश्वसम्बन्धी नेता माओको विचारबाट चे ग्वेभारा प्रभावित थिए । 'विश्व तीन भागमा विभक्त छ । संरा अमेरिकी साम्राज्यवाद र रुसी सामाजिक साम्राज्यवाद पहिलो विश्व, विकसित देशहरू र साम्राज्यवादको समर्थक देशहरू दोस्रो विश्व र स-साना विकासोन्मुख देशहरू तेस्रो विश्व जसमा ल्याटिन अमेरिका, अफ्रिका, चीनसहितको एसिया पर्छ ।' पहिलो विश्व अर्थात् विश्व साम्राज्यवादविरुद्ध तेस्रो विश्व एकजुट हुनुपर्ने र भविष्यमा साम्राज्यवादको पतनको भाग्य तेस्रो विश्वले नै लेख्ने माओको दूरदृष्टिबाट चे ग्वेभारा प्रभावित थिए । उनले दक्षिणपन्थी अवसरवादको खाल्डोमा भासिँदै गरेको सोभियत रुसविरुद्ध खुलेर तर्कवितर्क गर्न थालेका थिए त्यतिन्जेलसम्म क्युवाले सोभियत रुसबाट वैदेशिक ऋण र सहयोग लिन बन्द गरेको थिएन । त्यसकारण, सोभियत रुस पक्षधर क्युवाली नेताहरूबाट चे ग्वेभाराले हमला व्यहोर्न पर्यो । यद्यपि, उनले स्पष्टसँग आफ्नो धारणा राखे - "वर्तमान विश्वमा क्युवाको समाजवादी व्यवस्था जोगाउन र देशलाई दुर्घटनाबाट जोगाउन सोभियत रुसबाट अलग्गिनुको विकल्प छैन ।" त्यो विषयमा नेता फिडेलले मनन् गरेका थिए । नेता फिडेलले नै चे ग्वेभारालाई अफ्रिकाको मिसनमा जान उत्साहित गरेका थिए । नभन्दै सन् १९६५ तिर चेले क्युवाली सरकार या क्याबिनेटमा राजिनामा दिए ।

उनले आफ्नी श्रीमती र ५ सन्तानलाई क्युवामै छोडेर अफ्रिका गए, क्युवाबाट जाँदा उनले परिवारका लागि सम्पत्तिको नाममा आफ्नो नाम र सत्कर्म मात्र छोडेका थिए । बोलिभियाबाट आफ्नो जीवनसङ्गिनीलाई सप्रेम पठाएको पत्र पुस्तकमा छ । उनको पुस्तक क्युवामा "समाजवाद र मान्छे" पुस्तकबारे चर्चा छ । मानवताप्रतिको प्रेम, मानवजातिप्रतिको करुणाले मान्छेलाई सत्कर्ममा डोऱ्याउँछ । मानवताप्रतिको मायाले नै समर्पण र सङ्घर्षका लागि ऊर्जा प्राप्त हुन्छ । उनले लेखेका छन् -"सच्चा क्रान्तिकारी मानवताका लागि प्रेमको बलियो भावनाले मार्गनिर्देश बनेको हुन्छ ।" उनी क्रान्ति अनिवार्य छ भन्थे -"क्रान्तिबाहिर जीवनको गुञ्जायस पनि हुँदैन । नयाँ समाजवादी समाज मात्र महिला र पुरुष दुबैका लागि बाँच्न योग्य समाज हो ।"

फिडेल क्यास्ट्रोले चेका बारेमा बोलेका थिए -"उनी मानव हुनुको मिसाइल हुन् । उनी जीवन्त उदाहरण हुन् । उनको जीवन बाँच्ने शैली उदाहरणीय छ । व्यक्तिगत त्याग, समर्पण र बलिदानीको उनी बेजोड आदर्श हुन् । युवाहरूका निम्ति उनी रोल मोडल हुन् । मानव जातिको भविष्य, देशको स्वतन्त्रता र मानव मुक्तिको बाटो क्रान्ति हो । क्रान्तिका निम्ति विचार र सिद्धान्त जरुरी हुन्छ भन्ने आदर्शका धनी हुन् चे ग्वेभारा ।"

अफ्रिकाको मुक्ति युद्धमा क्युवाको



योगदान गज्जबको छ । त्यसको सुरुआत चे ग्वेभाराले गरे । कङ्गो मात्र होइन अङ्गोलामा क्युवाली सेना लड्न गएको इतिहास छ । क्युवाली जनताको ७ प्रतिशत अर्थात् ४५०००० (चार लाख पचास हजार) क्युवाली सेना अफ्रिकाको मुक्ति सङ्घर्षमा सहभागी बने । नेल्सन मण्डेला नेतृत्वको जाति र रङ्गभेदविरुद्धको आन्दोलनमा क्युवाले सघायो । राष्ट्रपति मण्डेलाले लेखेका छन -"क्युवालीहरू डाक्टर, शिक्षक, सिपाही, कृषि विज्ञका रूपमा आए हामीलाई सघाए तर औपनिवेशिक व्यवहार गरेनन् । साम्राज्यवादी र उपनिवेशवादी देशहरूसँग लड्न सिकाए, सघाए । सयौँ क्युवाली योद्धाहरूले हाम्रो मुलुकको मुक्तिको निम्ति बलिदानी दिए । क्युवाको नि:स्वार्थ अन्तर्राष्ट्रवादप्रति शिर निहुराएर सम्मान ।"

नेता चेको उपस्थितिले कङ्गोका जनताको जीवनमा आएको परिवर्तनबारे पनि पुस्तक बोल्छ । तर उनको कङ्गो मिसन सफल भएन । उनको अन्तिम मिसन बन्यो बोलिभिया तर उनी त्यहाँबाट फर्कन पाएनन् । ल्याटिन अमेरिका मुक्त गर्ने सपनाको पहिलो पाइला थियो बोलिभिया । तर, उनको सानो गुरिल्ला सेना बोलिभियाली सेनाबाट सन १९६७ अक्टोबर ९ मा समाप्तिए । उनको बोलिभिया मिसनबारे आलोचनात्मक धारणा पनि नभएका होइनन् ।

उनको हत्याको १२ वर्षपछि निकारागुवामा सान्डिनिस्ता क्रान्तिकारी आन्दोलन अघि बढ्यो र त्यहाँको सोमोजा तानाशाही शासन अन्त्य भयो । १० वर्ष लामो चलेको त्यो आन्दोलनको ऊर्जा या रोल मोडल चे ग्वेभारा थिए । सन् १९९४ मा दक्षिण मेक्सिकोमा क्रान्तिकारी आन्दोलन अघि बढ्यो जसको जग चे ग्वेभाराले हालेका थिए ।

चेको लासलाई सङ्केत नराखिएको चिहानमा गाडिएको थियो । बोलिभियाको भालेग्रान्डेबाट ८ अक्टोबरमा उनको अस्थि क्युवा ल्याई सान्ता क्लाराको समाधिमा राखियो । क्युवा र क्युवाली जनताले उनलाई क्युवाली क्रान्तिको विरासतको रूपमा अभिनन्दन गरिरहनेछ । एक बौद्धिक, राजनीतिक र सैन्य नीतिमा अब्बल व्यक्तित्वको रूपमा पुग्न छोड्नेछैन । युवाहरूलाई चे ग्वेभारा बन्नु भन्ने आशीर्वाद मिल्छ क्युवामा । युवाहरू गाउँछन् -"हामी चे ग्वेभारा जस्तै बन्नेछौं ।" चेको हत्या गरेको बोलिभियामा उनको मृत्युको ३९ वर्षपछि समाजवादी नेता इभो मोरालेस राष्ट्रपति बने ।

उनले आफ्नो कार्यकालको सुरुआती भाषणमै चे ग्वेभाराप्रति श्रद्धाञ्जली व्यक्त गरे । आफ्नो कक्षमा चे ग्वेभाराको फोटो ससम्मान टाँगे । उनले रोपेको क्रान्तिको बिउ ल्याटिन अमेरिका, अफ्रिका, मध्य पूर्वी देश र एसियाली देशहरूमा हुर्कँदै छ । उनी भविष्यका क्रान्ति र परिवर्तनहरूको पनि ऊर्जा बन्नेछन् । विश्व युवा मनको क्रान्तिकारी भावनाको स्रोत बनिरहन्छन् ।

कविता

चुँडिने हरेक बन्धन, स्वतन्त्रताको भूमिका बन्छ

✍ हरिबहादुर श्रेष्ठ

(१)
भर्खर काम सिक्न लागेका कालिगड
आफ्नै ज्यावलदेखि रिसाए जस्तै
कति हाकिम बनेका अयोग्य मपाईंहरू
आफ्नै मित्रहरूबाट रिसाउँछन्,
आफ्नै छायाँलाई आफ्नै शत्रु सम्झेर अनाहक तर्सन्छन्
भित्री अपराध र पाप पोलेर बरबराउन थाल्छन्
मतिभ्रम र बुद्धिहीन भएर तिनीहरू
दूधे ढुङ्गालाई हिलो छ्यापेर मैलाउन र गलाउन खोज्छन्
एक ढुङ्गा फालेर महा-सागरलाई धमिल्याउन खोज्छन्,
दनदन बलेको सूर्यलाई तिनीहरू
थुकेर निभाउने दुस्साहस र मूर्खता गर्छन्
जाज्वल्यमान भएर बलिरहेको चिरागलाई
खान खोज्ने कीरा-फट्याँग्राहरू जस्तै तिनीहरू
क्रान्तिको बल्दो ज्वालालाई 'सस्पेण्ड', 'मुल्तवी' र
'कारबाही' को मूर्खताले निभाउन खोज्छन् ।

(२)
'तर्कहीन मानिस रिसाउँछन्' लेनिनले हामीलाई सिकाउनु भएको छ
क्रान्तिको बोली बोल्ने तर भाव र भाषा नबुझ्ने
नक्कली क्रान्तिकारीहरू तर्कले हारेर
रिस पोख्न चाहन्छन्, लाज छोप्न चाहन्छन् बहुलाएर
हिमालयमाथि 'कारबाही' को मुक्का हानेर आफै मार खान्छन् ।

(३)
उज्यालो देख्न नसक्ने अन्धाहरू
घाम देख्न नसक्ने चमेरा र लाटाकोसेराहरू
सच्चाइको निम्ति लड्न नसक्ने हुतिहारा क्रान्तिकारीहरू
निर्लज्ज भएर बाँचिरहेका पशुहरू
धिक्कार छ, तिमीहरूलाई बारम्बार धिक्कार !
न्यायको निम्ति लड्न नसक्ने कातर 'बहादुरहरू'
'ज्यू' 'हजुर' ले मक्किएका दरबारियाहरू
सबै अर्थमा कासीबास पाएका जिउँदा मूर्दाहरू
आफ्नो मुकुण्डोलाई उघार
नत्र तिमीहरूलाई जनता आफै नङ्ग्याउने छन् ।
'कारबाही' को नामबाट आफ्नो पाप पखाल्न खोज्ने
हार स्वीकार्न नचाहने लाजमर्दा ए, जिउँदा लासहरू
मर, मर आफ्नै थुकमा डुबेर मर !
लाज पचिसकेका जाली-फटाहा, बेसर्मी ठग र भँडुवाहरू
'एकताको नाममा फूटका बीउ छर्ने' स्वार्थी कीराहरू
खोर्सानीको बोटहरूमा झुण्डिएर मर, आफै सेरिएर मर !
पटुचामा डुबेर मर्न नसक्ने
'नाँगा नाचे हजार दाऊ' का हकदारहरू
'कार्बाई' को बञ्चरोले आफ्नै खुट्टामा हिर्काउने मूर्खहरू
तिमीहरू आफ्नो चिहान आफै खन्दै छौ ।

(४)
तर याद गर !
उठ्दो क्रान्तिकारी ज्वार र जवानीमाथि
सडे-गलेको संशोधनवादको कसिदै जाने हरेक बन्धन
टुक्रा-टुक्रा भएर चुँडिनेछन्, र
त्यस्ता चुँडिने हरेक बन्धन
स्वतन्त्रता र मुक्तिको निम्ति एक भूमिका बन्ने गर्छ ।

(फेब्रुअरी र मार्च १९७६)

स्रोत: आकाश बाँधिएको छैन

पुँजीवादी सरकारमा गएर जनताको हित गर्न नसकिने



भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा विजया दशमीको अवसरमा नगरस्तरीय किसान कार्यकर्ताहरूको असोज २४ गते चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

उक्त चियापान कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्लाका उपाध्यक्ष एवम् चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले सरकारले देश र जनताको हितमा विकास नगरी जनताको टाउकोमा ऋणको भारी बोकाउने काम गरेको आरोप लगाउँदै एमाले, काङ्ग्रेस, माओवादी पार्टीका जनप्रतिनिधिहरू भएको स्थानीय तहका नगरपालिकाले कलेज, अस्पताल खोलेर सेवा नगरेको बताउनुभयो ।

पुँजीवादी सरकारमा गएर जनताको हित गर्न नसकेको उल्लेख गर्दै उहाँले शोषित पीडित जनता एकजुट भई समाजवाद स्थापना गर्न नेमकिपाले जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा गणेशराम सुवालले किसानहरूको सङ्घर्षबाट मोहियानी हक जोगाउन सफल भएको हो भन्नुभयो । उहाँले 'जुन जोगी आए पनि कानै चिरेका' भनेझैं एमाले, काङ्ग्रेस, माओवादी, रास्वपालगायतका पार्टीहरू सरकारमा गएर रासायनिक मल कारखाना खोल्न नसकेको हुँदा ती पार्टीहरूले जनताको हित नगर्ने बताउनुभयो ।

कार्यक्रम आयोजक समितिका अध्यक्ष नारायणभक्त न्हेम्हाफुकीको सभापतित्वमा भएको थियो ।

त्यसैगरी नेपाल क्रान्तिकारी महिला सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा विजया दशमी, शुभदीपावली, नेपाल संवत् ११४७ र छठको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले दसैं र शुभ दीपावलीको अवसरमा गाउँ, टोल तथा बस्ती-बस्तीमा सरसफाइ गर्ने, नयाँ नयाँ किताबहरू पढ्ने र सृजनात्मक गतिविधिमा समाहित भई चाडपर्व मनाउनुपर्ने बताउनुभयो ।

उहाँले आफ्नो आर्थिक अवस्थाअनुसार खर्च गरी चाड मनाउनुपर्ने, अरुको देखासिकी गरी अनावश्यक खर्च गर्न नहुने, मितव्ययिता अपनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले अत्यधिक मदिरापान र जुवातासबाट टाढा रहनुपर्ने र टाढा राख्न आवश्यक रचनात्मक क्रियाकलापहरू गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले विद्यार्थीलाई अनुशासनमा राख्ने, कपाल काट्न लगाउने, विद्यालयको पोशाक लगाउने, कक्षाकोठामा शान्त र अनुशासित रहन र गृहकार्य गर्न प्रेरित गर्ने विषयमा शिक्षकलाई अवरोध गर्न नहुने विषयमा जोड दिनुभयो ।

उहाँले चाँगुनारायण नगरपालिकामा बेथिति, अनियमितता र पक्षपात भएकोबारे चर्चा परिचर्चा हुने भएकोले त्यस विषयमा पनि चाँगुनारायणका जनता सचेत हुन आवश्यक रहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी, भक्तपुरका सदस्य एवं वाग्मती प्रदेश सांसद गीता काफ्लेले महिलाहरू राजनीतिक रूपमा सचेत र सङ्गठित भई देश र जनताको सेवामा समर्पित हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले वाग्मती प्रदेशको संसद्मा प्रमुख प्रतिपक्षको भूमिकामा रही देश र जनताको हितमा आवाज राख्दै आएको जानकारी दिनुभयो ।

नेत्रा महिला सङ्घ, चाँगुनारायण नगर समितिका अध्यक्ष सानु लागेको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा चाँगुनारायण नगर कार्यपालिकाका सदस्य कमला भारती र कविता श्रेष्ठले पनि शुभकामना मन्तव्य प्रकट गर्नुभयो ।

नयाँ पुस्तालाई सेवा गर्ने भावनाबाट अभिप्रेरित गर्नुपर्ने

भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिको आयोजनामा विजया दशमीको शुभ दीपावली, नयाँ वर्ष नेपाल संवत् ११४७ तथा छठपर्वको अवसरमा असोज २२ गते शुभकामना आदानप्रदान कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले चाडवाडमा खानपिनमा विशेष ध्यान पुऱ्याउनुपर्छ भन्नुभयो । हरेक राजनैतिक कार्यकर्ता पार्टीको खम्बा हुने उल्लेख गर्दै उहाँले स्वस्थ व्यक्तिले मात्र देश र जनताको सेवा गर्न सक्छ भन्नुभयो । अहिले सांस्कृतिक क्षेत्रमा नयाँ पुस्तालाई हस्तान्तरण भएको समय सान्दर्भिक भएको उल्लेख गर्दै उहाँले नयाँ पुस्तालाई राजनैतिक रूपले सचेत पारी सेवा गर्ने भावनाबाट अभिप्रेरित गर्नुपर्छ भन्नुभयो । शासक पार्टीहरूकै अकर्मण्यताले देशको सम्पत्ति ध्वस्त भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "आज नेपाल अमेरिकी दास बनेको छ, नयाँ भनाउँदा दलहरू पुराना शासकहरूभन्दा कम छैनन् ।"

नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका प्रतिनिधि विष्णुराम दुमरुले हेपिएका मजदुर किसानहरूले सैद्धान्तिक रूपले परिपक्व हुन पार्टी प्रकाशनहरू निरन्तर अध्ययन गर्नु आवश्यक छ भन्नुभयो । विदेशमा गएका युवाहरूलाई स्वदेश फर्काई रोजगारीको बन्दोबस्त गरिदिन्छु भन्ने शासकहरूले युवाहरूलाई विदेशमा पठाइरहेका छन्; भ्रष्टाचार अन्त्य गर्न सकेका छैनन्; सुशासन कायम गर्न सकेका छैनन्, उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गङ्गाराम ज्याख्वको सभापतित्वमा भएको उक्त कार्यक्रममा पूर्णगोपाल राजचल, आर. प्रजापति र लक्ष्मीभक्त दुवालले पनि शुभकामना मन्तव्य राख्दै आ-आफ्नो धारणा राख्नुभएको थियो ।

के तिमी 'निरङ्कुश राजा' हो ?

• स्नेह

२०८२ भदौ २४ गते बिहान
राजीनामा नदिने तिम्रो अडान
अपराह्न कसरी बदलियो ?
राष्ट्रपतिलाई भेटेर दिनुपर्ने
राजीनामा सेनालाई बुझाएर
तिमी कहाँ बेपत्ता भयौ ?
के तिमीले सहीदका जीवनी
दोहोऱ्याएर पढेको त्यसरी भाग्न हो ?

भदौ २६ गते तिमी कहाँ लुक्यौ ?
जनतालाई खबर किन छैन ?
संसद्मा जान नपर्ने गरी
प्रधानमन्त्रीको सिफारिस गर्ने
संविधानको कुन दफामा छ ?
के तिमी 'निरङ्कुश राजा' हो ?
मियो भएर बस्नुपर्ने तिमी
देश जलाइँदा कहाँ भाग्यौ ?
देश खरानी भइसक्यो
दमकल आफैसँग भन्छौ कसरी ?

(२०८३ असोज २१)

छाउगोठमा बस्न बाध्य महिलाहरूको समस्या समाधानमा सरकारले ध्यान दिनुपर्ने

भक्तपुर । देउजागाउँ आधारभूत विद्यालयको २३ औं अभिभावक दिवस छात्रवृत्ति तथा पुरस्कार वितरण कार्यक्रम असोज २४ गते एक समारोहबिच सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् संविधानसभा सदस्य अनुराधा थापामगरले शब्दमा होइन व्यवहारमा देशलाई नयाँ बनाउने हो भने सम्पूर्ण शिक्षा नि:शुल्क, स्वास्थ्य उपचार नि:शुल्क र आत्मनिर्भर अर्थतन्त्रको विकासको लागि उद्योग तथा कृषि क्षेत्रको विकासलाई प्राथमिकतामा राख्न अनिवार्य छ भन्नुभयो ।



सहरिया कामकाजी महिलाका लागि महिनावारी बिदा दिनुभन्दा पनि छाउगोठमा बस्न बाध्य महिलाहरूको समस्या समाधानमा सरकारले ध्यान दिनु आवश्यक भएको उहाँले बताउनुभयो ।

अतिथि थापामगरले चाडपर्व नजिकिँदै गर्दा सरकारले महँगी नियन्त्रण गरेर जनतालाई राहत दिनुको साटो उल्टै देशलाई विदेशी ऋण बोकाएर टाट पल्टाउने गतिविधिमा केन्द्रित भइरहनु चिन्ताको विषय हो भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यभक्त त्वातीको सभापतित्वमा भएको कार्यक्रममा सूर्यविनायक नगरपालिका वडा न. १० का वडाध्यक्ष शिवराम राउत, नेपाल क्रान्तिकारी शिक्षक सङ्घका सुरेश बखुन्छैं, प्रअ राजकुमार श्रेष्ठ, शिक्षक निर्मल माक, विद्यार्थीद्वय बालिका विक र जेनिशा राइले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि अनुराधा थापामगरले कक्षागतरूपमा प्रथम, द्वितीय र तृतीय हुनेहरूलाई पुरस्कार तथा छात्रवृत्ति प्रदान गर्नुभयो ।

कार्यक्रममा भद्रकाली दाफा भजन समितिले बाँसुरी बाजा र विद्यार्थीहरूले विविध सांस्कृतिक प्रस्तुति प्रदर्शन गरेका थिए ।

सन्दर्भ : माडागास्करको जेनजी आन्दोलन

साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन ४२

✍ रामरतन चौधरी

सन् २००५ अप्रिल १५ मा माडागास्कर र अमेरिकाको मिलिनियम च्यालेन्ज कर्पोरेसन (MCC) बिच एमसिसी सम्झौता (Compact) भएको थियो। माडागास्कर एमसिसी सम्झौतामा हस्ताक्षर गर्ने विश्वकै पहिलो देश हो। माडागास्कर र एमसिसीबिच ४ वर्षे अवधिको निम्ति ११० मिलियन अमेरिकी डलरको सम्झौतामा हस्ताक्षर भएको थियो। जसलाई पछि ५ वर्षका लागि थप गरियो। माडागास्करको ग्रामीण जनतालाई निर्वाहमुखी खेती (Subsistence Agriculture) बाट बजारमुखी अर्थतन्त्रतर्फ डोऱ्याएर गरिबी न्यूनीकरण गर्ने र आयआर्जन बढाउने नाममा एमसिसी सम्झौता गरिएको थियो। यसको निम्ति ग्रामीण क्षेत्रका किसानहरूलाई जग्गाको कानुनी अधिकार र लालपुर्जा प्रदान गर्ने, ग्रामीण क्षेत्रमा ऋणको पहुँच पुऱ्याउने र उत्पादन, व्यवस्थापन तथा बजारीकरणका लागि किसानहरूलाई तालिम दिने भनिएको थियो। तर, सन् २००९ मार्चमा सैन्य विद्रोहद्वारा सत्ता परिवर्तन भएपछि ३१ अगस्ट २००९ मा अमेरिकाले माडागास्करसँगको एमसिसी सम्झौता रद्द गरेको थियो।

डीजेदेखि राष्ट्रपतिसम्म एन्ड्री राजोयलिना (Andry Rajoelina)

एन्ड्री राजोएलिनाको जन्म १९७४ मे ३० मा माडागास्करको एन्ट्सराबे (Antsirabe) मा भएको हो। किशोरावस्थामा उनले डीजेको रूपमा काम गरेका थिए। २००७ मा उनले रेडियो टेलिभिजन रविनाला (Ravinala) खरिद गरेर आफ्नो व्यवसाय विस्तार गरे। उनले सन् २००७ मा 'तानोरा मालागासी वनोना' (Tanora malagasy Vonona) नामको एक राजनीतिक दल बनाएर राजनीतिमा प्रवेश गरे।

सन् २००७ मा राजोएलिना माडागास्करको राजधानी अन्टानानारिभो (Antananarivo) मा मेयर पदका उम्मेदवार बनेर चुनावमा लगभग ६३ प्रतिशत मत ल्याएर जिते। माडागास्करका युवाहरूले उनलाई अन्य भ्रष्ट राजनीतिक दलको विकल्पको रूपमा हेरेका थिए। त्यतिखेर उनी युवाहरूमाझ लोकप्रिय नै थिए।

सन् २००९ मा तत्कालीन राष्ट्रपति रावालोमानाना र भ्रष्टाचारविरुद्ध उनले करिब ३ महिना विरोध प्रदर्शनको आयोजना गरे। उनले राष्ट्रपतिलाई सार्वजनिक कोष दुरुपयोग गरी तानाशाह बनेको आरोप लगाउँदै पद त्याग गर्न आह्वान गरे। विरोध प्रदर्शनमा दर्जनौँ मालागासीको मृत्यु भयो। राजनीतिक सङ्कटले देशमा रावालोमानानाको समर्थनलाई कमजोर बनायो। मार्च १७ मा रावालोमानानाले पद त्यागे र सेनालाई शक्ति हस्तान्तरण गरे। मार्च १७ मा विद्रोही सेना क्यापसाट (CORPS D'ADMINISTRATION DU PERSONNEL DES SERVICES ADMINISTRATIFS ET TECHNIQUES) को समर्थनमा राजोयलिनाले सत्ता हत्याए। सन् २००९ मार्च २१ मा उनले राष्ट्रपतिको शपथ लिए। त्यतिबेला उनी ३५ वर्षका मात्रै थिए। उनी विश्वकै सबभन्दा कान्छो सरकार प्रमुख बने।

त्यतिखेर गैरसंवैधानिक तवरले सेनाले सत्ता कब्जा गरेको भन्दै अफ्रिकन युनियनले पनि माडागास्करलाई निलम्बित गरेको थियो। अन्तर्राष्ट्रिय समुदायले यो घटनालाई 'कू' को संज्ञा दिएर प्रतिबन्धको घोषणा गरे। अन्तर्राष्ट्रिय प्रतिबन्धको कारण माडागास्करको अर्थव्यवस्था झन् कमजोर हुन थाल्यो। रावालोमानानाका समर्थकहरूले नियमित रूपमा राजोएलिना प्रशासनको विरोध गर्न थाले। माडागास्करमा घरेलु अशान्ति जारी रह्यो।

सन् २०१३ को आमचुनावमा उनलाई उम्मेदवार हुनबाट अदालतले रोक्यो। २०१४ मा राजोएलिनाले केही समय फ्रान्समा बिताए। सन् २०१८ नोभेम्बर ७ मा भएको माडागास्करको अर्को चुनावमा राजोएलिनाले ५५ प्रतिशतभन्दा बढी मत ल्याएर विजयी भए। २०१९ जनवरी १९ मा राष्ट्रपतिको रूपमा शपथ ग्रहण गरेर पुन: सत्ताको वागडोर सम्हाले। तर, उनको सरकार अस्थिर बनिरह्यो। सत्तामा बसिसकेपछि राजोयलिनालाई पनि भ्रष्टाचार र नेपोटिजम (भाइभतिजावाद) को आरोप लाग्यो।

राजोएलिना नोभेम्बर २०२३ को राष्ट्रपति चुनावमा पनि उम्मेदवार बने। तर, उक्त चुनाव विवादास्पद रह्यो। राष्ट्रपति पदका लागि उम्मेदवारी दिएका १३ जनामध्ये १० जनाले चुनाव बहिष्कार गरे र आफ्ना समर्थकहरूलाई मतदान नगर्न आग्रह गरे। यसले मतदान कम हुनुका साथै उनको वैधता पनि कमजोर हुन पुग्यो। यद्यपी नोभेम्बर १६ को चुनावमा राजोयलिनाले ५९ प्रतिशत मत ल्याएर विजयी भए।

सेप्टेम्बर १९ मा राजोयलिनाको सरकारविरुद्ध आन्दोलनको तयारी गर्ने दुई स्थानीय नेताहरू पक्राउ परे। उनीहरू पानी र बिजुलीको विषयमा आवाज उठाउन चाहन्थे। उनीहरूको पक्राउविरुद्ध अनलाइन आन्दोलन सुरु भयो। २५ सेप्टेम्बरसम्ममा सडक आन्दोलन अगाडि बढिसकेको थियो। विभिन्न ट्रेड युनियन र विपक्षी पार्टीहरूले आन्दोलनलाई समर्थन गर्दै सडकमा ओर्लिए। पूर्वराष्ट्रपति मार्क रावालोमानाना (Marc Ravalomanana) ले पनि विज्ञप्ती प्रकाशित गरेर आन्दोलनको समर्थन गरे। बढ्दो आन्दोलनलाई शान्त पार्न राजोयलिनाले सेप्टेम्बर २९ मा आफ्नो प्रधानमन्त्रीलगायत मन्त्रीमण्डल विघटन गरे। तर, पनि प्रदर्शनकारीहरूले चित्त बुझाएनन्। ७ अक्टोबरमा प्रदर्शनकारीहरूले संवैधानिक न्यायालयको पुनर्गठन, सिनेट विघटन र हिंसाको निम्ति सरकारले सार्वजनिक माफी माग्नुपर्ने माग गरे। राजोयलिनाको सरकारले यो माग पुरा नगरेपछि सडकमा 'राजोयलिना राजीनामा दे!' को नारा लाग्न थाल्यो। पुलिससँग झडप भयो। प्रहरीको गोलीबाट विद्यार्थीहरूको मृत्यु भयो। राजोयलिना प्रशासनले प्रदर्शनकारीलाई वार्ताको प्रस्ताव गरे। अक्टोबर ८ मा प्रदर्शनकारीहरूले वार्ताको प्रस्ताव अस्वीकार गरे।

२०२५ अक्टोबर ९ मा माडागास्करको एन्तानानारिभोमा संवैधानिक सुधार र राष्ट्रपति एन्ड्री राजोएलिनाको राजीनामाको माग गरेर प्रदर्शन भयो। प्रदर्शनकारीहरूले 'मियाला राजोएलिना' (राजोएलिना गद्दी छोड्!) सन्देश लेखिएको प्लेकार्ड बोकेका थिए। एन्तानानारिभोमा भेला भएका केही प्रदर्शनकारीहरूले प्रतिरोधको प्रतीकको रूपमा रङ्गीन परालको टोपी लगाएका थिए। प्रदर्शनकारीहरूले मालागासी झण्डा र माङ्गा श्रृङ्खला 'वान पिस' बाट स्ट्र ह्याट पाइरेट्सको जोली रोजर झण्डा पनि बोकेका थिए।

(यो जापानी लेखक एइचिरो ओडाले लेख्नुभएको ग्राफिक उपन्यास 'वान पिस' का पात्र मङ्की डी लुफीको झन्डा हो। यसमा हाँसिरहेको खप्परमा क्रस हड्डी र परालको टोपी लगाइएको हुन्छ। यसले स्वतन्त्रता, अन्याय र तानाशाहीविरुद्ध विद्रोह तथा दमनविरुद्धको प्रतिरोधलाई सङ्केत गर्छ। विभिन्न देशमा नयाँ पुस्ताका युवाहरूले विरोध प्रदर्शनको क्रममा यो झन्डाको प्रयोग गर्दै आएको देखिन्छ।)

अक्टोबर १२ को दिन राजोयलिनालाई सत्ता दिलाउने क्यापसाइट सेनाले नै प्रदर्शनकारीविरुद्ध कसैको पनि आदेश पालना नगर्ने घोषणा गऱ्यो। त्यसपछि राजोयलिना फरार भए। भोलिपल्ट फेसबुकमा एउटा भिडियो पोष्ट गरेर "सेनाका केही व्यक्तिहरूबाट हत्याको प्रयास भएको र त्यसबाट आफू बचेको" दाबी गरे। उनले राजीनामा नदिने पनि बताए। अक्टोबर १४ मा राजोएलिनाले फेरि राष्ट्रपतिको फेसबुक पेजमार्फत राष्ट्रियसभा भङ्ग गर्ने घोषणा गरे। तर, व्यवस्थापिकाले उनको घोषणालाई कानुनी आवश्यकता नरहेको भन्दै मान्यता दिएन। उनलाई महाभियोग लगाएर पदबाट हटाइयो।

एन्तानानारिभोमा राजोएलिनालाई उनको दोहोरो नागरिकता रहेको तथा फ्रान्सेली कठपुतली भन्दै विरोध गरियो। उनले सन् २०१४ मै फ्रान्सेली नागरिकता लिएको खुल्यो। अहिले नयाँ सैन्य नेतृत्वले उनको नागरिकता पनि खोसेको छ। राजोएलिना जसरी CAPSAT सेनाको सहयोगमा सत्तामा आएका थिए लगभग १६ वर्षपछि उसै गरी सोही सेनाको हस्तक्षेपमा राष्ट्रपति पदबाट बाहिरन बाध्य भए। उनी फ्रान्सेली सैन्य विमानमा भागेको समाचार छ।

माडागास्करमा एमसिसी सम्झौता

सन् २००५ अप्रिल १५ मा माडागास्कर र अमेरिकाको मिलिनियम च्यालेन्ज कर्पोरेसन (MCC) बिच एमसिसी सम्झौता (Compact) भएको थियो। माडागास्कर एमसिसी सम्झौतामा हस्ताक्षर गर्ने विश्वकै पहिलो देश हो। माडागास्कर र एमसिसीबिच ४ वर्षे अवधिको निम्ति ११० मिलियन अमेरिकी डलरको सम्झौतामा हस्ताक्षर भएको थियो। जसलाई पछि ५ वर्षका लागि थप गरियो। माडागास्करको ग्रामीण जनतालाई निर्वाहमुखी खेती (Subsistence Agriculture) बाट बजारमुखी अर्थतन्त्रतर्फ डोऱ्याएर गरिबी न्यूनीकरण गर्ने र आयआर्जन बढाउने नाममा एमसिसी सम्झौता गरिएको थियो। यसको निम्ति ग्रामीण क्षेत्रका किसानहरूलाई जग्गाको कानुनी अधिकार र लालपुर्जा प्रदान गर्ने, ग्रामीण क्षेत्रमा ऋणको पहुँच पुऱ्याउने र उत्पादन, व्यवस्थापन तथा बजारीकरणका लागि किसानहरूलाई तालिम दिने भनिएको थियो। तर, सन् २००९ मार्चमा सैन्य विद्रोहद्वारा सत्ता परिवर्तन भएपछि ३१ अगस्ट २००९ मा अमेरिकाले माडागास्करसँगको एमसिसी सम्झौता रद्द गऱ्यो। अमेरिकाले प्रजातान्त्रिक प्रणाली उल्लङ्घन गरेर गैरसंवैधानिक तवरबाट सत्ता परिवर्तन भएको भनेर एमसिसी सम्झौता रद्द गरेको थियो।

सन् २०१९ मा भएको निर्वाचनमार्फत एन्ड्री राजोयलिना पुन: राष्ट्रपति चुनिएपछि एमसिसी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा लबिइङ सुरु भएको थियो। तर, सन् २०२५ को जेनजी आन्दोलनपछि पुन: अमेरिका माडागास्करको नयाँ नेतृत्वसँग झस्किएको छ। अहिले एमसिसीका कुनै कार्यक्रम अगाडि बढ्न सकेको छैन।

२०८३ असोज २३ गते

पार्टीको नाउँ समाजवाद राख्दैमा कम्युनिस्ट हुने होइन

कम्युनिस्ट पार्टीहरू परिवर्तनकामी हुन्छन्; परिवर्तनका निम्ति लड्छन्; लड्नका निम्ति जुट्छन्; जुटनका निम्ति वातावरण तयार गर्छन्। यसका लागि उनीहरू सिद्धान्त र विचारलाई जोड दिन्छन्; सिद्धान्त र विचारलाई व्यवहारमा लागू गर्न जनतामाझ पुग्छन्; जनताको दु:ख सुख बुझ्छन्; जनताको समस्या बोकेर आर्थिक आन्दोलन गर्छन्; राजनीतिक आन्दोलन या वैचारिक आन्दोलन गर्छन्। सच्चा कम्युनिस्टहरू हल्लाको राजनीति गर्दैनन्; झूट कुरा फलाक्दैनन्; लोभ लालचमा फसाउँदैनन्; अवसरवादी राजनीतिमा हाम फाल्दैनन्।

राजनीतिमा लाग्दा अनेक चुनौती व्यहोर्नुपर्ने हुन्छ। आइपर्ने चुनौतीको सामना गर्दै अघि बढ्नुपर्ने हुन्छ। चुनौतीबाट पछि हट्ने, छिटो परिवर्तन भएन भनेर निरास हुने, निरासमै डुबेर राजनीतिमा सक्रिय नहुने काम सच्चा कम्युनिस्ट या राजनीतिक कार्यकर्ताले गर्दैनन्। सिद्धान्त र विचारअनुसार राजनीति गरे ढिलो चाँडो जनताको विश्वास हुन्छ। विश्वास प्राप्त सङ्गठित जनशक्तिले नै समाजमा परिवर्तन ल्याउँछ। तर, त्यस्तो परिवर्तन कुनै दलका नेता हतारिएर, सूचना फुकेर हुने होइन।

कति नेताहरू आफू कम्युनिस्ट भएको दाबी गर्छन्। तर, कम्युनिस्टको सिद्धान्त र विचार कहिल्यै प्रचार गर्दैनन्। ती नेताहरूमा कम्युनिस्टको कुनै आचरण देखिँदैन। कम्युनिस्ट भएर कम्युनिस्ट पार्टीको नाउँमा जनताको मत लिएर सरकारमा पुगेर या सरकारको नेतृत्व गरेर श्रमजीवीवर्गको पक्षमा कुन थाहा हुन्छ।

> श्रमजीवी जनताको प्रतिनिधित्व कम्युनिस्ट पार्टीले गर्छ; यसमा शङ्का छैन। कम्युनिस्ट पार्टीको दर्शन मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारा हो। उक्त दर्शन र विचारधारालाई नेपालको माटो सुहाउँदो अघि बढाउने हो। आफ्नो देश, काल र परिस्थितिअनुसार लागू गर्ने हो। यही दर्शन र सिद्धान्तमा टेकेर रुसमा मजदुर क्रान्ति भयो भने चीनमा किसान क्रान्ति भयो। नेपालमा पनि देशको परिस्थितिअनुसार त्यो सिद्धान्त र विचारलाई लागू गर्छ; लागू गर्न कम्युनिस्ट पार्टी लागिपरेको छ। यसबारे राजनीतिक विश्लेषक, बुद्धिजीवी र सञ्चारकर्मीले सही मूल्याङ्कन गर्नुपर्छ। सही मूल्याङ्कन गरेरै कुन दलले कुन वर्गको प्रतिनिधित्व गरेको छ भन्ने कुरा थाहा पाउनुपर्छ र यसैको आधारमा जनता बुझेर राजनीतिमा लाग्नु जाती हुन्छ।

कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारको खिल्ली उडाउने; कम्युनिस्ट दलको विरोध गरेर कहिले पुँजीवादी, कहिले राजतन्त्रवादी त कहिले क्षेत्रीय र सङ्कीर्णवादी दलसँग मिलेर निर्वाचनमा लड्ने, अन्य दलसँग मिलेर पुँजीवादी सरकारमा जाने दल र दलका नेताहरू कसरी सच्चा कम्युनिस्ट हुन्छन्? सरकारले के काम गऱ्यो? रास्वपाले पनि सिद्धान्त र विचारभन्दा हल्ला पिटेर जनताको मत लियो; सरकारको नेतृत्व गऱ्यो। तर, श्रमजीवीवर्गको पक्षमा कुनै काम गरेन; उनीहरूको हितमा कुनै ऐन कानुन बनाएन। यसकारण, युवाहरूको नेतृत्वमा बनेको वर्तमान सरकार पनि श्रमजीवीवर्गको पक्षमा छैन भन्ने कुरा

कम्युनिस्ट पार्टीले पुँजीवादी बाटो आत्मसात गर्दैन; विदेशीहरूको पक्षपोषण गर्दैन। कम्युनिस्टहरू विस्तारवाद र साम्राज्यवादविरोधी हुन्छन्। शक्तिको अहङ्कार देखाएर आफ्नो प्रभुत्व जमाउने, हमला गर्ने कार्यको कम्युनिस्ट पार्टीले सदा विरोध गर्छ। सच्चा कम्युनिस्ट पार्टीले कम्युनिस्टको नाउँमा कम्युनिस्टविरोधी गतिविधि गर्ने, कम्युनिस्टको विचारलाई तोडमोड गर्ने, कम्युनिस्ट पार्टीको आन्दोलन अघि बढ्ला भनी डराउने कम्युनिस्टविरोधी चरित्रको विरोध गर्नुपर्छ; जनतामाझ लगेर उदाङ्ग्याउनुपर्छ। कम्युनिस्टको नाउँमा कम्युनिस्टविरोधी गतिविधि गरेकै कारण नेपालको कम्युनिस्ट पार्टीको बदनाम भएको हो; कम्युनिस्ट पार्टीप्रति जनतामा शङ्का उब्जेको हो। कम्युनिस्टप्रति आस्था राख्ने नेता, कार्यकर्ता, शुभचिन्तकहरू गलत बाटोमा लागेका दलको पछि लाग्ने होइन; अर्को बाटो रोज्ने होइन। बरु, गलत नीति र कार्यको विरोध गर्दै अघि बढ्ने हो; अघि बढ्नुपर्छ।

पार्टीको नाउँ समाजवाद हुँदैमा कुनै दल कम्युनिस्ट हुने होइन। नेपालकै पुँजीवादी पार्टीले पार्टीको उद्देश्यमा समाजवाद झुन्ड्याइएको पाइन्छ। कतिपय मधेसकेन्द्रित क्षेत्रीय पार्टीले पनि जनमत प्राप्त गर्न 'समाजवाद' शब्द राखेको पाइन्छ। जनताको विश्वास लिने, मन जित्ने आधार दलको नामभन्दा दलको सिद्धान्त र विचार हो। सिद्धान्त र उद्देश्यअनुसार काम गरेको छ कि छैन भनी हेर्नुपर्छ। देशका बहुमत जनता राजनीतिक, वैचारिक, सैद्धान्तिक रूपले सचेत र सङ्गठित नभएको हुँदा कति मानिस कसैको लहै लहैमा गएको हुन्छ; कति लोभलालचमा फसेको हुन्छ, कतिले कुनै दलको नेताले बोलेको आकर्षक भाषणको आधारमा निर्वाचनमा मत राखेको हुन्छ। जनता सचेत र सङ्गठित नभएसम्म यो क्षण दोहोरिरहनेछ। प्रत्येक वर्षको निर्वाचनको नतिजामा ठुलो हेरफेर आउनुको कारण पनि सबै जनता राजनीतिक रूपले सचेत नहुनुकै परिणाम हो। विगतमा एमाओवादी ठुलो बन्यो। नेका र एमाले पनि ठुलै दल बने। दलहरूले पालैपालो शासन गरे। अहिले रास्वपा ठुलो दल बन्यो। यसको नेतृत्वमा सरकार छ। वर्तमान सरकारले जनताको विश्वास जित्ला कि नजित्ला त्यो हेर्न बाँकी छ।

रास्वपा पनि श्रमजीवीवर्गको प्रतिनिधित्व गर्ने दल होइन। यो सरकारले श्रमजीवीवर्गको हितमा ऐन कानुन बनाउँदैन। बनाउने उसको उद्देश्य होइन। यसतर्फ श्रमजीवी जनता सचेत हुनुपर्छ। जुन दल या सरकारले श्रमजीवी जनताको प्रतिनिधित्व गर्दैन; त्यो दललाई श्रमजीवीवर्गका जनताले मत दिनु हुँदैन। यो कुरा पनि जनताले थाहा पाउनुपर्छ। अत: जनताले हरेक राजनीतिक दलको उद्देश्य थाहा पाउनुपर्छ; उद्देश्यअनुसार काम गरिरहेको छ कि छैन थाहा पाउनुपर्छ। कुनै दलका नेताले ठुलो ठुलो स्वरमा चिच्याउँदैमा, आकर्षक भाषण गर्दैमा जनताले पत्याउने होइन।

श्रमजीवी जनताको प्रतिनिधित्व कम्युनिस्ट पार्टीले गर्छ; यसमा शङ्का छैन। कम्युनिस्ट पार्टीको दर्शन मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारा हो। उक्त दर्शन र विचारधारालाई नेपालको माटो सुहाउँदो अघि बढाउने हो। आफ्नो देश, काल र परिस्थितिअनुसार लागू गर्ने हो। यही दर्शन र सिद्धान्तमा टेकेर रुसमा मजदुर क्रान्ति भयो भने चीनमा किसान क्रान्ति भयो। नेपालमा पनि देशको परिस्थितिअनुसार त्यो सिद्धान्त र विचारलाई लागू गर्छ; लागू गर्न कम्युनिस्ट पार्टी लागिपरेको छ। यसबारे राजनीतिक विश्लेषक, बुद्धिजीवी र सञ्चारकर्मीले सही मूल्याङ्कन गर्नुपर्छ। सही मूल्याङ्कन गरेरै कुन दलले कुन वर्गको प्रतिनिधित्व गरेको छ भन्ने कुरा थाहा पाउनुपर्छ र यसैको आधारमा जनता बुझेर राजनीतिमा लाग्नु जाती हुन्छ।

सरकारको गलत नीति नै आजको दु:खको कारण विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य, उच्च शिक्षा नि:शुल्क हुनुपर्ने



भक्तपुर । सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित प्रभात इङलिश सेकेन्डरी स्कूलको ४५ औँ स्थापना दिवसको अवसरमा वडा नं. २ र ६ मा अवस्थित अन्तरविद्यालयस्तरीय समूह गायन र समूह नृत्य प्रतियोगिता तथा सांस्कृतिक प्रस्तुति कार्यक्रम असोज २३ गते सम्पन्न भयो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं नेमकिपाका सचिव प्रेम सुवालले बहुदलीय व्यवस्था पुन: स्थापनाको ३५ वर्षयता सरकारमा गएका पार्टी र व्यक्ति परिवर्तन भयो तर नीति परिवर्तन नहुँदा नेपाली जनताले दु:ख पाएको तर्फ उहाँले सचेत गराउँदै विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क भए देशको छिटो विकास हुने धारणा व्यक्त गर्नुभयो ।

अध्यक्ष सुवालले भन्नुभयो, "नयाँ पुस्ता समाजको जगजस्तै भएको हुँदा विद्यालय शिक्षालाई गुणस्तरीय बनाउनु जरुरी छ ।"

भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले देको मिबा इटापाके आवास योजनाको नब्बे प्रतिशत सरोकारवालाको समस्या समाधान भइसकेको छ भने पहिल्यै नै घर बनाएकासहित १० प्रतिशत सरोकारवालाको समस्या समाधानतर्फ आवश्यक छलफल भइरहेको जानकारी दिनुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले भक्तपुर नगरपालिकाले ख्वप अस्पताल र ख्वप कलेजहरू सञ्चालन गरी देशभरिका जनताको सेवा गरिरहेको बताउनुभयो ।

ख्वप अस्पतालका निर्देशक डा. मजेशप्रताप मल्लले स्वास्थ्यको लागि पत्रु खानेकुरा, मद्यपान, धूमपान हानिकारक भएकोले अभिभावकहरूले छोराछोरीको स्वास्थ्यलाई ध्यान दिई पोषणयुक्त र स्वस्थवर्द्धक खानपिनमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

प्रतियोगितार्फ समूह गायन र नृत्य प्रतियोगिताको जुनियर गायनमा प्रथम प्रभात इङलिश सेकेन्डरी स्कूल, द्वितीय हिमालय ग्लोरी इङलिश सेकेन्डरी स्कूल र तृतीयमा प्रभात इङलिश सेकेन्डरी स्कूल भयो भने सिनियर गायनमा प्रथम प्रभात इङलिश सेकेन्डरी स्कूल, द्वितीय एभरेस्ट इङलिश सेकेन्डरी स्कूल र तृतीयमा बासु मा.वि भयो ।

त्यस्तै जुनियर नृत्यमा प्रथम जेसिस इङलिश सेकेन्डरी स्कूल, द्वितीय सामुदायिक इङलिश सेकेन्डरी स्कूल र तृतीय प्रभात इङलिश सेकेन्डरी स्कूल भयो भने सिनियर नृत्यमा प्रथम प्रथम प्रभात इङलिश सेकेन्डरी स्कूल, द्वितीय जेसिस इङलिश सेकेन्डरी स्कूल र तृतीयमा बासु मावि भयो ।

प्रतियोगिताको निर्णायक मण्डलको जिम्मेवारी वरिष्ठ गायक सरस्वती मानन्धर, सङ्गीतकार एवं गायक राजकुमार मानन्धर र सङ्गीतकार रवि कपालीले निर्वाह गर्नुभएको यिथो ।

सहभागी, विजयी विद्यालय र विद्यार्थीलाई मादल, बाँसुरी, तँ उपहार दिइएको थियो ।

विद्यालयका टेबुलटेनिस खेलाडी उरवी सुवाल थाइलैन्डको युवा प्रतियोगितामा सहभागी भएकोमा प्रमाणपत्र दिइएको थियो ।

नगरको विकासका लागि नागरिकहरूको सक्रिय सहभागिता महत्त्वपूर्ण

भक्तपुर । थालाछेँ बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २८ औँ वार्षिक साधारणसभा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईको प्रमुख आतिथ्यमा आइतबार सम्पन्न भयो ।

कार्यक्रममा केन्द्रीय सदस्य गोसाईले समाजका ज्येष्ठ नागरिकहरू इतिहासका धरोहर र समाज विकासका महत्त्वपूर्ण आधार भएको बताउनुभयो । उहाँले ज्येष्ठ नागरिकहरूको योगदानको सम्मान गर्नु आवश्यक रहेको उल्लेख गर्दै पुरानो पुस्ताबाट नयाँ पुस्तामा ज्ञान, अनुभव र संस्कार हस्तान्तरण हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भक्तपुरको विकासमा स्थानीय जनताको उल्लेखनीय योगदान रहेको चर्चा गर्दै नगरको विकासका लागि नागरिकहरूको सक्रिय सहभागिता महत्त्वपूर्ण हुने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले भक्तपुर नगरवासीलाई स्वास्थ्य सुविधामा सहजीकरण गर्न ख्वप अस्पतालको स्थापना तथा सञ्चालनसँगै वडा-वडामा स्वास्थ्य चौकी निर्माण गरी सञ्चालन गरिरहेको बताउनुभयो ।

उहाँले नगरवासीलाई सीपयुक्त बनाउन विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको हुँदा सम्पूर्ण नगरवासीले लाभ लिनुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्था लि.का राजकुमार लघुले सहकारीसम्बन्धी विभिन्न नियम, निर्देशनहरूले सहकारीलाई नियमनभन्दा बढी नियन्त्रण गरिरहेका छन्, जसले सहकारीको विकासमा बाधा गरिरहेको बताउनुभयो ।

संस्थाका अध्यक्ष रामकृष्ण सागाछेँको सभापतित्वमा भएको कार्यक्रममा ७० वर्ष नाघेका ज्येष्ठ शेयर सदस्यहरूलाई सम्मान, असल बचतकर्ता तथा असल ऋणी, २०८२ सालको एसईई परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई बधाई तथा सम्मान गरिएको थियो ।

साधारणसभामा सचिवबाट प्रस्तुत आव २०८२/०८३ को प्रगति प्रतिवेदन, कोषाध्यक्षबाट प्रस्तुत आर्थिक प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत प्रतिवेदन तथा लेखापरीक्षकको लेखा प्रतिवेदनमाथि छलफल गरिएको थियो । साथै, आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तावित नीति तथा कार्यक्रम र अनुमानित बजेट पारित गरिएको थियो ।

कार्यक्रममा कृष्णबेटी पहिजू, विश्वराम दुमरु, राधिका जती, कृष्णभक्त गैडा, श्रीया पहिजूले पनि बोल्नुभएको थियो ।

चामुण्डा बिन्द्रासैनीमा नेमकिपा र नेक्राविसङ्घको संयुक्त भेला

दैलेख । नेपाल मजदुर किसान पार्टी र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको संयुक्त वडा भेला चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. ५ स्थित लेखडाँडामा शनिबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टी वडा नं. ५ वडा समितिका अध्यक्ष तेजबहादुर कार्कीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रशिक्षण दिँदै नेमकिपाका केन्द्रीय सदस्य केशेन्द्र कार्कीले सचेत र सङ्गठित कार्यकर्ता बन्न अध्ययनमा जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सचेत जनताको सक्रियतामा हुने आन्दोलनले मात्र समाज परिवर्तन गर्नसक्ने उल्लेख गर्दै उहाँले वर्गीय पहिचान गरी वर्गीय आन्दोलनलाई सफल नबनाएसम्म गरिब जनताले दु:ख पाइरहने बताउनुभयो । गलत काम गर्नेहरू समाजमा उदाङ्गिदै जाने उहाँको भनाइ थियो ।

नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाहीले विश्वका हरेक क्रान्तिमा विद्यार्थीहरूको महत्त्वपूर्ण भूमिका रहेको चर्चा गर्नुभयो । तल्लो वर्गका जनता सचेत र सङ्गठित नभएसम्म पुँजीपतिवर्गको शासन कायम रहिरहने उहाँले बताउनुभयो ।

प्राध्यापक समाजका नगेन्द्र कार्कीले विद्यार्थीहरू अनुशासित र लगनशील हुनुपर्ने आवश्यकता औँल्याउँदै आजका विद्यार्थी नै भोलिका राजनीतिकर्मी भएको बताउनुभयो ।

कार्यक्रममा नेक्राविसङ्घका खेम कार्की, नेक्रामसङ्घका जैसरा कार्की (बिष्ट), विद्यार्थी विवेक कार्की, दीपिका कार्की, महेन्द्र थापा, निशा विक र मेनेका कार्कीले पनि बोल्नुभएको थियो ।

नेक्राशिसङ्घद्वारा शुभकामना आदानप्रदान

भक्तपुर, २६ असोज । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति भक्तपुरको आयोजनामा बडा दसैँ, दीपावली (तिहार) र छठ पर्व २०८३ को उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो । वागीश्वरी कलेजको सभा हलमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले शुभकामना दिँदै देशको राजनीतिक अवस्था अत्यन्त तरल अवस्थामा रहेको हुँदा बौद्धिकवर्ग शिक्षकहरूले नयाँ पुस्ताका विद्यार्थीहरूलाई सचेत पार्नुपर्नेमा जोड दिनुभयो ।

साम्राज्यवादी देश सं.रा. अमेरिकाले संसारका विभिन्न देशहरूमा जस्तै नेपालमा पनि विभिन्न आइएनजीओमार्फत समानान्तर सरकार चलाइरहेको उल्लेख गर्दै उहाँले गत वर्ष भदौ २३-२४ को आगजनीमार्फत सत्ता उलटपुलत त्यसैको परिणाम भएको प्रस्ट पार्नुभयो । त्यसबेला सत्ताको नेतृत्वमा रहेका एमाले अध्यक्ष के.पी. ओलीले सेनालाई राजीनामा बुझाई भाग्नु हुने थिएन भन्दै उहाँले जेनजीको आगजनीविरुद्ध संसद् वा सर्वदलीय बैठक बोलाई देशको गम्भीर अवस्थाबारे जनतालाई सूचित गर्नुपर्ने थियो तर उहाँ आफू जोगिएर भाग्नु वा लुक्नु प्रतिकूल परिस्थितिको अगाडि झुक्नु प्रधानमन्त्री पदको लागि सुहाउँदैनथ्यो भन्नुभयो ।

प्रजातन्त्रको लागि प्राणाहुती गर्ने सहिदहरूको सालिकमा माल्यार्पण गरी सत्ता आरोहण गरेका प्रधानमन्त्रीले देश सङ्कटमा परेको बेला सहिदको भावनाविपरीत आत्मरक्षामा लाग्नु उचित नभएको बताउँदै उहाँले अहिले उही ओलीले जनतालाई अनेक दोष दिँदै हिँड्नु ठीक होइन भन्नुभयो ।

कार्यक्रममा नेक्राशि सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले नयाँ थिति बसाल्ने सङ्कल्पसहित सत्तामा आएको रास्वपा सरकारले समाजमा अनेक बेथितिहरू बसाल्न खोजेको बताउनुभयो । शिक्षा नियमावलीको दसौँ संशोधनले विद्यार्थीलाई उच्छृङ्खल बनाउन सक्ने हुँदा शिक्षकहरू सचेत हुन आग्रह गर्दै उहाँले विगतका सरकारहरूझैँ यो सरकारले पनि शिक्षालाई उपेक्षा गरेको प्रस्ट पार्नुभयो । उहाँले भन्नुभयो, "सरकारले शिक्षकलाई दसैँ पेस्की पनि पुग्दो निकासा गरेको छैन । ईसीडी तहमा सहजकर्ताको सट्टा प्रावि तृतीय शिक्षक नियुक्ति गरेको छैन । नयाँ शिक्षा ऐनको चर्चा छ; शिक्षक सङ्घले दिएको सुझाव सम्बोधन गर्नुपर्छ ।"

आयोजक समितिका अध्यक्ष गणेशराम थुसाको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपाध्यक्ष घनश्याम खड्का, सदस्यहरू के.पी. छुस्याकी र हरिप्रसाद ढकाललगायतका शिक्षकहरूले साहित्यसहितको शुभकामना दिनुभएको थियो । कार्यक्रममा सचिव राजन लाखाले पनि बोल्नुभएको थियो ।

शिक्षकहरूले गरे शुभकामना आदानप्रदानसँगै अध्ययन गोष्ठी

भक्तपुर । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, सूर्यविनायक नगर समितिको आयोजनामा दसैँ शुभकामना आदानप्रदान कार्यक्रमसँगै अध्ययन गोष्ठी भयो ।

उक्त कार्यक्रममा नेक्राशिसङ्घ, भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले जुनसुकै विषयको अध्ययन गर्दा आलोचनात्मक तरिकाले सोच्नुपर्ने र वैज्ञानिक तथा तथ्यगत आधारमा विश्लेषण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "हामीले अध्ययन गर्दा जहिल्यै पनि आलोचनात्मक आधारमा गर्नुपर्छ । रामायण, महाभारत होस् वा अन्य जुनसुकै कृति नै किन नहोस् त्यसलाई धार्मिकभन्दा पनि समाज, राजनीति, संस्कृति आदिसँग तुलना गरेर अध्ययन गर्यौँ भने पुस्तकको तथ्य र मर्म बुझ्न सजिलो हुन्छ र सही कुरा बुझ्न र बुझाउन सहयोग हुने गरी पुस्तकको तथ्यगत र वैज्ञानिक आधारमा विश्लेषण गर्नुपर्छ ।"

नेक्राशिसङ्घ सूर्यविनायक नगर समितिका पूर्वअध्यक्ष के.पी. छुस्याकीले पुस्तक अध्ययन गर्नको लागि प्रेरणाले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कुरा व्यक्त गर्नुभयो । समितिका सदस्य हरिप्रसाद ढकालले पुस्तक अध्ययन गर्ने क्रममा नयाँ जिज्ञासा राखेर अध्ययन गर्नमा जोड दिनुभयो । उहाँले एउटा पुस्तकले दिन नसकेको उत्तर अर्को पुस्तकले दिने भएकोले थप पुस्तक पढ्न प्रेरणा मिल्ने भएकोले आलोचनात्मक ढङ्गबाट पुस्तक पढ्नुपर्ने धारणा राख्नुभयो ।

समितिका अध्यक्ष सुरेश बखुन्छेँको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा दसैँ, तिहार वा चाडपर्वको आफ्नै सामाजिक, सांस्कृतिक, राजनीतिक आर्थिक परिवेश हुने र त्यसलाई समाजसँग जोडेर हेर्नका लागि पनि पुस्तक अध्ययन गर्नुपर्नेमा जोड दिइएको थियो । कार्यक्रममा राजेश छुकांलगायतका सदस्यहरूले शिक्षकहरूले पढेर विद्यार्थीहरूलाई पढाउन र कस्ता पुस्तक पढ्दा राम्रो हुन्छ भन्ने ज्ञान दिन पनि पुस्तक अध्ययन गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

शैक्षिक जनशक्तिको उचित व्यवस्थापन भए संस्थाको प्रगति हुने

भक्तपुर । आदर्श आजाद माध्यमिक विद्यालय, भनपा-५ परदेशी भीमसेन स्थानमा बिहानी सत्रमा कार्यरत शिक्षक कर्मचारीहरूबिच विजया दसैँ २०८३ को अवसरमा सोमबार शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले भन्नुभयो, "संस्कृति भनेको नाचगान, बाजागाजा मात्र होइन व्यवहार हो, मानिसका भौतिक र अभौतिक क्रियाकलापहरू सबै संस्कृति हुन्, धर्म र देवताको आविष्कार मानिसले नै गरेका हुन् ।"

उहाँले भन्नुभयो, "कृषि गर्न सिकेको कार्यसँग जमरा उमार्ने विषय सम्बन्धित छ । उत्पादन प्रक्रियामा कृषि र पशुपन्छी पालन (व्यवसाय) एक अर्कासँग सम्बन्धित छन् । दसैँ धर्मसँग मात्र सम्बन्धित नभई प्रगतिशील र वैज्ञानिक कार्यसँग पनि सम्बन्धित छ ।"

"विद्यालयको विकास भनेको भौतिक सम्पन्नता मात्र होइन, उपलब्ध स्रोत साधनको उपयुक्त प्रयोग र व्यवस्थापन हो । शैक्षिक संस्थाहरूमा जनशक्ति व्यवस्थापन राम्रोसँग गर्न सकियो भने संस्थाको प्रगति हुन्छ । व्यक्तिगत स्वार्थभन्दा संस्थाको हितलाई प्राथमिकता दिई सबैले काम गर्नुपर्छ," उहाँले भन्नुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य राजेन्द्र चवालले भन्नुभयो, "विद्यालयको प्रगति शिक्षक, विद्यार्थी र अभिभावकहरूको हातमा रहेको हुन्छ । अनुशासित भएर सबैले आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गरियो भने परीक्षाफल राम्रो हुने मात्र होइन नयाँ पुस्ता योग्य, सक्षम र सीपवान् हुन्छ । आदर्श आजादमा अरुको भन्दा कुनै न कुनै विषयमा राम्रो गर्न सकेमा विद्यार्थी र अभिभावकको आकर्षण हुन्छ ।"

उहाँले भन्नुभयो, "मानिसहरूको आस्था, परम्परा र संस्कृति फरक-फरक विषय हुन् । संस्कृति आर्थिक र सामाजिक अवस्थाले निर्धारण गर्दछ । सामन्तवादी व्यवस्था र पुँजीवादी व्यवस्थामा संस्कृति फरक-फरक हुन्छ । संस्कृतिअनुसार चाडपर्वहरू मनाइन्छ ।"

कार्यक्रममा पूर्व प्र.अ. चक्रबहादुर चाकतुले दसैँलाई सामाजिक एकता र सद्भावको प्रक्रियाको रूपमा मनाउँदै लामो बिदाको समयमा विभिन्न पुस्तकहरू अध्ययन गर्नुपर्ने र आफ्ना अनुभवको आधारमा लेख-रचना तयार गर्नुपर्ने बताउनुभयो ।

विद्यालयका प्राचार्य सुभद्रा दुवालको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा कक्षा ११-१२ का इन्चार्ज शिवराम बोहजुले लामो बिदामा सामाजिक कार्यमा लाग्न सकिने बताउनुभयो ।

कार्यक्रममा सहभागी भएका सबै शिक्षक कर्मचारीहरूले शुभकामना मन्तव्य राख्नुभएको थियो । शिक्षक कृष्णश्वरी फाँजूले 'दसैँ' शीर्षकको कविता रचना गरी वाचन गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन पुण्यश्वरी सुलुले गर्नुभएको थियो ।

सेवाकालीन तालिमका प्रशिक्षार्थीहरूद्वारा भक्तपुरको शैक्षिक क्षेत्रको अध्ययन भ्रमण



भक्तपुर । प्रदेश सुशासन केन्द्रमा सञ्चालित ३५ कार्यदिने सेवाकालीन तालिमका प्रशिक्षार्थी अधिकृतहरू असोज २२ गते भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भेटी नगरपालिकाले सञ्चालन गर्दै आएको शैक्षिक कार्यक्रम, शैक्षिक संस्थाको व्यवस्थापन, लगानी, छात्रवृत्ति, गुणस्तर अभिवृद्धि तथा स्थानीय पाठ्यक्रम, शैक्षिक संस्थाको अनुगमन समिति, अनुगमनको प्रभावकारितालगायतका विषयमा जानकारी लिएका थिए ।

अध्ययन भ्रमणको क्रममा नगरपालिकाको शिक्षा क्षेत्रमा गरिएको बजेट विनियोजन तथा लगानी, कलेज व्यवस्थापन समितिको भूमिका र कार्यसम्पादन, कलेज सञ्चालनबाट प्राप्त उपलब्धि तथा विद्यमान चुनौतीबारे प्रशिक्षार्थीहरूले जानकारी लिएका थिए ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले नगरभित्रका संस्थागत तथा सामुदायिक विद्यालयमा विभेद नहुने गरी शैक्षिक व्यवस्थापन गर्दै आएको जानकारी गराउँदै नगरपालिकाद्वारा सञ्चालित विभिन्न शैक्षिक संस्थाहरूमा देशभरका विद्यार्थी अध्ययनरत रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको पूर्ण स्वामित्वमा सञ्चालित खप इन्जिनियरिङ कलेज र खप कलेज अफ इन्जिनियरिङले प्राविधिक शिक्षाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको बताउँदै नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थामार्फत गुणस्तरीय तथा पहुँचयोग्य उच्च शिक्षा उपलब्ध गराउने प्रयास गरिरहेको बताउनुभयो ।

नगरपालिकाले आर्थिक रूपमा विपन्न विद्यार्थीलाई शिक्षाबाट वञ्चित हुन नदिन छात्रवृत्ति तथा शैक्षिक ऋणको व्यवस्था गर्दै आएको बताउँदै नगरपालिकाबाट विभिन्न कलेजमा अध्ययनरत विद्यार्थीका लागि वार्षिक करिब ४ करोड ५० लाख रुपैयाँ बराबरको छात्रवृत्ति उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो ।

नगरपालिकाद्वारा सञ्चालित खप कलेज अफ इन्जिनियरिङले विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्यु.ए.ए.) प्राप्त गरिसकेको र केही कलेजहरू प्रक्रियामा रहेको बताउँदै नगरपालिकाले खप विश्वविद्यालय सञ्चालन गर्ने लक्ष्यसमेत रहेको जानकारी गराउनुभयो ।

भक्तपुर नगरपालिकाले युवा विद्यार्थी लक्षित भाषा तथा सीपमूलक तालिमहरू सञ्चालन गर्दै आएको बताउँदै उहाँले शिक्षा केवल औपचारिक डिग्री प्राप्त गर्ने माध्यम नभई जीवन र समाज रूपान्तरणको आधार हो भन्ने मान्यताका साथ नगरपालिकाले विभिन्न शैक्षिक तथा सीप विकासका कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

स्थानीय आवश्यकताअनुसारको शिक्षा प्रदान गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको बताउँदै उहाँले नेपालमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने अग्रणी स्थानीय तहमध्ये भक्तपुर नगरपालिका रहेको जानकारी गराउनुभयो ।

अध्ययन भ्रमणको क्रममा प्रशिक्षार्थीहरूले नगरपालिकाअन्तर्गतका शिशु स्याहार केन्द्र, जनज्योति पुस्तकालय, नगरपालिकाको स्वामित्वमा सञ्चालित कलेज तथा सामुदायिक विद्यालयलगायत विभिन्न शैक्षिक संस्थाको स्थलगत अवलोकन गरेका थिए ।

अध्ययन भ्रमणमा पनौती नगरपालिका, काभ्रेपलाञ्चोकका वरिष्ठ शाखा अधिकृत शिवराम अधिकारी, कागेश्वरी मनोहरा नपा, डाँछी काठमाडौंका वरिष्ठ इन्जिनियर नवीन पाण्डे, चन्द्रागिरी नपा, बलम्बुका इन्जिनियर पारस थापा र किस्पाङ गाउँपालिका काहुले नुवाकोटका वरिष्ठ लेखा अधिकृत ऋषि अधिकारीको सहभागिता थियो ।

नेमकिपा...

व्यक्तिलाई निर्दयी, लोभी र स्वार्थी बनाउने चर्चा गर्दै समाजवादमा मानिसलाई मानिसको सहयोगी बन्न प्रेरित गर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बखतबहादुर थापाले नेपाललाई आफ्नो बजार मात्र बनाउन खोजेको र नेपालको सीमा अतिक्रमण गरिरहेकोले भारतीय विस्तारवादविरुद्ध सङ्घर्ष आवश्यक छ भन्नुभयो ।

नेमकिपा दैलेखका जिल्ला अध्यक्ष खगेन्द्रबहादुर शाहीको सभापतित्वमा सम्पन्न प्रशिक्षण कार्यक्रममा समूह छलफलपछि चामुन्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाही र आठबीस नगर समिति सचिव नवीन सिजापतिले आ-आफ्नो क्षेत्रमा सङ्गठन विस्तारको कार्ययोजना प्रस्तुत गर्नुभयो ।

नमुनालायक...

बताउनुभयो । ती अधिकृतहरूको भनाइ उद्धृत गर्दै उहाँले भन्नुभयो, "तपाईंहरूले संस्थागत विकास गर्नुभएको रहेछ; जहाँ जाँदा पनि एउटै सोच एउटै प्रवृत्ति र समर्पित भावना हामीले पायौं ।"

यस्तो प्रतिक्रिया एक दुई जनाको मेहनतको फल नभई हामी सबैको साझा प्रयासको प्रतिफल हो भन्दै प्रमुख प्रजापतिले शिक्षक र विद्यार्थीहरूको अनुशासन र देशभक्ति भावना जगाउन नसके भोलि हाम्रो परिश्रम खेर जान सक्नेतर्फ हामी उत्तिकै सचेत हुन आवश्यक छ भन्नुभयो ।

भक्तपुरमा कोही फोहोर व्यवस्थापन मात्र अध्ययन गर्न आउँछन् भने कोही स्वास्थ्य सेवाको क्षेत्र मात्र अध्ययन गर्न आउँछन् भन्दै उहाँले ती अवलोकन गर्न आउनेहरूबाट हामी हाम्रा कमी कमजोरी पनि थाहा पाउँछौं; हामी उहाँहरूको आलोचनाबाट पाठ सिक्छौं तर अहिलेको जेनजी सरकार कसैको आलोचना सुन्न तयार छैन बरु सरकार संसद्प्रति समेत उत्तरदायी नभई आफूखुसी हिँड्न लागेको छ, यो प्रजातन्त्रको लागि खतरा छ भन्नुभयो ।

शिक्षक कर्मचारीहरूलाई सरकारले राजनीति गर्न नपाइने भन्दै दिएको चेतावनीको चर्चा गर्दै विगतमा राणा, पञ्च, काङ्ग्रेस, एमालेको सरकारले पनि शिक्षक कर्मचारीलाई राजनीति गर्न रोक लगाएका थिए; त्यसैले यो सरकार पनि पुरानाकै सिलसिला हो भन्दै उहाँले देश र जनताको नि:स्वार्थ सेवा गर्ने देशभक्तिपूर्ण राजनीतिलाई कसैले छेक्न नसक्ने ठोकुवा गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखले वर्तमान डिजिटल युगमा नयाँ पुस्ता अभ्यस्त भएको चर्चा गर्दै नयाँ पुस्ताका धेरै युवाहरू बैङ्किङ कसुरमा फसेको उदाहरण दिनुभयो । १८-१९ वर्षका युवाहरूकै हातमा करोडौंको लेनदेन कतिको विश्वसनीय हुने हो भन्दै उहाँले सचेत नहुँदा जिन्दगीभर दु:ख गरी कमाएको सम्पत्ति क्षणभरमा नै समाप्त हुनसक्ने वा अनावश्यक झन्झटमा फस्न सक्ने हुँदा बडो चनाखो हुन उहाँले आग्रह गर्नुभयो ।

कलेजका संयोजक ज्ञानसागर प्रजापतिले चाडपर्वमा मितव्ययिता अपनाउन, मद्यपानमा नियन्त्रित हुन र जुवातासमा कोही नफस्न आग्रहसहित शुभकामना दिनुभयो । सभापति कलेज अफ म्यानेज्मेन्टका प्राचार्य कृष्णप्रसाद धन्छा, कलेज प्राचार्य धनकुमार श्रेष्ठ, सहायक प्रअ उकेश सुवाल र कलेजका मानविकी इन्चार्ज राजन फेलुले पनि शुभकामना मन्तव्य दिनुभएको थियो ।

राजनीतिमा...

नेपाली जनताले राजनीतिमा उमेरभन्दा विचार मुख्य हुने विषय बुझ्नु जरुरी छ । राजनीतिमा आर्थिक र विदेश मामिला भिन्न नभएकाहरू अलग अलग पार्टी बनाएर पालैपालो सरकारमा पुग्नुको अर्थ हुँदैन । तर, पैंतीस वर्षयता नेपालमा यस्तै भइरहेको छ । अहिले सरकारमा रहेको रास्वपाका अधिकांश सांसदहरू नेका, एमाले, तत्कालीन माओवादीलगायत शासक दलहरू त्यागेकाहरू हुन् । यसबारे थापाले बोले, "रास्वपाका ४० सांसद नेकाबाट तालिम प्राप्त हुन् ।" नेकाबाट तालिम प्राप्तहरूले रास्वपाको विचार कसरी कार्यान्वयन गर्छन् ? यो प्रश्न उठ्नु स्वाभाविक हो ।

रास्वपामा एमाले, तत्कालीन माओवादी, राप्रपा र मधेसवादी दल त्यागेर पनि सांसद बनेका छन् । यसले रास्वपा एउटा निश्चित विचार बोकेकाहरूको नभएको बरु खिचडी भएको पुष्टि हुन्छ । राजनीतिक दल एउटै विचार बोकेकाहरूको अनुशासित संस्था हुनुपर्ने हो । रास्वपाले आफूले प्रशिक्षित नगरेकाहरूलाई सांसद र मन्त्री बनाउनु रास्वपा नेतृत्वको कच्चा निर्णय हो । कुनै पनि राजनीतिक दल र तिनका नेता २-४ वर्षमा परिपक्व नहुने यतिखेर रास्वपाभित्र लागू भइरहेको छ । कोही सहकारी ठगीमा परेका, कोही सिंहदरबार जलाउँछौं भनेका, कोही देशभरिभ्रैं आगजनी गरेपछि हामी जित्यौं भनेका, कोही अब सेनासँग वार्ता गर्नू भनेका रास्वपा नेतृत्वबाट देश र जनताको सेवा हुने अपेक्षा कसरी गर्न सकिएला ? संरा अमेरिकाको खोज पत्रकार किट क्लारेन वर्गले 'दि ग्रेजोन' सञ्चार माध्यममा रास्वपाका कतिपय नेताहरूलाई अमेरिकी केन्द्रीय गुप्तचर संस्था सीआईएअन्तर्गत नेड, आइआरआई, सीईपीपीएस, एनडीआईमार्फत करोडौं डलर पठाउँदै तालिम दिएको सार्वजनिक भइसकेको छ । के रास्वपाबाट नेपाली जनता सचेत हुनु जरुरी छैन ?

सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/ नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

एकक्षण | **प्रधान**

शासक दलहरूको महाधिवेशन, बैठक र नेपालका राजनीतिक दलहरूको बेहाल !

लेनिनले क्रान्तिबारे भन्नुभएको थियो, "जनता जब चलिरहेको शासनमा बस्न रुचाउँदैनन् र सरकारले जनतालाई जब शासन गर्न सक्दैन त्यसबेला क्रान्ति हुन्छ ।" जापानविरोधी चीनको देशभक्तिपूर्ण सङ्घर्षको बेला बम्बईबाट निस्कने 'रिपोर्टर' का पत्रकारले भारतीय समाजवादी क्रान्तिको विषयमा प्रश्न गर्दा चिनियाँ अमुक नेताले भन्नुभएको थियो, "तथ्य-तथ्याङ्कले बताएअनुसार भारतमा समाजवादको लोकमत तत्काल उथलपुथल गर्ने खालको देखिन्न ।"

२०८२ सालको भदौ २३-२४ को आगलागी र विध्वंसलाई नयाँ पुस्ता भन्नेहरूले नै 'आन्दोलन' मा घुसपैठीयाहरूले अपहरण गरेको बताएका थिए । केही समयपछि नेपाली सेनाकै रेखदेखमा संरा अमेरिकी गुप्तचर विभाग र भारतीय पक्ष मिलेर गरेको प्रस्टियो । तर, त्यसबेला नेपालमा जनवादी क्रान्तिको धाक लगाउने नेकपा (एमाले) कै ओली सरकार थियो । जसरी अफगानिस्तानमा अमेरिकी साम्राज्यवादले सोभियत सङ्घलाई भियतनामको बदला लिन काबुलमा साऱ्है कमजोर र नक्क्ली कम्युनिस्ट पार्टीलाई सत्तामा ल्याएको थियो ।

नेपाली काङ्ग्रेस नेपालको पुरानो पार्टीमध्ये एक हो । तर, राणा शासनको विरोधमा त्यो भन्दा पुरानो पार्टी प्रजापरिषद्ले धेरै योगदान गरेको थियो । २०१२-२०१३ र २०१४ सालमा प्रजापरिषद्बाट टङ्कप्रसाद आचार्य प्रधानमन्त्री पनि भए । राणा शासनलाई फाल्ने उद्देश्यले स्थापना भएको प्रजापरिषद् पछि पार्टी संस्थापकहरूसँगै त्यस पार्टीको अस्तित्व पनि समयसँगै समाप्त भयो ।

नेपाली काङ्ग्रेसको तत्कालीन सभापति बीपी कोइरालाले समाजवादको स्थापनालाई आफ्नो टाढाको उद्देश्य बताएका थिए । भर्खर नेकाको १५ औं महाधिवेशनको आर्थिक प्रतिवेदनमा भनिएको छ - 'पार्टीबाट सुविधा लिन्छन्, सहयोग गर्दैनन्, सदस्यहरूले नियमित लेबी तिर्दैनन्, जबसम्म लेबी सङ्कलन गर्न सकिँदैन र क्राउड फन्ड उठाइँदैन, तबसम्म पार्टीको आर्थिक पक्ष सबल बन्दैन ।" (नयाँ पत्रिका, २४ असोज २०८३) अर्कोतिर, शेरबहादुर पक्षको अर्कै खिचडी पाक्दै होला भनी अडकल काटिँदै छ ।

नेपाली काङ्ग्रेसका पुरानै बुद्धिजीवी र कार्यकर्ताको मत छ - "समाजवादको चर्चा र आदर्शहरूको स्मरणमा काङ्ग्रेस नेताहरूको कुनै चासो र अभिरुचि देखिएको छैन । सत्ताको चरित्र फेरिनुपर्छ भन्ने अनुभूतिसम्म पनि छैन काङ्ग्रेसमा ।" (कान्तिपुर, २५ असोज २०८३)

संसद्मा सबभन्दा ठुलो दल नभए पनि काङ्ग्रेसको लौरो टेकेर बहुमत साबित गरी सरकारमा जाने एमालेका ओली प्रधानमन्त्रीले सरकार चलाउन नजानेर वा नसकेर राजीनामा दिन बाध्य भए । तैपनि, असफल नेतृत्वले जात, भाषा, क्षेत्र, धर्म र पैसाको भरमा सरकार र पार्टी चलाउने बानी परेकाहरूमध्ये - एक संसद्मा, दोस्रो ठुलो दलमा 'मनोमानी रोक्न ओलीलाई चुनौती, स्थायी समिति बैठकमा रस्साकस्सी ।' देखिएको छ ।

×××

राप्रपा र अन्य सरकारमा एक-दुई पटक वा बारम्बार गइरहने शासक दलहरूलाई २०८२ भदौ २३-२४ को घटना 'बिजुली चम्कने' सरहका थिए । तिनीहरूले मनमनै भनेका होलान् - "हामी कहाँ भिडन्तमा जाने ? सरकारमा गएका दलहरू पो जाने हो ! साधारण मन्त्रीका भाग खानेहरू किन विरोधमा जाने, बरु कार्यकर्ताहरूले एकले अर्को दलको कार्यालयका साइनबोर्ड र अलि अलि मेच-टेबुल जलाएर विरोध जनाइसके !"

तर, 'नयाँ पुस्ता' भनिने सरकारले ती विचराहरूलाई माया गर्न नजानेको बताएर कटाक्ष गरेको थियो । तर, हिजो जस्तोसुकै सरकारबाट पनि फाइदा लिएका कर्मचारीहरू भने अलि सचेत भएका छन्, चमेराहरू सबैतिर ठिक्कै छन् !

'राणा कालमा विश्व निकेतनजस्ता विद्यालयहरूले सैनिक शासनको विरोधमा सङ्घर्ष गरेका थिए, प्रजातन्त्रको पुन:स्थापनापछि राजनीतिमा आस्था राख्नेहरूले निजी विद्यालयहरू स्थापना गरेर देशको सेवा गर्ने भन्थे, आज ती नै निजी विद्यालयका सञ्चालकहरूले आ-आफ्नै स्वार्थ हेरेर राजनीतिलाई उपयोग गरी शोषण गरे भन्छन् । तर, ती वर्गीयरूपले 'घ्यु के मा पोख्यो डालैमा' भनेजस्तै स्थानीयमा नदिई केन्द्रमा पुऱ्याएर आफू फेरि साखुल्ले भएको बताउँछन् । व्यापार र सेवा उद्योगमा पनि आफ्नै त फाइदा उठाउँछन् !? मुख्य कुरा त देश कता जाने हो भन्नेमा चिन्ता लिनुपर्ने हो ।

गरिब देशलाई नचुसी कुन साम्राज्यवादी देश सम्पन्न भएको थियो ? त्यस्तै रसुवाको भोटे कोसीको प्रकोप वा राजमार्गको निर्माण होस् वा 'स्तरोन्नति' गर्ने मद्दतको नाममा एसियाली विकास बैङ्कले 'अर्बौं रुपैयाँ' लगानी गऱ्यो भने त्यो रकमको 'डलरमा' ब्याज लैजान्छ । 'नारायणगढ-हेटौंडा र कर्णाली राजमार्ग' को पनि ४७ अर्बको ब्याज नेपालले ४ खर्ब डलर तिर्नुपर्ने सम्भावना छ । अहिलेका देशको अर्थमन्त्री नै हिजो एसियाली विकास बैङ्कका कर्मचारी हुन् ! (राजधानी, २६ असोज २०८३) त्यस्तै 'घाटा किसान, फाइदामा बिचौलिया, उपभोक्ता महँगीमा' शीर्षकले शोषक कहाँ छ भन्ने प्रस्ट पार्छ । (कान्तिपुर, २६ असोज २०८३) नेपालमा मात्र हो र छिमेकी भारतमा समेत वर्षको लाखौं किसानहरूको आत्महत्या बिचौलियाहरूकै कारण हुन्छ ।

नेपालभाषा...

यही कार्तिक ५ गते दिउँसो २ बजे त:मुंज्या आयोजना स्थल याता, गोमारीबाट सुरु हुने सुकुन्दा ज्यालीमा सहभागी हुन तथा त:मुंज्याको प्रचारप्रसार र सफलताको शुभकामना व्यक्त गर्न उहाँले दिदीबहिनी तथा दाजुभाइलाई हार्दिक अनुरोध गर्नुभयो ।

कार्तिक ६ र ७ गते बिहान ११ बजेदेखि हुने ४६ औं नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक ब्वज्यामा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीलाई सक्रिय सहभागिताका लागि उहाँले हार्दिक अपिल गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि सुनिल प्रजापतिले बाँसुरीबाजा खल: तथा नृत्य प्रस्तुत गर्ने सङ्घसंस्थाहरूलाई धन्यवादपत्र प्रदान गर्नुभएको थियो । कार्यक्रममा सुजी हेंगजु, रामप्रसाद ग्वाछा, सुरेश कवां र राजाराम बासीले पनि बोल्नुभएको थियो ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३